# ‘आँखामा हिजोको इतिहास’ कवितासङ्ग्रहको विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत द्रव्यशाह बहुमुखी क्याम्पस, नेपाली
विभागको नेपाली विषयको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्र (५१०) को
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**चन्द्रकला दवाडी**

शैक्षिक सत्र २०६५-२०६७

त्रि.वि.द.सं. १५-२०६७



द्रव्यशाह बहुमुखी क्याम्पस
लक्ष्मीबजार, गोरखा
२०६९/२०१२

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षकी छात्रा चन्द्रकला दवाडीले **'आँखामा हिजोको इतिहास' कवितासङ्ग्रहको विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि द्रव्यशाह बहुमुखी क्याम्पस, लक्ष्मीबजार, गोरखासमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०१/२७

**ऋषिराम खनाल**
सहायक प्राध्यापक
**द्रव्यशाह बहुमुखी क्याम्पस**
लक्ष्मीबजार, गोरखा

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु श्री ऋषिराम खनालको कुशल निर्देशनमा तयार पारेकी हुँ । यसको तयारीको क्रममा प्राध्यापन तथा विविध व्यवहारिक कार्यको व्यस्ततावीच पनि मलाई आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नुका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्गनिर्देशन गरिदिनुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख श्रद्धेय गुरु श्री बद्रीकुमार कार्कीका साथै यस शोधकार्यको लागि विभिन्न सुझाव र मार्गदर्शन दिनुहुने नेपाली विभागका सम्पूर्ण गुरुज्यूहरूप्रति पनि आभार व्यक्त गर्दछु । यसै क्रममा आफ्नो जीवनका विविध पक्षको जानकारी दिई सहयोग गर्नुहुने शोधनायक तीर्थराज वन्तप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्यका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिका सरल र सहज रूपमा उपलब्ध गराई सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यस्तै उच्च शिक्षा हासिल गर्न प्रेरित र सहयोगको वातावरण निर्माण गर्ने मेरी आमा डिलकुमारी दवाडी, मेरा ससुरा श्री ध्रुवबाबु मरहट्टा, सासू श्रीमती भगवती मरहट्टाप्रति आभार प्रकट गर्न चाहन्छु । यस शोधपत्र लेखनको क्रममा मलाई उत्साहित, प्रेरित र सहयोग गर्नु हुने मेरा दिदीहरू गोमा मरहट्टा, तारा देवकोटा, भिनाजु बाबुराम देवकोटा, जेठाजु दीपक मरहट्टा, श्रीमान् दिनेश मरहट्टा, छोरी दिप्सना मरहट्टा, साथीहरू मलिना मास्के, रेखा अर्याल, मिरा ढकाल, विष्णुप्रसाद पाठक, शिक्षक साथी गिरिजा आले र तारा माध्यमिक विद्यालयका प्रधानाध्यापक बाबुराम वि.क. का साथै यस शोधपत्रलाई छिटो छरितो र सजग रूपमा टङ्कन गरी सहयोग गर्ने रत्नराज्य उच्च मा.वि. बिरिन्चोकका आदरणीय शिक्षक नीलकण्ठ पौड्याललाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत **'आँखामा हिजोको इतिहास' कवितासङ्ग्रहको विश्लेषण** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय द्रव्यशाह बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०६९/०१/२७

...............................

**चन्द्रकला दवाडी**
स्नातकोत्तर तह द्वितीय वर्ष
द्रव्यशाह बहुमुखी क्याम्पस
लक्ष्मीबजार, गोरखा

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| आइ. एस्. सी. | इन्टरमिटिएड अफ साइन्स |
| इ. | ईस्वी सन् |
| एम. ए | मास्टर अफ आर्टस |
| एस. एल. सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | क्रम संख्या |
| चौ.सं. | चौथो संस्करण |
| टी.भी. | टेलिभिजन |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नि. | निर्देशक |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| बि.ए. | ब्याचलर अफ आर्टस |
| बि.एल | ब्याचलर अफ ल |
| रु. | रुपियाँ |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |

# विषयसूची

## पहिलो परिच्छेद
## शोधपरिचय

१.१ विषय परिचय १
१.२ समस्या कथन २
१.३ शोधकार्यको उद्देश्य ३
१.४ पूर्वकार्यको समीक्षा ३
१.५ शोधको औचित्य र उपयोगिता ५
१.६ शोधकार्यको सीमाङ्कन ५
१.७ सामग्री सङ्कलन र शोधविधि ६
१.८ शोधपत्रको रूपरेखा ६

## दोस्रो परिच्छेद
## कवि तीर्थराज वन्तको सङ्क्षिप्त परिचय

२.१ जीवनी ८
२.१.१ जन्म र बाल्यकाल ८
२.१.२ शिक्षा ९
२.१.३ वंशानुगत पृष्ठभूमि ९
२.१.४ दाम्पत्य जीवन १०
२.१.५ शारीरिक बनावट ११
२.१.६ सहित्यिक प्रेरणा ११
२.१.७ लेखनकार्यको आरम्भ र प्रकाशनको थालनी १२
२.१.८ भाषा १२
२.१.९ संस्थागत संलग्नता १२
२.१.१० साम्मान तथा पुरस्कार १३
२.१.११ तालिम तथा प्रशिक्षण १४
२.१.१२ प्रकाशित कृति र अन्य रचना १४
२.१.१३ सेवा/पेसा १५

२.२ व्यक्तित्व १६
२.२.१ बाह्य व्यक्तित्व १६
२.२.२ आन्तरिक व्यक्तित्व १७
२.२.२.१ साहित्यिक व्यक्तित्व १७
२.२.२.२. प्रशासनिक व्यक्तित्व १८
२.२.२.३ सामाजिक व्यक्तित्व १८
२.३ निष्कर्ष १८

## तेस्रो परिच्छेद

## कविताको सैद्धान्तिक परिचय

३.१ पृष्ठभूमि २०
३.१ व्युत्पत्ति २०
३.२ कविताको परिभाषा २१
३.३ कविताका तत्त्व २४
३.३.१ शीर्षक २४
३.३.२ संरचना २५
३.३.३ लय विधान २६
३.३.४ भाषा-शैली २७
३.३.५ कथन पद्धति २७
३.३.६ केन्द्रीय कथ्य वा भावविधान २८
३.३.७ बिम्बविधान तथा अलङ्कार २८
३.३.८ व्यञ्जना २८
३.४ कविताका विविध रूप २९
३.४.१ लघुतम रूप २९
३.४.२ लघु रूप ३०
३.४.३ मझौला रूप ३०
३.४.४ वृहत् रूप ३१
३.४.५ वृहत्तर रुप ३१
३.५ नेपाली कविताको विकासक्रम ३२

३.५.१ आधुनिक कालका उपधाराहरू ३२
३.५.२ नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६ देखि वि.सं. १९४० सम्म) ३३
३.५.२.१ पूवार्द्ध (वि.सं. १८२६ देखि १८७२) वीरधारा ३३
३.५.२.२ उत्तरार्ध (वि.सं. १८७३ देखि १९४०) भक्तिधारा ३४
३.५.२ नेपाली कविताको माध्यमिक काल (वि.सं. १९४१-१९७४) ३६
३.५.३ नेपाली कविताको आधुनिक काल (वि.सं.१९७५ देखि हालसम्म) ३८
३.५.३.१ परिष्कारवादी/शास्त्रीयतावादी धारा (वि.सं.१९७५-१९९० सम्म) ३८
३.५.३.२ स्वच्छन्दतावादी धरा (वि.सं.१९९१-२०१६ सम्म) ४०
३.५.३.३ प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९) ४२
३.५.३.४ समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म) ४३
३.६ निष्कर्ष ४५

**चौथो परिच्छेद**

**कविता तत्त्वको आधारमा आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको विश्लेषण**

४.१ आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको विश्लेषण ४६
४.२ संरचना ४६
४.३ शीर्षक ४७
४.४ केन्द्रीय कथ्य र भावविधान ४८
४.५ दृष्टिविन्दु ५१
४.६ लयविधान ५४
४.७ भाषाशैली ५५
४.८ बिम्बालङ्कार विधान ५६
४.२ निष्कर्ष ५९

**पाँचौ परिच्छेद**

**आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको प्रवृत्तिगत विश्लेषण**

५.१ विषय प्रवेश ६०
५.२ राष्ट्रप्रेम ६१
५.३ मानवतावादी दृष्टिकोण ६३

५.४ प्रकृति चित्रण ६४

५.५ क्रान्ति चेतना ६६

५.६ विसङ्गतिबोध ६८

५.७ जीवनजगत्का विसङ्गत पक्षप्रतिको व्यङ्ग्य ७०

५.८ अस्तित्ववादी ७२

५.९ आँखामा हिजोको इतिहास कवितासङ्ग्रह भित्रका कविताहरूको प्रवृत्तिगत वर्गीकरण र मूल भाव ७५

५.२ निष्कर्ष ८१

**छैटौं परिच्छेद**

**उपसंहार**

६.१ परिचय ८३

६.२ पहिलो परिच्छेदको निष्कर्ष ८३

६.३ दोस्रो परिच्छेदको निष्कर्ष ८३

६.४ तेस्रो परिच्छेदको निष्कर्ष ८४

६.५ चौँथो परिच्छेदको निष्कर्ष ८४

६.६ पाँचौँ परिच्छेदको निष्कर्ष ८४

६.७ समग्र निष्कर्ष ८४

**सन्दर्भग्रन्थसूची** ८६

**परिशिष्ट खण्ड**

परिशिष्ट - एक : कवि तीर्थराज वन्तसँग लिएको लिखित अन्तर्वार्ताको अंश कवि वन्तकै हस्ताक्षरमा ८९

परिशिष्ट - दुई : शोधनायक कवि तीर्थराज वन्तको छायाचित्र १०१

# पहिलो परिच्छेद

# शोधपरिचय

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

तीर्थराज वन्तको जन्म वि.सं. १९९६ असार १४ गते काठमाडौंको ठमेलमा भएको हो । तीर्थराज वन्त साम्बराज वन्तका नाति तथा स्व. पिता गणेराज वन्त र स्व. माता विष्णुदेवी वन्तका तीन सन्तानमध्ये प्रथम सुपुत्र हुन् । तीर्थराजले आफ्नो बाल्यकाल धेरैजसो क्षेत्रपाटी काठमाडौंमा रहेको मावलमा नै विताएका थिए । बाल्य जीवन मावलमा नै बितेको हुनाले उनको प्रारम्भिक शिक्षा मामाघरको हजुरबुबाबाट भएको पाइन्छ ।

तीर्थराज वन्त एक सफल साहित्यकारका रूपमा चिनिएको पाइन्छ । विद्यार्थी जीवनदेखि नै साहित्यमा प्रवेश गरेका वन्तले राजनीतिकशास्त्रमा स्नातकोत्तर तह र कानुन विषयमा स्नातक (बी.एल.) सम्मको शिक्षा आर्जन गरेको देखिन्छ । राजनीतिकशास्त्रमा स्नातकोत्तर गरे तापनि उनी राजनीतितिर लागेको पाइँदैन । साहित्य क्षेत्रमा वि .सं. २०१० बाट कलम चलाएको पाइन्छ । उनी पहिलो कृति **ठेस लाग्दा खेरि** कथा २०१५ जेठ अङ्कको **ज्ञानविकास** मासिक पत्रिकामा प्रकाशित गरी सार्वजनिक भएका हुन् । कथा प्रकाशनबाट साहित्य यात्रा आरम्भ गरेका वन्तको फुटकर कविता **गरिमा** पत्रिका र **गोरखापत्र**मा छापिएको पाइन्छ । प्रारम्भमा कथा विधामा कलम चलाए तापनि उनको प्रसिद्धि कविता विधामा पाइन्छ । उनका हालसम्म **डाँडाबाट** (२०२७), **रजस्वला एक निराशा** (२०२७), **आकाशमा सलबलाएका हात** (२०४०), **आँखामा हिजोको इतिहास** (२०५३), **ज्योति त्रि-पुञ्ज** (हाइकु पाराका लघु कविता २०६१), **न्हु मखगु मिखाय न्हुःज** (नयाँ नभएको आँखामा, नयाँ ज्योति, नेवारी कविता २०६५), **हरि ओम् शान्ति** (२०६५) कवितासङ्ग्रहहरू रहेका छन् । **तूफुका केही कविता** (चिनियाँ कविताको अनुवाद ने.रा.प्र.प्र.द्वारा प्रकाशित (२०२७) **रेडक्रस र मेरो देश** (अनुवाद १९७१), **जेनेभा महासन्धि र तिनका अतिरिक्त सन्धिपत्र सम्बन्धी आधारभूत नियमहरू** (अनुवाद २०५६), **जाँ हेनरी ड्युनाद्वारा लिखित सल्फोरिनोको सम्झना** (अनुवाद २०६०), **मानव अधिकार र मानवीय कानुन : व्यवसायिक सुरक्षाको अवधारणा** (

अनुवाद २०६०), **अन्तराष्ट्रिय मानवीय कानुनका विविध पक्ष : एक अध्ययन** (अनुवाद २०६३), १२ अगष्ट १९४९ का **जेनेभा महासन्धिहरू तथा तिनका थप आलेखहरू** (अनुवाद/सम्पादन २०६५), अन्य कृतिहरू **रेडक्रस एक चिनारी** (सम्पादन २०२९), **रेडक्रस प्रश्नोत्तर** (प्रश्नोत्तर कृति २०३७), **अन्तर्राष्ट्रिय कानुनको सङ्क्षिप्त परिचय** (२०६०), **मुलूकी खरिदार गुणवन्त सिंहको वंशानुक्रम** (२०६६) रहेका छन् ।

लेखनको सुरुमै **तूफुका केही कविता** चिनियाँ कवितालाई नेपालीमा अनुवाद गरी आफूलाई कुशल अनुवादकका रूपमा पनि परिचित गराएको पाइन्छ । वन्तका कवितासङ्ग्रहहरू प्रकाशित भई चर्चित हुन थालेपछि उनको कथा विधा पछाडि परेको पाइन्छ । कविता विधामा सक्रिय भएर कलम चलाएका वन्तलाई गद्यकविको रूपमा चिनिएको छ । पछिल्लो कवितासङ्ग्रह **आकाशमा सलबलाएका हात** (२०४०) प्रकाशित भएको १२ वर्षपछि **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ । यस अवधिमा अनेकौ परिवर्तन भइसकेको छ । देशमा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन निरन्तर चलिरहेको पाइन्छ । वातावरणमा परिवर्तन भएको छ । यी सबैले नेपालीको बौद्धिक धरातलमा प्रभाव पारेको कुरा अनुभव गर्न सकिन्छ । त्यसैले वन्तको रचनामा पनि कल्पनाको प्रभाव परेको होला भन्न सकिन्छ । **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह (२०५३) भित्रका कविताहरू सरल, सहज र सुललित भाषामा लेखिएको पाइन्छ र उनले विभिन्न विषयमा आधारित भएर कविता लेखेको पाइन्छ । यसै सन्दर्भमा वन्त एक अन्वेषणीय साहित्यकार व्यक्तित्व हुन् । उनको जीवनी व्यक्तित्व र कृतित्व २०६५ मा **शब्दसोपान** कवितासङ्ग्रहको २०६६ मा अध्ययन भैसकेको भए तापनि प्रस्तुत **आँखामा हिजोको इतिहास** नामक कवितासङ्ग्रहको अध्ययन अनुसन्धान भएको थाहै छैन । यसैले **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहलाई नै प्रस्तुत अध्ययनको विषय चयन गरिएको छ र **आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको विश्लेषण** शीर्षक दिएर अध्ययन विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

वि.सं. २०१० बाट साहित्यको श्रीबृद्धिमा लागेका वन्तको पहिलो साहित्यिक कृति **ठेस लाग्दा खेरि** कथा विधा भए पनि कविता विधामा भने **डाँडाबाट** कवितासङ्ग्रह (२०२७) प्रकाशन भएपछि चर्चित बन्न पुगेको पाइन्छ । प्रस्तुत शोधपत्रमा वन्तको कृतित्वको

अध्ययन र कवित्वको मात्र चर्चा नभएर उनको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको कविता तत्त्वको आधारमा र प्रवृत्तिगत आधारमा विश्लेषण गरिएको छ । तसर्थ प्रस्तुत शोधपत्रमा निम्नलिखित शोध समस्या रहेका छन् :

क) कवि तीर्थराज वन्तको जीवनी कस्तो छ ?

ख) कविता तत्त्वको आधारमा **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहका कविताहरू के कस्ता छन् ?

ग) कविताको सैद्धान्तिक पक्षको परिचय के रहेको छ ?

घ) **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा कस्ता कस्ता प्रवृत्तिका कविताहरू पाइन्छन् ?

यिनै समस्याको समाधान यस शोधपत्रमा गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

नेपाली कविता विधालाई समृद्धि र गतिशील तुल्याउने स्रष्टामध्ये एक सफल कवि तीर्थराज वन्तको प्रकाशित **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको अध्ययन गर्नु प्रस्तुत शोधको पत्रको उद्देश्य रहेको छ । बुँदागत रूपमा प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार रहेका छन् :

क) कवि तीर्थराज वन्तको परिचय दिनु,

ख) कविताको सैद्धान्तिक पक्षको परिचय दिनु,

ग) कविता तत्त्वका आधारमा **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको विश्लेषण गर्नु,

घ) **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको प्रवृत्तिगत आधारमा विश्लेषण गर्नु ।

यिनै उद्देश्य परिपूर्ति गर्दै यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार तीर्थराज वन्त लामो समयदेखि नेपाली साहित्यको क्षेत्रमा साधनारत हुनुले नेपाली साहित्यको (कविता विधामा) महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । **ठेस लाग्दा खेरि** कथा लेखनबाट साहित्य लेखन आरम्भ गरेका वन्तले कवितासङ्ग्रह **आँखामा हिजोको**

**इतिहास**का बारेमा अध्ययन विश्लेषण केही मात्रामा भएको पाइएको छ । उनको यो कवितासङ्ग्रह र उनका बारेमा जे-जति कार्यहरू भएका छन्, ती सामग्रीहरूको कालक्रमिक विवरण निम्नानुसार उल्लेख गरिएको छ :

क) श्यामलले **आँखामा हिजोको इतिहास** (२०५३) कवितासङ्ग्रहको भूमिकामा कवि वन्तको रचनात्मकतामा विश्वास गर्ने लघु संरचनाबाट चेतना सञ्चालन गर्ने, शैलीगत चमत्कार भन्दा अनुभूतिको स्वभाविक रूपान्तरणमा निष्ठा भएका एक स्रष्टा व्यक्तित्व भएको कुरालाई उल्लेख गरेका छन् ।[१]

ख) राममान तृषितले **ज्योति त्रि-पुञ्ज** (२०६१) कवितासङ्ग्रको भूमिकामा कवि वन्तको अभिव्यक्तिमा प्रढौता, नवीनता र इमान्दारीता भएको कुरा बताएका छन् ।[२]

ग) गोविन्द गिरीले **तेलको धुप** (२०६२) समालोचनामा तीर्थराज वन्तको कवित्व भन्ने लेखमा जीवन र जगतको सत्य, तथ्य र यथार्थ संवेदनालाई कवि वन्तले नजिकैबाट नियाल्नु भएको कुरा उल्लेख गरेका छन् ।[३]

घ) रुद्रनाथ पोखरेलले २०६४ माघ १७ गतेको **समाचारपत्र** दैनिकमा **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह समाज रूपान्तरण र यथार्थको दोसाँधमा उभिएर तयार पारेको कृति हो भनी बताएका छन् ।[४]

ङ) घटराज भट्टराइले **नेपाली लेखक कोश** (२०५६) मा वन्तलाई कवि अनुवादक र समाजसेवीका रूपमा परिचित गराई उनले जे जति लेखे त्यतिले मात्र नै आफ्नो प्रतिभा देखाएको कुरा उल्लेख गरेका छन् ।[५]

च) शोधार्थी लक्षिमा भट्टराइले कवि तीर्थराज वन्तको **जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** (२०६५) कवित्को जीवनी र व्यक्तित्वको उल्लेख गर्दै कृतित्वको सन्दर्भमा प्रस्तुत **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा सङ्कलित सबै कविताहरूले देशको राजनीतिक, आर्थिक, सामाजिक र कविको आफ्नै जीवन भोगाईको परिवेशलाई समेटेको बताएकी छन् ।

[१] श्यामल, **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह, काठमाडौं : मोन्दआमीको ओन्त, २०५३ ।
[२] राममान तृषित, **ज्योति त्रिपुञ्ज** कवितासङ्ग्रह, काठमाडौं : मोन्दआमीको ओन्त, २०६१ ।
[३] गोविन्द गिरी, **तेलको धुप** समालोचना, काठमाडौं : वार फाउण्डेसन नेपाल, २०६२ ।
[४] रुद्रनाथ पोखरेल, **समाचारपत्र दैनिक,** २०६४ माघ १७ गते ।
[५] घटराज भट्टराई, **नेपाली लेखक कोश,** काठमाडौं : देवकोटा प्रतिष्ठान, २०५६, पृ. १८ ।

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहका कविताहरू गद्यलयमा लेखिएका सरल र सरस भाषा शैलीका भएको बताएकी छन् ।[६]

छ) शोधार्थी रोमाकान्त पोखरेलले **'शब्द सोपान' कवितासङ्ग्रहको कृतिपरिक अध्ययन** (२०६६) मा कवि वन्तलाई सरल, सरस र मिठो भाषामा कविता लेख्ने समसामयिक धाराका गद्य कविका रूपमा चिनाएका छन् ।[७]

यसरी विभिन्न विद्वान्हरूले विभिन्न स्थल, समय, पत्रपत्रिका र शोधपत्रमा आधारित भई वन्त र उनको कृतित्वको बारेमा अध्ययन तथा अनुसन्धान गरेको पाइन्छ । उनको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको सामान्य विश्लेषण भए पनि व्यवस्थित रूपले विस्तृत अध्ययन अहिलेसम्म कसैबाट हुन सकेको छैन । यसर्थ प्रस्तुत शोधपत्र **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको समग्र अध्ययन र विश्लेषणमा केन्द्रित रहेको  छ ।

## १.५ शोधको औचित्य र उपयोगिता

लामो समयदेखि नेपाली साहित्यको क्षेत्रमा लागेका तीर्थराज वन्तले आरम्भमा कथा विधामा कलम चलाए पनि साहित्यिक विधालाई उर्वर बनाउने काम भने कविता विधाले नै गरेको पाइन्छ । कवि व्यक्तित्व र केही साहित्यकारहरूले उनको व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन विश्लेषण गरेको पाइन्छ । तसर्थ यस शोध पत्रमा **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको अध्ययन विश्लेषण गरिएको हुँदा यस शोधकार्यले तीर्थराज वन्त र **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको बारेमा चासो राख्ने जुनसुकै समालोचक, अनुसन्धानकर्ता, शैक्षिक संस्था, पाठक र अन्य प्राज्ञिक वर्गलाई सहयोग पुऱ्याउनेछ । यसैले प्रस्तुत शोधकार्य औचित्यपूर्ण  छ । औचित्य पूर्ण भएको यो शोधकार्य महत्त्वपूर्ण पनि छ । यसरी औचित्यपूर्ण र महत्त्वपूर्ण भएको शोध कार्यको उपयोगिता पनि स्पष्ट नै छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

विभिन्न दृष्टिकोणबाट कवितासङग्रहको अध्ययन विश्लेषण गरिने भए तापनि प्रस्तुत शोधपत्रमा **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहलाई केन्द्र विन्दु बनाएर कविता तत्त्वको

---

[६] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं, २०६५, पृ. ८ ।

[७] रोमाकान्त पोखरेल, **'शब्द सोपान' कवितासङ्ग्रहको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, रत्नराज्य क्याम्पस, काठमाडौं, २०६६, पृ. ११ ।

आधारमा र प्रवृत्तिगत आधारमा मात्र केन्द्रित रहेर अध्ययन र विश्लेषण गरिएको छ । यस कवितासङ्ग्रहको अन्य सङ्ग्रह वा विधा वा उपविधासँग तुलना नगर्न पनि यस शोधकार्यको सीमा रहेको छ । साथै सहित्येतर र अनूदित कृतिको पनि अध्ययन गरिने छैन ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा तीर्थराज वन्त र उनको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा गरिएको समीक्षात्मक टिप्पणीका साथै पुस्तकालयीय अध्ययन र कविसँग प्रत्यक्ष भेटवार्ता र फोनवार्तालाई नै सामग्री सङ्कलनको आधार बनाइएको छ । यसरी प्राप्त हुन आएका सामग्रीलाई कविता तत्त्वको आधारमा र प्रवृत्तिगत आधारमा कवितासङ्ग्रहको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुगठित र सुव्यवस्थित बनाउनका लागि शोधपत्रलाई निम्नलिखित छ परिच्छेदमा विभाजन गरिएको छ :

**पहिलो परिच्छेद : शोधपरिचय**

यस परिच्छेद अन्तर्गत विषय परिचय, सास्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि र शोधपत्रको रूपरेखा आदि शीर्षकहरू रहेका छन् ।

**दोस्रो परिच्छेद : तीर्थराज वन्तको जीवनी**

यस परिच्छेद अन्तर्गत जीवनी, जन्म र बाल्यकाल, शिक्षा, वंशानुगत पृष्ठभूमि, दाम्पत्य जीवन, शारीरिक बनावट, साहित्यिक प्रेरणा, लेखन कार्यको आरम्भ र प्रकाशनको थालनी, भाषा, संस्थागत संलग्नता, सम्मान तथा पुरस्कार, तालिम तथा प्रशिक्षण, प्रकाशित कृति र अन्य रचना, सेवा र पेसा, व्यक्तित्व आदि शीर्षकहरू रहेका छन् ।

**तेस्रो परिच्छेद : कविताको सैद्धान्तिक परिचय**

यस परिच्छेद अन्तर्गत व्युत्पत्ति,कविताको परिभाषा, कविताका तत्त्वहरू,कविताका विविध रूप, नेपाली कविताको विकास क्रम, आदि शीर्षकहरू रहेका छन् ।

**चौथो परिच्छेद : कविता तत्त्वको आधारमा आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको विश्लेषण**

यस परिच्छेद अन्तर्गत **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको विवेचना, संरचना, शीर्षक, केन्द्रीय तथ्य वा भाव विधान, दृष्टिविन्दु, लयविधान, भाषाशैली, विम्बालङ्कार, विधान, जस्ता शीर्षकहरू रहेका छन् ।

**पाँचौं परिच्छेद : आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको प्रवृत्तिगत विश्लेषण**

यस परिच्छेद अन्तर्गत विषय प्रवेश, राष्ट्रप्रेम, मानवतावादी दृष्टिकोण, प्रकृति चित्रण, विसङ्गति बोध जीवनजगत्का विसङ्गत पक्षप्रति व्यङ्ग्य, अस्तित्ववादी, **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहभित्रका कविताहरूको प्रवृत्तिगत वर्गीकरण र मूल भाव र तालिका सूचि जस्ता शीर्षकहरू रहेका छन् ।

**छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेद अन्तर्गत पृष्ठभूमिका साथै क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौँथो, पाँचौं परिच्छेदको निष्कर्ष र अन्त्यमा समग्र निष्कर्ष जस्ता शीर्षकहरू रहेका छन् ।

यसप्रकार शोधपत्रलाई सर्वाङ्गपूर्ण बनाउन पूर्व भागका साथै पश्च भागका रूपमा सन्दर्भसामग्रीसूची र परिशिष्ट समेत समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्रमा प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# कवि तीर्थराज वन्तको सङ्क्षिप्त परिचय

# दोस्रो परिच्छेद
# कवि तीर्थराज वन्तको सङ्क्षिप्त परिचय

## २.१ जीवनी

कृतिकारले कृतिमा आफ्नो जीवनको विकास एवम् सङ्घर्षका महत्त्वपूर्ण र अविस्मरणीय घटनाहरूलाई कलात्मक रूपले प्रकट गर्दछ भने त्यसलाई जीवनी भनिन्छ ।[१] कृतिकारले प्रत्यक्ष भोगेका जीवनका उकाली-ओराली, सुख-दुःख, आरोह-अवरोहका अनुभूतिजन्य अनुभवको समग्र अभिव्यक्ति नै कृति भएकोले कृति र कृतिकारका बिच अभेद्य सम्बन्ध रहन्छ । व्यक्ति समाजमा रहने र हुर्कने भएकोले कृतिकार जन्मेको देश, काल, परिस्थिति, परिवेश, युग, यथार्थ वस्तुस्थितिले कृतिकारको चिन्तनमा प्रभाव पारको हुन्छ । उक्त प्रभावबाट कृतिकारको कृति पनि प्रभावित हुने भएकोले लेखकको जीवनीका बारेमा स्पष्ट जानकारी नभइकन कृतिका कलात्मकपन फुकाउन सकिदैन ।[२]

### २.१.१ जन्म र बाल्यकाल

तीर्थराज वन्तको जन्म वि. सं. १९९६ साल आषाढ १४ गते बुधबार काठमाडौंको ठमेलमा भएको हो ।[३] उनको पिताको नाम गणेशराज वन्त र माताको नाम विष्णुदेवी वन्त हो । उनका बुबा राजनीतिकक व्यक्ति भएकोले वि.सं १९९७ देखि २००२ सम्म ५ वर्ष जेल जीवन बिताएको पाइन्छ । बाबुको जेल जीवनको कारणले वन्तको बाल्यकाल मावलका हजुरबुवा र हजुरआमाको न्यानो काखमा सुखमय वातारणमा बितेको पाइन्छ । बालककालमा रोगी भए पनि साहसी, मिलनसार र जिज्ञासु थिए । उनलाई बाल्यकालमा डन्डिबियो, कपर्दी जस्ता खेल मन पर्ने उनको भनाइ छ ।[४]

---

[१] कृष्णप्रसाद आचार्य, **पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना,** कीर्तिपुर : क्षितिज प्रकाशन, २०६४, पृ. ९९ ।

[२] ऐजन ।

[३] कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरु,** काठमाडौं : भट्टराई प्रकाशन, २०६६, पृ. ८ ।

[४] तीर्थराज कोइरालासँगको मौखिक अन्तर्वार्ताअनुसार ।

## २.१.२ शिक्षा

तीर्थराज वन्तले आफ्नो बाल्यकाल धेरैजसो काठमाडौंको क्षेत्रपाटी स्थित मावलमा नै बिताएका थिए । बाल्य जीवन मावलमा नै विताएको हुनाले प्रारम्भिक शिक्षा आरम्भ मामा घरको हजुरबुबाबाट भएको थियो ।[५] त्यतिवेला उनी तीन, चार वर्षका थिए । अङ्ग्रेजी अक्षराम्भ मामाले नै गराएका थिए । मामाघरबाटै अक्षराम्भ गरेका वन्तले  औपचारिक शिक्षा कक्षा दुईबाट आरम्भ गरेको पाइन्छ ।

वि.सं. २००४ मा काठमाडौंको प्याफलटोलको शान्ति निकुञ्ज विद्यालयबाट औपचारिक शिक्षा कक्षा दुईबाट सुरु गरेका वन्तले स्वास्थ्य स्थिति खराब भएकाले केही समयसम्म पढाइ छोड्नु परेको थियो ।[६] चारवर्षपछि २००८ सालमा पुनः शान्ति निकुञ्ज विद्यालयमा भर्ना भई आफ्नो पढाइलाई निरन्तरता दिएका थिए । उनले २०१२ सालमा एस.एल.सी द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । लगनशील  र मेहनती छात्र वन्त कक्षामा द्वितीय तृतीय हुने गर्दथे । वि.सं.२०१३ मा त्रिचन्द्र कलेजमा आई. एस्.सी. पढ्न सुरु गरे पनि उत्तीर्ण हुन भने सकेका थिएनन् । त्यसैले विषय परिवर्तन गरेर सरस्वती कलेजमा मानविकी सङ्कायमा अध्ययन गरी वि.सं. २०१७ सालमा आई. ए. द्वितीय  श्रेणीमा, त्रिचन्द्र कलेजमा अर्थशास्त्र र राजनीतिकशास्त्र विषयमा वि.सं. २०१९ सालमा बी. ए. तृतीय श्रेणीमा, २०२१ मा कानुन विषयमा  स्नातक तह र राजनीति शास्त्रमा  एम. ए.  उत्तीर्ण भएको  पाइन्छ ।[७] यसरी वन्तको औपचारिक शिक्षा पूरा भएको देखिन्छ ।

## २.१.३ वंशानुगत पृष्ठभूमि

गोरखा जिल्लाको बघुवा भन्ने गाउँ वन्तको पुर्ख्यौली थलो हो ।[८] गोरखाका राजा रामशाहको समयमा पाटनमा सिद्धिनरसिंह मल्ल राजा रहेका र यी दुई राजा बिच गोरखामा साना उद्योग र व्यापार गर्ने सन्धि भएको थियो । त्यही सन्धि अनुसार नै पाटनका राजाले गोरखामा साना उद्योग र व्यापार गर्न २४ कोठी महाजनहरू पठाएका थिए ।[९] वन्तको वंश पनि त्यो सन्धिमा परेको थियो । करिब ५०० वर्ष अघि पाटनबाट गोरखा आएका २४

---

[५] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

[६] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं, २०६५, पृ. १२ ।

[७] ऐजन ।

[८] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

[९] ऐजन ।

कोठीमा वन्तको वंशको प्रथम व्यक्तित्वको नाम हालसम्म पनि थाहा हुन सकेको छैन तर गुणवन्त सिंह (जन्म वि.सं. १८४४ चैत्र -मृत्यु वि.सं. १८९२ चैत्र) देखि यता मात्र क्रमशः थाहा हुन आएको छ । उनी तत्कालीन प्रशासनमा महत्त्वपूर्ण व्यक्तिका रूपमा परिचित रहेका थिए । उनी मुलुकको खरिदार, सेनातर्फ मेजर पदमा रहेका थिए ।[१०] उनले तत्कालीन सामाजमा आर्थिक सुधार र सैनिक प्रशासनमा पनि महत्त्वपूर्ण योगदान दिएको प्रमाण पाइन्छ । तीर्थराज वन्तको बुबा गणेशराज वन्तको हजुरबुबा शेरमानसिंह र बुबा साम्बराज वन्त हुन् । साम्बराज वन्तका तीन श्रीमती मध्ये कान्छी श्रीमती अष्टलक्ष्मी पट्टिका तेस्रो र छोराहरूको रोलक्रममा छैठौं उनका बुबा थिए । उनको बंशजले काठमाडौं र गोरखा दुवै ठाउँमा घरजम गरेको देखिन्छ ।[११] काठमाडौंको याङ्टोलमा र रक्तकालीमा पनि उनको परिवारको घर रहेको थियो । हाल उनको परिवार काठमाडौंको ठमेलमा आफ्नै आवासमा बस्दै आएका छन् ।

उनका बुबा गणेशराज वन्तका तीन सन्तान छन् । प्रथम सन्तानमा छोरा तीर्थराज वन्त, द्वितीय सन्तानमा छोरी सावित्री वन्त (अमात्य) र तृतीय सन्तानमा छोरा रघुराज वन्त छन् । उनका बुबाले राजनीतिक बन्दी जीवन बिताउनु परेको थियो । वि.सं. १९९७ देखि २००२ सम्म ५ वर्ष जेल जीवन बिताएका वन्तको बुबाका सहकर्मी साथीहरूमा टङ्कप्रसाद आचार्य, गणेशमान सिंह, रामहरि शर्मा, चित्तधर हृदय, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा आदि रहेका थिए ।[१२] वि.सं.२००८ सालपछि वन्तका बुबा राजनीतितिर सक्रिय भएर लागेनन् । वन्तका बुबा शास्त्रीय सङ्गीतमा विशेषः तबलावादनमा निपुण रहेका थिए ।[१३]

## २.१.४ दाम्पत्य जीवन

तीर्थराज वन्तको काठमाडौंको किलागल टोलका बुबा चन्द्रराज वैद्य र आमा गौरी वैद्यकी छोरी मैयाबाबा वैद्यसँग वि.सं.२०१८ सालमा वैवाहिक सम्बन्ध भएको थियो ।[१४] मैयाबाबाले वि.सं. २०१५ सालमा एस.एल.सी पास गरी बी.ए. सम्म अध्ययन गरेकी छन् । उनको पनि साहित्यतिर विशेष झुकाव रहेको पाइन्छ ।[१५] उनले स्कुलमा पढ्दा नाटकहरू

---

[१०] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १२ ।
[११] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।
[१२] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १५ ।
[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।

खेल्ने पढ्ने गर्दथिन् । उनका चार सन्तानमध्ये एक छोरा र तीन छोरीहरू छन् । पढाइप्रति अध्ययनशील उनका छोराछोरीहरूको पढाइबाट उनी सन्तुष्ट नै छन् । वन्तका चारैजना छोराछोरीहरूको शुभ विवाह सम्पन्न भइसकेको छ । आफ्ना छोराछोरीहरूको पठनपाठन विवाह एवं जागिरबाट आफू सन्तुष्ट रहेको उनले बताएकीछन् । आफ्नो श्रीमती र छोराछोरीहरूको प्रशस्त सहयोग र समभ्रूदारीमा उनको वैवाहिक, दाम्पत्य र पारिवारिक जीवन सफल रहेको देखिन्छ ।[१६]

## २.१.५ शारीरिक बनावट

गहुँगोरो वर्णका तीर्थराज वन्त ५ फिट ४ इन्च उचाइ र मभ्रौला कदका छन् ।[१७] स्पष्ट र सुमधुर बोलीका धनी तीर्थराज वन्तमा कुनै किसिमको आडम्बर पाइँदैन । मिलनसार प्रवृत्तिका धनी वन्त हँसिलो चेहरामा कसैले केही सोध्दा वा जिज्ञासा राख्दा भ्रूर्को नमानी जवाफ दिन्छन् । फुर्सदको समयमा लेखन कार्यमा संलग्न रहनुका साथै विशिष्ट व्यक्तिहरूसँग भेटघाट गर्ने एवं विदेश भ्रमण गर्ने उनको बानी छ । सबैसँग घुलमिल हुन सक्ने सत्यवक्ता, निडर र सकारात्मक सोचाइ भएका वन्त निकै मेहेनती र लगनशील हुनुका साथै मिजासिला स्वभावका छन् ।

## २.१.६ सहित्यिक प्रेरणा

साहित्यकार तीर्थराज वन्तको साहित्यिक लेखनको मुख्य प्रेरणाको स्रोत आफ्नै पिता गणेशराज वन्त नै हुन् भने मामा बुद्धिमान् प्रधानको प्रेरणाले पनि उनी साहित्य लेखनतिर लागेको पाइन्छ । वन्तले नेपालका वरिष्ठ साहित्यकार लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, लेखनाथ पौड्याल, बालकृष्ण सम आदि कविहरूका धेरैजसो कृतिहरू अध्ययन गरेका छन् ।[१८] उनी अङ्ग्रेजी साहित्यकारका उपन्यासहरू, प्रेमचन्दका उपन्यासहरू, देवकीनन्दन खत्रीका जासुसी उपन्याहरू, चिनीयाँ कवि तुफूका कविता कृतिहरूको अध्ययन मनन गरी साहित्य लेखनतर्फ लागेको बताएका छन् । कानुन र राजनीतिकशास्त्रको विद्यार्थी भएर पनि साहित्यप्रतिको रुचि घरमा भएको पुस्तकालयबाट बुभ्रून सकिन्छ । उनको घरमा भ्रून्डै १०/१५ हजार पुस्तक रहेको पाइन्छ ।

[१६] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १२ ।
[१७] ऐजन ।
[१८] ऐजन, पृ. ८ ।

## २.१.७ लेखनकार्यको आरम्भ र प्रकाशनको थालनी

वि.सं. २०१० सालदेखि नै नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका तीर्थराज वन्तको पहिलो प्रकाशित कृति **ठेस लाग्दा खेरि** कथा हो । यो कथा वि.सं. २०१५ मा **ज्ञानविकास** मासिक पत्रिकाको जेष्ठ अङ्कमा प्रकाशित भएको हो ।[१९] त्यसपछि यिनका थुप्रै कविता प्रकाशित भइसकेका छन् । उनको कथा **तुहेको साँझ** (वि.सं.२०२३/०२४) तिर **हिमाली** पत्रिकामा छापिएको थियो । वि.सं.२०२७ साल देखि वन्तका कविताहरू पुस्तकका रूपमा प्रकाशित हुन थालेका हुन् । वि.सं.२०२७ सालमा छापिएको **डाँडाबाट** कवितासङ्ग्रह नै उनको पहिलो प्रकाशित कृति हो । तीर्थराज वन्त र गीताकृष्ण खरेलले संयुक्त रूपमा लेखेको **तुहेको साँझ** कथासङ्ग्रह वि.सं. २०२४ मा प्रकाशित गर्ने क्रममा तत्कालीन प्रचलित नियम कानुन अनुसार प्रेसमा छापिए पछि पास गर्न वाग्मती अञ्चलको अञ्चलाधीश कार्यलयमा लैजाँदा प्रेसबाटै सम्पूर्ण पुस्तक जफत गरिएको थियो ।[२०] लेखनका दृष्टिले यो पहिलो कृति हो तर प्रकाशित हुन भने पाएन ।

## २.१.८ भाषा

नेवारकुलमा जन्मिएका भएतापनि तीर्थराज वन्तको मातृभाषा नेपाली नै हो । उनी नेपाली भाषामा नै बोल्ने र लेख्ने गर्दछन् । उनले नेपाली भाषाबाहेक नेवारी, अङ्ग्रेजी, हिन्दी, फ्रेन्च, इस्पेरेन्तो (सन् १८८० तिर पोल्याण्डमा बनेका कृतिम अन्तर्राष्ट्रिय भाषा) पनि वन्तले जानेका भाषा हुन् ।[२१]

## २.१.९ संस्थागत संलग्नता

तीर्थराज वन्त धेरै सङ्घ-संस्थाहरूमा आबद्ध छन् । उनी संलग्न रहेका संस्थाहरू निम्नानुसार रहेका छन् :

क) नेपाल रेडक्रस सोसाइटी - यशस्कर सदस्य

ख) काठमाडौं उपत्याका सार्वजनिक पुस्तकालय-संस्थापक तथा उपाध्यक्ष

ग) नेपाल विश्व परिषद् र नेपाल अपाङ्ग सङ्घ-आजीवन सदस्य

---

[१९] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १४ ।

[२०] ऐजन ।

[२१] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

घ)	डिपिनेट नेपाल- डिजास्टर प्रिपरेसन नेटवर्क-सस्थापक तथा साधारण सदस्य

ङ)	काठमाडौं महानगरपालिका वडा नं. १७ को प्रकोप व्यवस्थापन समिति- साधारण सदस्य

च)	नेपाल क्यान्सर रिलिफ सोसाइटी - सहयोगी

छ)	नेपाल रुसी मैत्री सङ्घ तथा काठमाडौं महानगरपालिका वडा नं. २९ प्रकोप व्यवस्थापन समितिको सल्लाहकार

ज)	गुणवन्त सेवा प्रतिष्ठान - उपाध्यक्ष

झ)	शान्ति निकुञ्ज विद्यालय- पूर्व विद्यार्थी सङ्घको पूर्व अध्यक्ष तथा सल्लाहकार

ञ)	नो लायन फाउन्डेसन ।

यसरी तीर्थराज वन्तले हालसम्म विभिन्न सङ्घ-संस्थामा विभिन्न पदमा रही समाजसेवा कार्यमा लागेका देखिन्छन् ।

## २.१.१० साम्मान तथा पुरस्कार

चार दशकभन्दा बढी  समय साहित्य क्षेत्रमा समर्पित वन्तका धरै कृतिहरू प्रकाशित भई सकेका छन् । लामो समयसम्म साहित्य क्षेत्रमा समर्पित वन्तले पुरस्कार तथा सम्मान प्राप्त गरेको पाइन्छ ।[२२] तिनको विवरण यसप्रकार रहेको छ :

क)	गोरखा जिल्लाका कवि लेखकलाई मात्र प्रदान गरिने हरि उत्कृष्ट प्रतिभा पुरस्कार रु. ५०००।- सहित सम्मान- पत्र (२०६४ वैशाख २०)

ख)	नेपाल रेडक्रस उत्कृष्ट सेवा पुरस्कार रु. २५०००।- सहित सम्मानपत्र २०६० वैशाख २० गते ।

ग)	डा. जयनारायण गिरी स्मृति पुरस्कार तीन पटकसम्म रु. ३०,०००।- सहित सम्मानपत्र ।

घ)	यशस्कर सदस्यताको सम्मान प्रदान २०६० वैशाख १९ ।

ग)	बासु शशि स्मृति प्रतिष्ठानले वि.सं. २०६३ मा स्थापना गरेको बासु स्मृति सम्मान २०६३ चैत्र १३ ।

[२२] रोमाकान्त पोखरेल, **'शब्द सोपान' कवितासङ्ग्रहको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, रत्नराज्य क्याम्पस, काठमाडौं, २०६६, पृ. ११ ।

घ) साहित्य सन्ध्या संस्थाले आफ्नो रजत जयन्तिको अवसरमा २०६४ जेष्ठ ५ गते सम्मानपत्र प्रदान ।

कवि तीर्थराज वन्तले साहित्य क्षेत्रमा कलम चलाए वापत विभिन्न सङ्घ-संस्थाले विभिन्न समयमा पुरस्कृत गरेका छन् ।

## २.१.११ तालिम तथा प्रशिक्षण

हालसम्म कुनै पनि तालिम तथा प्रशिक्षण नलिएको वन्तले बताएका छन् ।[२३] उनको तालिम तथा प्रशिक्षण भन्दा अनुभव महत्त्वपूर्ण रहेको भनाइ छ । उनले वि.सं. २०१० मा टाइपिङ गर्न थालेको र विभिन्न सेमिनार तथा गोष्ठीहरूमा मात्रै भाग लिएको उनको भनाइ छ । कानुनमा स्नातक गरेको प्रमाण-पत्र भएको, अनुभव र कार्य कार्यदक्षताबाटै अन्य कार्य गर्दै आएको उनले बताएका छन् ।

## २.१.१२ प्रकाशित कृति र अन्य रचना

वि.सं. २०१० देखि नेपाली साहित्यतिर लागेका वन्तको २०२७ देखि मात्र कृतिहरू प्रकाशित हुन थालेका हुन् । यसरी वि.सं. २०२७ देखि २०६६ सम्म उन्नाइस वटा कृतिहरू प्रकाशित भइसकेका छन् । यीमध्ये आठ वटा कवितासङ्गह सात वटा अनूदित कृति र चार वटा अन्य रचना छन् -

**कवितासङ्ग्रहहरू -**

क) **डाँडाबाट** (२०२७)

ख) **रजस्वला एक निराशा** (२०३७)

ग) **आकाशमा सलबलाएका हात** (२०४०)

घ) **आँखामा हिजोको इतिहास** (२०५३)

ङ) **शब्द-सोपान** (२०५७)

च) **ज्योति त्रि-पुञ्ज** (कविता, हाइकु पाराका लघुकविता) (२०६१)

छ) **न्हु मखगु : मिखाय न्हु जः** (नयाँ नभएको आँखामा नयाँ ज्योति, नेवारी कविता) (२०६५)

ज) **हरि ॐ शान्ति** (२०६५)

---

[२३] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १४ ।

**अनूदित कृतिहरू -**

अ) **तूफुका केही कविता** (चिनियाँ कविताको अनुवाद ने.रा.प्र.प्र.द्वारा प्रकाशित (२०२७)

आ) **रेडक्रस र मेरो देश** (अनुवाद) (१९७१)

इ) **जेनेभा महासन्धि र तिनका अतिरिक्त सन्धि पत्र सम्बन्धी आधारभूत नियमहरू** - अनुवाद (२०५६)

ई) **जा हेनरी ड्यूनाद्वारा लिखित सल्फोरिनोको सम्फना** (अनुवाद) (२०६०)

उ) **मानव अधिकार र मानवीय कानुनः व्यवसायिक सुरक्षाको अवधारणा** (अनुवाद) (२०६०)

ऊ) **अन्तराष्ट्रिय मानवीय कानुनका विविध पक्ष : एक अध्ययन** (अनुवाद) (२०६३)

ए) **१२ अगस्ट १९४९ का जेनेभा महासन्धिहरू तथा तिनका थप आलेखहरू** (अनुवाद/सम्पादन) (२०६५)

**अन्य कृतिहरू -**

अ) **रेडक्रस एक चिनारी** (सम्पादन), (२०२९)

आ) **रेडक्रस प्रश्नोत्तर** (प्रश्नोत्तर कृति) (२०३७)

इ) **अन्तर्राष्ट्रिय कानुनको सङ्क्षिप्त परिचय** (२०६०)

ई) **मुलुकी खरिदार गुणवन्त सिंहको वंशानुक्रम** (२०६६)

## २.१.१३ सेवा/पेसा

वि.सं. २०१३ बाट नेपाल रेडक्रस सोसाइटीमा आर्थिक स्रोत परिचालन पदबाट वन्तको जागिरे जीवनको आरम्भ भएको थियो । वन्तले वि.सं.२०२३ देखि वि.सं.२०२९ सम्म सरस्वती कलेजमा राजनीतिक शास्त्रको अध्यापन गरेका थिए । वि.सं. २०२६ मा लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी वाल्मीकि संस्कृत महाविद्यालयमा राजनीतिकशास्त्र अध्यापन गराएका थिए ।[२४] प्रध्यापन पेसाका साथसाथै उनी आंशिक रूपमा रेडक्रसमा पनि काम गर्दै आइरहेका थिए । वाल्मीकि संस्कृत महाविद्यालयमा प्राध्यापन गर्ने सरकारी जागिरबाट वि.सं.

[२४] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १९ ।

२०२९ मा राजिनामा गरेर आफ्नो सम्पूर्ण समय रेडक्रसमा दिएर ३७ वर्षसम्म सेवा गरेको पाइन्छ ।[२५] यसर्थ वन्तले आफ्नो जीवन करिब चार दशक समय पेसाकर्मी भएर बिताएको देखिन्छ ।

## २.२ व्यक्तित्व

व्यक्ति र त्व शब्द मिलेर व्यक्तित्व शब्द बनेको छ । तीर्थराज वन्तको व्यक्तित्वलाई बाह्य र आन्तरिक गरी दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

### २.२.१ बाह्य व्यक्तित्व

गहुँगोरो वर्ण र पाँच फिट चार इन्च उचाइ भएका तीर्थराज वन्तको शारीरिक व्यक्तित्वलाई नियाल्दा सामान्य नेपालीको बाह्य व्यक्तित्व जस्तो छ, त्यस्तै देखिन्छ । गोलो उज्यालो अनुहार, ठिक्कको मिलेको जिउडालमा यिनको शारीरिक व्यक्तित्व समग्रमा आकर्षित देखिन्छ । विवेकशीलता, लगनशीलता, कर्मशीलता, सचेतता र सक्रियता यिनका चारित्रिक गुणहरू हुन् । सरल र मिजासिलो स्वभावका वन्त ज्यादै स्वाभिमानी छन् । सबैसँग घुलमिल हुन सक्ने स्वभाव भएका वन्त सबैका प्रिय नै छन् । भद्र, शिष्ट र शालीन व्यक्तित्वका धनी वन्तमा आत्मरति पटक्कै छैन । बडपनको मोह छैन, उनमा घमण्ड नै छ । वन्त प्रायः घर परिवारसँगै रमाउने शान्त स्वभावका देखिन्छन् ।[२६]

वन्त आफ्ना रचनाहरूका बारेमा केही लेखिदिनु भनेर कुनै समीक्षक वा समालोचक कहाँ धाउँदैनन् । साहित्य जस्तो पवित्र कुरालाई पैसासँग तुलना गरिनु विडम्बना हो भन्दछन् । कृति प्रकाशित गरेर समालोचक भनाउँदाहरूलाई बोलाएर खानपिन गराउन सकेमात्र यो ठाउँमा साहित्यकार भइँदो रहेछ, नत्र साहित्यकारको रूपमा गणना नै गर्दा रहेन छन्[२७] उनले भन्ने तीतो यथार्थ अभिव्यक्त गरेका छन् । यसबाट पनि उनको स्वाभिमानी व्यक्तित्व झल्कन्छ । आफ्ना सम्पर्कमा आउने सबै व्यक्तिसँग विनम्रतापूर्वक बोल्नु र आत्मीय व्यवहार गर्नु उनको चारित्रिक गुण हो । कसैले पनि आफ्नो कारण दुःख नपाओस् भनी उनी सदैव सचेत रहन्छन् ।

---

[२५] रोमाकान्त पोखरेल, **'शब्द सोपान' कवितासङ्ग्रहको अध्ययन,** पूर्ववत्, पृ. १२ ।
[२६] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १९ ।
[२७] ऐजन ।

समाज सेवा जस्तो पवित्र कार्यमा एकचित्त भई लागि परेका वन्तलाई राजनीतिकक हावाले भने छुन सकेको छैन । यिनै विविध बानी र स्वभावमा यिनको बाह्य व्यक्तित्व झल्कन्छ ।

### २.२.२ आन्तरिक व्यक्तित्व

तीर्थराज वन्तको आन्तरिक व्यक्तित्वलाई साहित्यिक, प्रशासनिक र सामाजिक गरी तीन भागमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

#### २.२.२.१ साहित्यिक व्यक्तित्व

साहित्यको कविता विधामा कलम चलाएका तीर्थराज वन्तका हालसम्म आठवटा कवितासङ्ग्रह पाठकसामु आइपुगिसकेका छन् । **डाँडाबाट** कवितासङ्ग्रह (२०२७), **रजस्वला एक निराशा** कवितासङ्ग्रह (२०३७), **आकाशमा सलबलाएका हात** कवितासङ्ग्रह (२०४०), **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह (२०५३), **शब्द-सोपान** कवितासङ्ग्रह (२०५३), **ज्योति त्रि-पुञ्ज** कविता हाइकु पाराका लघुकविता (२०६१), **न्हु मखगु: मिखाय न्हु ज:** (नयाँ नभएको आँखामा नयाँ ज्योति), **नेवारी कविता** (२०६५) र **हरि ओम् शान्ति कवितासङ्ग्रह** (२०६५) प्रकाशित भइसकेका छन् ।

तीर्थराज वन्त कुशल अनुवादकका रूपमा पनि परिचित छन् । लेखनका सुरुवात मै उनले विदेशी कवितालाई नेपालीमा अनुवाद गरेका थिए । **तूफुका केही कविता** (चिनियाँ कविताको अनुवाद) (२०२७) ने.रा.प्र.प्र. द्वारा प्रकाशित कृतिबाट नै वन्त नेपाली अनुवाद साहित्यमा विशिष्ट व्यक्तिका रूपमा चिनिन्छन् ।

साहित्य लेखनको सुरुमा कथा विधामा कलम चलाएका वन्तको पहिलो कथा **ठेस लाग्दा खेरि** हो । यो कथा वि.सं. २०१५ जेठ अङ्कमा **ज्ञान विकास** मासिक पत्रिकामा छापिएको थियो ।

वन्तका कवितासङ्ग्रहरू प्रकाशित भई चर्चित हुन थालेपछि अन्य विधा (कथा विधा) पछाडि परेको हो । कविता विधामा अहिलेसम्म पनि सक्रिय भएर लगेका वन्त नेपाली साहित्यको कविता विधामा सफल कविको रूपमा परिचित व्यक्तित्व हुन् ।

### २.२.२.२. प्रशासनिक व्यक्तित्व

नेपाल रेडक्रस सोसाइटी आर्थिक स्रोत परिचालन अधिकृत पदबाट वि.सं. २०२१ देखि जागिरे जीवन सुरु गरेका तीर्थराज वन्तले इमान्दार र कुशलतापूर्वक काम गर्दै रेडक्रस सोसाइटी कार्यकारी निर्देशकसम्म भई आफ्नो व्यक्तित्वलाई विकसित गरेका छन् । कर्तव्यनिष्ठ, कार्यदक्षता तथा इमान्दारिता जस्ता गुणले वन्त विशिष्ट प्रशासनिक व्यक्तित्वका रूपमा चिनिन्छन् ।[२८] प्रशासनिक कार्यदक्षताले गर्दा यिनी विशिष्ट श्रेणीमा पुगेका छन् ।

### २.२.२.३ सामाजिक व्यक्तित्व

मानिस समाज विहीन  भएर बस्न सक्दैन । त्यसैले प्रत्येक मानिसको आफ्नै सामाजिक व्यक्तित्व हुन्छ । वन्तको रुचि क्षेत्र साहित्य भएकाले विभिन्न साहित्यिक गतिविधिहरूमा संलग्न भएर उनले समाजलाई एउटा निश्चित मार्गमा डोऱ्याउने काम गरेका छन् । बहुआयामिक व्यक्तित्वका धनी वन्त शोषण रहित, छुवाछुत रहित, स्वतन्त्रता र समानतामा आधारित समाजको स्थापना हुनु पर्ने कुरामा विश्वास गर्दछन् । समाजमा आइपर्ने जुनसुकै समस्याको समाधान गर्न अग्रसर हुने हुँदा विभिन्न वर्ग र क्षेत्रका सामाजिक उत्थानका लागि नेपाल रेडक्रस सोसाइटी, सार्वजनिक पुस्तकालय, नेपाल अपाङ्ग सङ्घ डिपिनेट नेपाल, नेपाल क्यान्सर रिलिफ सोसाइटी, गुणवन्त सेवा प्रतिष्ठान, स्नो लाइयन फाउन्डेसन, जस्ता सङ्घ  सस्थाहरूमा आबद्ध भई आवश्यक सरसल्लाह र सुझाव दिनेदेखि लिएर अन्य आइपरेका कार्य गर्न तत्पर हुने सामाजिक कार्यकर्ता हुन् ।

## २.३ निष्कर्ष

वि.सं. १९९६ असार १४ गते ठमेल काठमाडौंमा जन्मेका तीर्थराज वन्तको औपचारिक शिक्षा राजनीतिकशास्त्रमा स्नातकोत्तर तह र कानुन विषयमा स्नातक (बी.एल.) सम्म भए पनि नेपाली साहित्य क्षेत्रमा उनको यात्रा निरन्तर अगाडि बढिरको पाइन्छ । विशेषतः कविता विधामा कलम चलाउने वन्तको साहित्य लेखनको  प्रभाव तथा प्रेरणा आफ्ना पिता, माता, मामा र विभिन्न साहित्यकारहरूबाट प्राप्त गरेको पाइन्छ । गहुँगोरो वर्ण र मझौला कदका वन्तले अध्ययन, भ्रमण र जागिरको सिलसिलामा भारत, अमेरिका,

[२८] लक्षिमा भट्टराई, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. २२ ।

फिनल्याण्ड, जापान, स्विडेन, डेनमार्क आदि देशहरूको भ्रमण गरेर त्यहाँका वातावरण, जनजीवन, शैक्षिक गतिविधि भौगोलिक स्थिति र सामाजिक वातावरणको जानकारी तथा अनुभव बटुलेका छन् । वि.सं. २०१० बाट नेपाली साहित्यमा प्रवेश गरेका वन्तले हालसम्म ८ वटा कवितासङ्ग्रह ७ वटा अनूदित कृतिहरू र अन्य ४ वटा गरी १९ वटा कृतिहरू प्रकाशित गरेका छन् । विभिन्न सङ्घसंस्थामा आबद्ध वन्त राष्ट्रिय स्तरका विभिन्न सम्मान र पुरस्कारहरूबाट समेत सम्मानित भएका छन् । नेपाली समाजमा कुशल व्यक्तित्व भएका वन्त कवि, सम्पादक, प्राध्यापक, कुशल प्रशासक र विशिष्ट सामाजिक व्यक्तित्वका रूपमा परिचित छन् ।

# तेस्रो परिच्छेद

# कविताको सैद्धान्तिक परिचय

# तेस्रो परिच्छेद

# कविताको सैद्धान्तिक परिचय

## ३.१ पृष्ठभूमि

लयात्मक भाषाका माध्यमबाट जीवन र जगत् सम्बन्धी विचारको सौन्दर्यपूर्ण एवम् कलात्मक आभिव्यक्ति नै कविता हो । साहित्य दुई प्रकारका हुन्छन् । एउटा श्रव्य र अर्को दृश्य । श्रव्य साहित्य अन्तर्गत कविता आख्यान निबन्ध,जीवनी पर्दछन् भने दृश्य साहित्य अन्तर्गत नाटक, प्रहसन, वृत्तचित्र पर्दछन् । कविताभित्र मुक्तक, गीत, फुटकर कविता, खण्डकाव्य, महाकाव्य पर्दछन् भने आख्यानभित्र कथा उपन्यास पर्दछन् । साहित्यका सम्पूर्ण विधाहरूमध्ये कविता विधा सर्वप्राचीन र संमृद्ध विधा हो । मानवीय अन्तर्मनका अनुभूतिको लयात्मक अभिव्यक्तिलाई कविता भनिन्छ । लय कविताको परिचयात्मक तत्त्व हो । यस अनुच्छेदमा कविताको अर्थ, परिभाषा, कविताका तत्त्वहरू, कविताका विविध रूपहरू र नेपाली कविताको विकासक्रमबारे अध्ययन गरिएको छ ।

संस्कृत साहित्यमा अत्यधिक रूपमा काव्य शब्दको प्रयोग भएको पाइन्छ । यति मात्र होइन, काव्यलाई साहित्यकै पर्यायको रूपमा लिइएको पाइन्छ तर अचेल कथात्मक गठन र गुम्फन भएको कविता विशेषलाई काव्य भन्ने चलन छ । यसले खण्डकाव्य र महाकाव्यलाई संक्षेपमा काव्यको संज्ञा दिइएको छ । यस्तै कुनै कविको भाव वा अनुभूति विशेषतालाई लिएर लेखिएको कुनै फुटकर रचना हो भन्ने चलन बुझिन्छ । यसलाई स्फुट वा मुक्तक कविताको पनि संज्ञा दिन सकिन्छ । यस्तो खालको कवितामा सङ्क्षिप्तता, तीब्रता र प्रभावात्मकता हुन्छ तर आफैमा पूर्ण पनि हुन्छ ।[1]

## ३.१ व्युत्पत्ति

काव्य वा कविता शब्द कविबाट बनेको हो । कवि शब्द ‘कव्’ धातुमा ‘अच्’ प्रत्यय (इ) जोडिएर बनेको हो । ‘कव्’ धातुलाई व्याप्ति, आकाश अर्थात् सर्वज्ञाताको अर्थमा

---

[1] मोहन हिमांशु थापा, **साहित्य परिचय** (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०४६, पृ. ३१ ।

लिइएको छ । यसरी वैदिक साहित्यमा कविलाई सर्वज्ञ र सर्वद्रष्टाको रूपमा लिइएको पाइन्छ । यसैले कविलाई मनीषी, परिभू र स्वयम्भूका रूपमा वर्णन गरिएको छ ।[२] मनीषीलाई विद्वान् परिभूलाई चारैतिरबाट घेर्ने र स्वयम्भूलाई आफैं उत्पन्न भएको अर्थमा लिइएको छ ।[३] अर्को शब्दमा परिभूलाई अनुभूति र दृष्टिको क्षेत्रमा समेट्ने भोक्ता र द्रष्टाको रूपमा यस्तै स्यम्भूलाई आफैमा सम्पूर्ण र सर्वज्ञको अर्थमा लिन सकिन्छ । यस्तै गीतामा कविलाई ब्रह्माको रूपमा लिइएको पाइन्छ । यस्ता कविलाई सर्वज्ञ र सर्वद्रष्टाको रूपमा लिइएको छ र यस्ता कविको रचनालाई कविताको संज्ञा विभिन्न आचार्यहरूले दिएका छन् । सङ्क्षेपमा कवि-कर्मलाई काव्यको रूपमा लिएको पाइन्छ ।[४] यस्तै कवि शब्दमा 'य' (यत्) प्रत्यय लागेर काव्य शब्द बनेको हो । काव्यले कविद्वारा गरिएको रचना वा कविको सिर्जना भन्ने अर्थबोध गराउँछ ।[५]

पूर्वीय साहित्यमा काव्य र कवितालाई समान अर्थमा लिइएको पाइन्छ । कवि शब्दमा'तल्' र आ  (टाप्) प्रत्यय लागेर कविता शब्द बन्दछ । तसर्थ कविता भन्नाले कविद्वारा गरिएको रचना र कवि कर्म भन्ने बुझिन्छ । कविता शब्द अङ्ग्रेजीको पोएट्री (poetry) को नेपाली समानार्थक शब्द हो । ल्याटिन भाषामा पोएटो (poeto) ग्रीक भाषामा पोएटेस् (poetes) हुँदै अङ्ग्रेजीमा पोएट (poet) हुन आएको हो । पोएट्री (Poetry) शब्दले रचना वा कृतिलाई बुझाउँने गर्दछ । पोएट्री (poetry) र पोएम (poem) समानार्थक शब्द हुन् फ्रान्सेली भाषामा पोएम (poem) ल्याटिन भाषामा पोएमा (poema) ग्रीक भाषामा पोइमा (poima) हुँदै अङ्ग्रेजीमा पोएम (poem)  हुन पुगेको हो । पाश्चात्य जगत्मा (poet, poetry र poem) एक आपसमा सम्बन्धित रहेका छन् । poet ले कवि र रचनाकार  पोएट्र (poetry) र  पोएम (poem) ले कविता भन्ने अर्थ प्रदान गरेका छन् । काव्य सिर्जना गर्ने व्यक्तिलाई कवि भनिन्छ ।[६]

## ३.२ कविताको परिभाषा

पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले कवितालाई विभिन्न ढङ्गले परिभाषित गरेका छन् । काव्यका सम्बन्धमा पूर्वमा 'भामह' र पाश्चात्य जगत्मा 'अरस्तु' को **काव्यशास्त्र**

[२] मोहन हिमांशु थापा, **साहित्य परिचय** (दो.सं.), पूर्ववत्, पृ. ३१ ।
[३] ऐजन, पृ. ३३-३४ ।
[४] खगेन्द्रप्रसाद लुइटेल, **नेपाली कवि र कविता,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०, पृ. १ ।
[५] ऐजन ।
[६] मोहन हिमांशु थापा, **साहित्य परिचय** (दो.सं.), पूर्ववत्, पृ. ३७ ।

(politics) बाट कविताको सैद्धान्तिक परम्परा थालनी भएको हो । यही क्रममा विभिन्न ढङ्गले कवितालाई परिभाषित गर्ने काम हुँदै आएको छ । तीमध्ये केही प्रमुख परिभाषाहरू यसप्रकारका छन् :

### क) पूर्वीय दृष्टिमा कविताको परिभाषा

अ) भामहले **काव्यालाङ्कार** भन्ने पुस्तक १:१६ मा 'शब्दाथौं सहितौं काव्यम्' । अर्थात् शब्द र अर्थ युक्त रूप काव्य हो भनेका छन् ।[७]

आ) दण्डिले आफ्नो काव्यादर्श भन्ने पुस्तकमा 'शरीरं तावदीष्टर्थव्यवछिन्ना' पदावली अर्थात् अभिष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो भनेका छन् ।[८]

इ) अग्निपुराणका अनुसार अलङ्कार र गुणले युक्त दोष मुक्त भएको र सङ्क्षेपमा व्यक्त गरिएको पदावलीलाई कविता भनिएको छ ।[९]

ई) वामनले आफ्नो काव्यालङ्कारसुत्रवृत्तिमा रीतिरात्मा काव्यस्थ अर्थात् काव्यको आत्मा रीति हो भनेका छन् ।[१०]

उ) रुद्रटले आफ्नो काव्यालङ्कार भन्ने पुस्तकमा 'ननु शब्दार्थौ काव्यम्' अर्थात शब्द र अर्थ युक्त भएकोलाई काव्य हो भनेका छन् ।[११]

ऊ) आनन्दवर्द्धनले आफ्नो ध्वन्यालोक भन्ने पुस्तकमा 'काव्यस्यात्माध्वनिः शब्दार्थ शरीरं तावत् काव्यम्' अर्थात् काव्यको आत्मा नै ध्वनि हो भनेर भनेका छन् ।'[१२]

ऋ) मम्मटले आफ्नो काव्यप्रकाश भन्ने पुस्तकमा 'तद्दोषौ शब्दार्थौ सगुणवनलङ्कृति पुनः क्वापि' अर्थात् दोष रहित गुण तथा अलङ्कारले युक्त शब्द र अर्थको समष्टि भावलाई काव्य या साहित्य भनिन्छ भनेका छन् जो कहिले काही अलङ्कार रहित पनि हुन सक्छ ।[१३]

---

[७] मोहन हिमांशु थापा, **साहित्य परिचय** (दो.सं.), पूर्ववत्, पृ. ३७ ।
[८] ऐजन ।
[९] ऐजन, पृ. ४३ ।
[१०] ऐजन, पृ. ३५ ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।

**ख) पाश्चात्य दृष्टिमा**

अ) अरस्तुले भाषाको माध्यमले अनुकरण गरिने कलाको आदर्श रूप नै कविता हो भनेका छन् ।[१४]

आ) कार्लाइले तीब्रतम् दुःखकको कथा नै सबैभन्दा मीठा गीत/कविता हो अथवा कविता सङ्गीतमय अनुभूति हो भनेका छन् ।[१५]

इ) पी. सिड्नीले शिक्षा तथा मनोरञ्जन प्रदान गर्ने अनुकराणत्मक कला नै कविता हो भनेका छन् ।[१६]

ई) एडगर् एलेन पोले सौन्दर्यको लयपूर्ण सृष्टि नै कविता हो भनेका छन् ।[१७]

**ग) नेपाली विद्वान् वा साहित्यकारका दृष्टिमा**

अ) बालकृष्ण समले भावनाको बौद्धिक कोमलता नै कविता हो भनेर भनेका छन् ।[१८]

आ) माधवप्रसाद घिमिरेले शब्द सङ्गीत अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ त्यही नै कविता हो भनेका छन् ।[१९]

इ) केदारमान व्यथितले तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम समातेर वा पक्रेर भावुकतामा चढेको भाव नै कविता हो भनेका छन् ।[२०]

ई) सिद्धिचरण श्रेष्ठले मानसिक ग्रन्थि फुकाएर यथार्थताको झलक दिलाउनु यो सत्यको उद्घाटन पनि हो भनेका छन् ।[२१]

उ) मोहनराज शर्माले विचार, भाव, घटनाका लयात्मक संरचनालाई कविता भनेका छन् ।[२२]

---

[१४] मोहन हिमांशु थापा, **साहित्य परिचय** (दो.सं.), पूर्ववत्, पृ. ३७ ।

[१५] ऐजन ।

[१६] ऐजन, पृ. ३५ ।

[१७] ऐजन ।

[१८] रामप्रसाद ज्ञवाली र अन्य (सम्पा.), **नेपाली कविता, नाटक र साहित्यको इतिहास,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५९, पृ. ४ ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] ऐजन ।

ऊ) **नेपाली वृहत् शब्दकोश**मा 'कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति रचना वा काव्य कविको भाव वा कवि कर्म नै कविता हो' भनिएको छ ।[२३]

ऋ) लक्ष्मीप्रसाद देवकोटाले शाकुन्तल महाकाव्यमा 'आफूलाई सबभन्दा सच्चा तवरले छानेर, सबभन्दा छर्लङ्ग तरिकाले देखाएर आफ्नो आदर्श रूपलाई ठोस या ग्राह्य हमेसा अनुभूत गराउँनु व्यक्ति तथा जातिको कला र साहित्य हो' भनेर कविताको परिचय दिएका छन् ।[२४]

यसरी पूर्वीय र पाश्चात्य तथा नेपाली विद्वान्हरूले कवितालाई परिभाषित गरेका छन् । पूर्वीय विद्वान्हरूका अनुसार सार्थक शब्दविधान, दोषमुक्तता, सङ्क्षिप्तता, रमणीयता आदि तत्त्वहरूले कविता निर्माण भएको हुन्छ । पूर्वमा कसैले अलङ्कार पक्षलाई, कसैले अर्थ पक्षलाई, कसैले शैली पक्षलाई महत्त्व दिइएका छन् । पाश्चात्य साहित्यमा अनुकरण, छन्दोबद्धता, कल्पनाको प्रधानता, कलात्मकता, भावनाको सहजता, सौन्दर्यता, सङ्गीतात्मकता जस्ता कुरालाई स्वीकार गरेका छन् । कविको भाव वा रचनालाई कविता भनिन्छ । कविले समाजबाट विषयवस्तु टिपेर आफ्नो अनुभूति र कल्पनाले रँगाउँदै शब्दमा धेरै भन्नु कविको विशेषता हो । भाषाको मिठास र भावको गहिराइमा कविले कवितामा वर्णन गरेका हुन्छन् ।

## ३.३ कविताका तत्त्व

कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य र महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राखी कविताका घटकहरू निर्धारित छन् ती निम्न लिखित छन्: १. शीर्षक २. संरचना ३. लयविधान ४. भाषाशैली ५. कथनपद्धति ६. केन्द्रीय कथ्य तथा भावविधान ७. विम्ब विधान तथा अलङ्कार ८. व्यञ्जना । यी पक्षहरू परस्परमा आबद्ध रहने गर्दछन् ।

### ३.३.१ शीर्षक

काव्यकृतिको आङ्गिक संरचनामा शीर्ष स्थानमा रहने भएकाले यो मानवीय शारीरिक संरचनाको शीर समान महत्त्वपूर्ण हुन्छ । शीर्षक काव्यकृतिको नामाकरण मात्र नभई

---

[२३] बालकृष्ण पोखरेल, **वृहत नेपाली शब्दकोश** (पुनर्मुद्रण), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ. २०६ ।

[२४] रामप्रसाद ज्ञवाली र अन्य (सम्पा.), **नेपाली कविता, नाटक र साहित्यको इतिहास,** पूर्ववत्, पृ. ४ ।

कृतिको सम्पूर्ण भाव वा विचारको सूचक, सङ्केत वा उद्‌घाटक पनि हुनुपर्दछ ।[२५] शीर्षक विशेषीकृत भएमा यसले कृतिका अर्न्तवाह्य संरचना र भाषशैली बहन गरेको समग्र विषय वस्तुको केन्द्रीय कथ्यको मर्मलाई प्रकट गर्दछ तर केन्दीय कथ्य र शीर्षकका बिच बाहिरी वा भित्री सङ्गती नै नहुनु चाँहि विडम्बना नै हुनपुग्छ । तसर्थ अभिधा, लक्षणा र व्यञ्जना अथवा बिम्ब, प्रतीक र मिथकीय प्रयोग गरी जतिसुकै भावगत एवं शिल्पगत उचाइमा पुगेर कविता लेखिए पनि कुनै न कुनै रूपमा कविता केन्द्रीय कथ्यलाई साङ्केतिक रूपमा दर्साउन सक्नु नै शीर्षक चयनको सफलता देखिन्छ ।

## ३.३.२ संरचना

कविताको संरचना भनेको यसको बनोट हो । यसले लघु र वृहत गरी दुवै घटकलाई बुझाउँछ । कुनै वस्तुको निर्माणात्मक तत्व/घटकहरु पारस्परिक सम्बन्धको समष्टिलाई नै संरचना भनिन्छ ।[२६] वस्तुलाई आकृति प्रदान गर्ने सम्पूर्ण अवयवहरुको योग संरचना हो । हरेक कृतिहरुको आफ्नै प्रकारको संरचना हुन्छ । कविता पनि एउटा कृति भएकोले यसको पनि आफ्नै प्रकारको संरचना हुन्छ । संरचना दुई प्रकारका हुन्छन् -

क) आन्तरिक संरचना

ख) बाह्य संरचना

### क) आन्तरिक संरचना

कविता कृतिको आन्तरिक संरचना त्यस कृतिमा अँगालिएको कथनपद्धतिको माध्यमबाट थालिन्छ। सिधै कविकथन, आख्यानीकरण, नाटकीकरणका सूक्ष्म वा स्थूल प्रक्रिया पनि कथनपद्धतिका भेद हुन् । काव्यमा भावविचार वा त्यससँग सम्बन्धित सन्दर्भ सामग्रीको कथन गरिएको हुन्छ । कविताको आन्तरिक संरचना भनेको केन्द्रीय कथ्य वा भाव विचारको क्रमिक उठान, विकास र अन्तिम रागात्मक परिणतितर्फको यात्रा हो ।[२७] त्यही कथ्यको वा भाव विचारको उठान क्रमिक विकास र रागात्मक परिणतितर्फको यात्रालाई आन्तरिक संरचनाले पुनरावृत्ति सञ्चय द्वन्द्वात्मकता समवन्य र खण्डखण्डका स्वतन्त्र साहचर्यजस्ता विभिन्न प्रक्रियाबाट

---

[२५] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, ललितपुर : साझा प्रकाशन, २०४६, पृ. १७ ।
[२६] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** काठमाडौं : विभुत्र्प्रभु प्रकाशन, २०६०, पृ. ६ ।
[२७] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. ८ ।

बनोट प्रदान गर्दछ । यस्तो बनोट वृत्ताकारीय, चक्रात्मक, सरल, रैखिक र खण्डीय तथा साहचर्यात्मक पनि हुन सक्छ ।

**ख) बाह्य संरचना**

कविता कृतिको बाह्य संरचना त्यसको लयात्मक खण्ड गण भई पाउ चरण वा पङ्क्ति विधान तथा पङ्क्ति पुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग, परिच्छेदको रूपमा विस्तारित भई खण्डकाव्यमा पुग्दा सर्गयोजना पनि देखा पर्न सक्छ भने महाकाव्यमा सर्गबन्ध अनिवार्य हुन्छ । यसरी बाह्य संरचना अन्तर्गत गति, यति, चरण वा पङ्क्ति र श्लोक वा अनुच्छेद आदिको शृङ्खलित व्यवस्था देखाए तापनि आज कतिपय गद्य कवितामा भावगत प्रवाहका निरवच्छिन्नताले श्लोक वा अनुच्छेदमा विभाजित नभएर आद्योपान्त उस्तै भावावेगमा बगेको पाइन्छ । कविताको बाह्य संरचना शैलीगत प्राप्ति पनि हो ।[२८] कविताको विधा, उपविधागत आयमसँग पनि बाह्य संरचना सम्बन्धित हुने गर्दछ ।

## ३.३.३ लय विधान

कविता विधाको मुख्य विधागत परिचयात्मक स्वरूप लय विधान हो ।[२९] कवितालाई श्रुतिमाधुर्य, श्रुतिरम्यता तथा विधागत परिचय दिने तत्त्व नै लयविधान हो । यो लयविधान मुख्यरूपमा भाषिक स्वरव्यञ्जना ध्वनिको साम्य वैषम्य वितरण प्रक्रियाको चरण वा पङ्क्तिको गतिक्रम र यति विधानबाट प्रारम्भ भएको पङ्क्तिको वार्णिक, मात्रिक, आक्षरिक वितरणक्रम (आवृत्ति र अनावृत्ति) तथा यति र गतिले कविताको लयविधानमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । छन्दका कवितामा पङ्क्तिपुञ्ज वा श्लोकका पङ्क्ति वा चरणहरूमा वार्णिक वा मात्रिक वितरणको नियमबद्ध आवृत्ति हुन्छ भने गद्यकवितामा बढी मुक्तता र कम नियमितता भएको मुक्तलय हुन्छ । यसरी गद्य र पद्यको सीमावर्ती गद्यकविताले पनि लयात्मकतालाई अङ्गीकार गरेकै हुन्छ । पङिक्तगत स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्ति पङ्क्ति बिचको अन्त्यानुप्रासीयताबाट छन्द मीठो हुन्छ भने गद्य कविताको पनि अन्तर्लय

---

[२८] ऐजन ।

[२९] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** पूर्ववत्, पृ. ६ ।

संबृद्धि हुन पुग्दछ । भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनि नै लयविधान हो । कविताकृतिको भाषाशैलीले बाह्य संरचना हुँदै आन्तरिक संरचनाको क्रममा भाव, बिम्ब (अर्थतत्त्व र रूपतत्त्व) सँगै लयविधानलाई बहन गरेको हुन्छ । लयतत्त्वका निम्ति उललब्ध भाषिक विकल्पका एक सीमा भित्रैबाट लयात्मक श्रुतिरम्य चयन गर्नु खास गरी छन्दबद्ध कवितामा चुनौतीपूर्ण नै रहने गर्दछ ।[३०]

## ३.३.४ भाषा-शैली

भाषाशैली भनेको भाषाका माध्यमबाट भाव प्रकाशन गर्ने कौशल वा पद्धति हो । त्यसैका लागि उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सृजना हुन्छ ।[३१] यसै क्रममा भाषा अभिधार्थ (वाच्यार्थ) भन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्दछ । मानव आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेरै पनि पद, पदावलीगत, वाक्य र अनुच्छेदगत व्यक्तिक्रम र अतिक्रमण वा विचलनसमेतबाट भाषाशैलीले बढी व्यञ्जकता लालित्य र लयात्मकता कवितामा प्राप्त गर्दछ ।

## ३.३.५ कथन पद्धति

कविताका तत्त्वहरूमध्ये कथनपद्धति पनि एक महत्त्वपूर्ण तत्त्व हो । कवितामा मुख्यरूपले तीन प्रकारका कथनपद्धति देखा पर्दछन् । कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो । यदि कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने त्यो अर्को कथन पद्धति हो । आख्यानीकरणकै क्रममा दृश्यको चित्रण तथा संवाद मनोवादका सम्भव उपयोगबाट नाटकिकृत कथनको पद्धतिसमेत अँगाली आत्मालापी कवि आफू प्रच्छन्न नै रहन्छ भने त्यो कथन पद्धतिको तेस्रो प्रकार हो ।[३२] सामान्यतया मुक्तक र फुटकर कवितामा अन्तरआख्यान र अन्तर्नाटकीयकरणको प्रयोग गरिएको हुन्छ र कवि प्रौढोक्तिको प्रयोग कम हुन्छ ।

---

[३०] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. १८ ।

[३१] फणिन्द्रराज निरौला र लेखप्रसाद निरौला, **नेपाली कविता, नाटक र साहित्यको इतिहास** (ते.सं.), काठमाडौं : निमा पुस्तक प्रकाशन, २०६७, पृ. ७ ।

[३२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. १९ ।

### ३.३.६ केन्द्रीय कथ्य वा भावविधान

केन्द्रीय कथ्य वा भावविधान कविताको अर्को महत्त्वपूर्ण तत्त्व हो ।[३३] साहित्य मानवका जीवन जगत्को समग्र विषय वस्तु र मानवचेतनाको यावत् अनुभव पुञ्ज कवितामा अटाएको हुन्छ । सबै प्रकृतिका जीवनजगत् मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञान, विज्ञान आदिका साथै मानव मनको अनुभव व्यापार अथवा अनुभूति पुञ्ज वा भावराशिको कथन कवितामा हुन्छ । तसर्थ कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यही नै हो ।

### ३.३.७ बिम्बविधान तथा अलङ्कार

कुनै पनि कृतिमा मुख्य कथ्य वा कथन गरिएको प्रस्तुत अर्थको प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ति अर्थ नै बिम्ब हो । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कार बिम्बविधानकै उपक्रम हुन् । तसर्थ कथ्य प्रस्तुत अर्थका प्रतिच्छाया वा पूरकका रूपमा आउने अर्को सहवर्ति अर्थ बिम्ब हो ।[३४] जसरी पानी ऐना आदिमा छाँया देखिन्छ । त्यसरी नै कविताको अभिव्यक्तिमा कथ्यको प्रतिच्छायाको रूपमा बिम्ब देखापर्दछ । भावव्यञ्जक तत्त्वका रूपमा आउने बिम्बले कविताको केन्द्रीय कथ्य भावसँग सहभागी बन्दै कवितामा कलात्मक वा सौन्दर्य संवर्धक हुन्छन् । कविता कृतिका ठाउँठाउँमा आउने स्थानीय बिम्ब भने कृतिको त्यस अंशको सौन्दर्य संवर्धक हुन्छन् । बिम्बले आन्तरिक संरचनालाई सबल बनाउनुका साथै कवितालाई सौन्दर्यात्मक लालित्य प्रदान गर्दछ । जसरी पूर्वीय साहित्य चिन्तन परम्परामा अलङ्कारहरू बहुप्रचलित छन् । त्यसरी नै पाश्चात्य साहित्यमा द्वन्द्व तथा विरोधाभास स्वभाव र अतिरञ्जना, वस्तुगत र आदर्शीकरण, प्रशंसा र व्यङ्ग्यउपहास, अधिक वा न्यून कथन समान्तरण र तिरोहन आदिका अनेक बिम्बप्रतिबिम्ब र अलङ्कारका प्रविधिहरूले कवितालाई उज्ज्वल तुल्याउँछन् ।

### ३.३.८ व्यञ्जना

कवितात्मक अभिव्यक्तिमा भाषाका तीन प्रकारका प्रवृत्ति पाइन्छन् । अभिधा, लक्षणा र व्यञ्जना । अभिधाले सोझो अर्थ, लक्षणाले लाक्षणिक अर्थ र व्यञ्जनाले व्यङ्ग्यार्थक

---

[३३] ऐजन, पृ. २० ।
[३४] ऐजन, पृ. २१ ।

प्रतिपादन गर्दछ । शब्द र अर्थ दुबैको कारणले कुनै उक्ति कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ भने त्यो व्यञ्जना हो ।[३५] कवितामा अभिधाभन्दा लक्षणा र लक्षणाभन्दा व्यञ्जनाले कलात्मक तथा भावात्मक उचाइ प्रदान गर्दछ । व्यञ्जना काव्य कृतिको कुनै स्थानमा वा पुरै कृतिभरि पनि व्याप्त हुन सक्छ । जब कविताका तरेलीहरू रहेको भावक, पाठक र श्रोताले अनुभव गर्दछ, त्यस व्यञ्जना समृद्धिले कृतिको कलात्मक प्रभाव वा मूल्यलाई उचाल्दछ ।

## ३.४ कविताका विविध रूप

कविताको वर्गीकरण गर्दा पूर्व र पश्चिम दुवैतिर उल्लेखित काव्य तत्त्वहरूलाई ध्यानमा राखी आख्यान समावेशी र असमावेशी प्रबन्ध र अप्रबन्धन तथा आयामका आधारमा वर्गीकरण गरिएको पाइन्छ । यसरी फरकफरक रूपमा गरिने वर्गीकरण त्यति व्यावहारिक नहुँदा कविताका आख्यानात्मक, प्रबन्ध र आयाम तीनै पक्षलाई समेट्ने गरी निम्न लिखित भागमा वर्गीकरण गर्न उपयुक्त देखिन्छ :-

क) लघुतम रूप

ख) लघु रूप

ग) मझौला रूप

घ) वृहत् रूप

ङ) वृहत्तर रूप

### ३.४.१ लघुतम रूप

दुईदेखि चार पाउसम्मको लम्बाइमा पूर्ण हुने सबभन्दा छोटो कविता लघुतम कविता हो ।[३६] जसलाई मुक्तक भनिन्छ । कविताको सबैभन्दा सानो रूप मुक्तकमा कविको भावनाको एक झोक्का वा एक झुल्का झ्वाट्ट प्रकट हुने गर्दछ । यस्तो लघुतम रूपमा अनुभूतिका तरङ्गहरू स्वतः प्रकट हुन्छन् र दुई हरफ, पाँच हरफ वा ६ हरफमा टुङ्गिन्छ । यो रूप अतिसङ्क्षिप्त, मितव्ययी, चुड्किलो, सूत्रात्मक भाव कथनमा झिलिक्क बिजुली चक्केझैं वा सलाई कोरेझैं झ्वार्र भएको अनुभूति प्रस्फुटन हुन्छ । जस्तै गीतका टुक्रा, गजलका शेरहरू,

---

[३५] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. १९ ।

[३६] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** काठमाडौं : इन्टेलेक्च्युअज्ज बुक प्यालेस, २०६४, पृ. ४ ।

शायरी, उक्तिहरू, मुक्तक आदि । नेपाली कवितामा मोतीराम भट्टको समस्यापूर्ति परम्परादेखि मुक्तक कविताको रूप देखिन थालेको हो ।

## ३.४.२ लघु रूप

दुई वा सोभन्दा बढी श्लोकमा पूर्ण हुने छोटो कविता लघु कविता हो । यस अन्तर्गत गीत, गजल, स्तोत्र, फुटकर कविता जस्ता लघुरूपका कवितात्मक अभिव्यक्तिहरू पर्दछन् ।[३७] अर्थात् कविताको सबै भन्दा सानो रूप मुक्तकभन्दा ठूलो र मझौला रूप खण्डकाव्यभन्दा सानो एकाइ नै फुटकर कविता हो । यसमा जीवनजगत्को खास एक सन्दर्भ खास एक प्रसङ्ग र खास एक मनोदशाको प्रकट हुन्छ । यो पत्रपत्रिकामा छापिने एउटा कविता हो । लघु रूप अथवा फुटकर कविता गद्य र पद्य दुवै शैलीको हुन्छ । लक्ष्मीप्रसाद देवकोटाको *यात्री* कविता, भानुभक्त आचार्यको *नीतिको कुरा,* मोहन कोइरालाको *फर्सिको जरा,* माधव घिमिरेको *कालिगण्डकी,* तीर्थराज वन्तको *शब्द-सोपान र* ***आँखामा हिजोको इतिहास*** विभिन्न गीत र गजलहरू यस अन्तर्गत पर्दछन् ।

## ३.४.३ मझौला रूप

भाषिक कलाका रूपमा रहेको साहित्यको एक मुख्य विधा कविता विधा हो र यसै कविता विधाको एक उपविधागत भेद खण्डकाव्य हो । खण्डकाव्यका एकातर्फ कविता विधाका लघुतम र लघुरूप पर्दछन् भने अर्कोतर्फ वृहत् र वृहत्तम  रूपका मध्यम वा बिचमा अवस्थित एक उपभेद नै खण्ड खण्डकाव्य भएकाले यसलाई कविता विधाको मझौला रूप मानिन्छ ।[३८] यसमा जीवन जगतको एक अंश वा खण्डको सम्पूर्ण प्रस्तुति हुन्छ । यसको कथानक बिचैमा उठी बिचैमा टुङ्गिए तापनि आदि मध्य र अन्त्यको शृङ्खलामा अन्विति पाइन्छ । जीवनजगतका विशाल क्षेत्रबाट टिपिएको कथानकमा क्रमबद्धता भए पनि कुनै एक पक्षमा पूर्णता प्राप्त गरेको छोटो आकारको सर्गबद्ध र खण्डखण्डमा विभक्त कविताको मध्यम रूपलाई खण्डकाव्य भनिन्छ । खण्डकाव्य कुनै काव्य विशेषको खण्ड अंश वा भाग नभई यो आफैंमा पूर्णरूपाकृति प्राप्त कविताको  विकसित रूप हो । प्रयोगवादी धाराका आख्यान निरपेक्ष कवितालाई पनि संरचनागत आधारमा

---

[३७] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** पूर्ववत्, पृ. ५ ।
[३८] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. ५२ ।

खण्डकाव्य भन्ने गरेको पाइन्छ तर आख्यान निरपेक्ष अनुभूतिको विस्तार मात्र खण्डकाव्यको लक्षण होइन । खण्डकाव्यलाई स्तरीयता प्रदान गर्न अनुभूति र आख्यानका समान रूपमा प्रयोग हुनुपर्दछ ।

### **३.४.४ वृहत् रूप**

एक हजारभन्दा बढी र चार हजार नौसय उनान्सय सम्मको चतुष्पदी श्लोक संरचनागत लम्बाइ भएको कवितालाई वृहत् रूप भनिन्छ । कविता विधाको सबभन्दा विशाल आयामको यस्तो वृहत् तथा वृहत्तम उपविधागत भेद महाकाव्य हो । यसमा साङ्गीतिक भावप्रवाहका रूपमा कवित्वको प्रधान्य रहने गरी आख्यानका माध्यमबाट समग्र जीवनजगत्को विस्तृत कथन प्रायः सर्गबद्ध वृहत् लयप्रवाह र विशाल भावराशि तथा समग्र जीवनजगत्को आख्यानीकरण र भाषिक सङ्कथनका मुख्य चार पक्षमा केन्द्रित रही यिनले कवित्वको विस्तृत र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछन् ।[३९] कविताको वृहत् वा वृहत्तम रूपलाई महाकाव्य भनिन्छ । कविताको आयाम विस्तारका क्रममा लघुतम रूपदेखि फुटकर कविता हुँदै क्रमशः वृहत्तर यात्राका क्रममा कविताले आख्यानमा अनेक उपाख्यानको अपेक्षा गर्दछ । कविताको यो विकास क्रममा पात्र, घटना, वातावरण समावेश हुन्छ । विषयवस्तु, सङ्कथन, पात्र आदिको व्यापकताका कारण महाकाव्यलाई सर्ग अध्याय र अनेक खण्डमा विभाजन गरिएको हुन्छ । महाकाव्य कवितामा निबद्ध सुगठित र शृङ्खलित प्रबन्ध काव्य हो । आदि र अन्त मिलेको अनुभूतिको व्यापक र विशिष्ट रूपाकृतिलाई महाकाव्य भनिन्छ । महाकाव्यमा अनुभूतिलाई विस्तार गर्दै जीवनजगत्को सिङ्गो र सबल रूपको प्रस्तुति गरिन्छ । उदाहरणका रूपमा लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल, सुलोचना आदि महाकाव्य हुन् ।

### **३.४.५ वृहत्तर रुप**

वृहत्तर रुप वा महाकाव्य भन्दा ठूलो अथवा करिब चौबिस हजारभन्दा बढी एक लाख जतिसम्म श्लोक भएको कविताको विकसित रुपलाई नै वृहत्तम रुप भनिन्छ ।[४०] यस्तो महाकाव्यलाई आर्षमहाकाव्य पनि भनिन्छ । यसमा सर्गबन्ध अनिवार्य मानिन्छ । जस्तै : **रामायण, महाभारत** आदि । यो महाकाव्यलाई विकाशिल महाकाव्य पनि मान्न सकिन्छ ।

[३९] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** पूर्ववत्, पृ. ४ ।
[४०] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. ६४ ।

## ३.५ नेपाली कविताको विकासक्रम

सिङ्गो नेपाली साहित्यको काल विभाजनमा मतमतान्तर देखिएझैं नेपाली कविताको विकास क्रमको काल विभाजनमा पनि मत भिन्नता पाइन्छ । विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले काल विभाजन गरी प्रस्तुत गरेका छन् । बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३) पुस्तकमा वि.सं.१९६० सम्म पुरानो समय र १९६२ देखि यता नयाँ समय भनेर विभाजन गरिएको छ । यज्ञराज सत्यालले **नेपाली साहित्यको भूमिका** २०१६ मा १९ औं शताब्दीको प्रारम्भिक समय आदिकाल, १९४० देखि माध्यमिक काल र वि.सं. १९७० देखि १९७४ सम्म मध्यकाल मानिन्छ । ईश्वर बरालले नेपाली **साहित्यको काल विभाजन** (२०२२) लेखमा नेपाली कवितालाई प्राथमिक काल, माध्यमिक काल, पञ्चायत काल र प्रजातन्त्र काल गरी विभाजन गरेको पाइन्छ । बालकृष्ण पोखरेलले **राष्ट्रभाषा** (२०२२) पुस्तकमा आरम्भिक काल उत्थान काल र विकास काल गरी कविताको काल विभाजन गरेको पाइन्छ । यस्तै तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०२७) पुस्तकमा भानुभक्त पूर्वयुग, भानुभक्त युग, मोतिराम युग, क्रान्ति पूर्व युग र क्रान्ति उत्तर युग गरी काल विभाजन गरको पाइन्छ ।[४१] वासुदेव त्रिपाठीले **नेपाली कविता** भाग ४ मा नेपाली कविताको काल विभाजन यसरी गरेको पाइन्छ :

क) प्राथमिक काल (वि.सं १८२६-१९४०)

ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

ग) आधुनिक काल (वि.सं. १९७५-हालसम्म)

### ३.५.१ आधुनिक कालका उपधाराहरू

क) परिष्कारवादी धारा (वि.सं.१९७५-१९९०)

ख) स्वच्छन्दतावादी-प्रगतिवादी धारा ( वि.सं. १९९१-२०१६)

ग) प्रयोगवादी धारा (वि.सं २०१७-२०२९)

घ) समसामयिक धारा (वि.सं.२०३०-हालसम्म)

यसरी विभिन्न विद्वान् र समीक्षकहरूले कवितालाई आ-आफ्नो ढाँचा अनुरूप विभाजन गरे पनि वासुदेव त्रिपाठीले गरेको काल विभाजनमा धेरै लेखक र पाठकहरू

[४१] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** पूर्ववत्, पृ. १६ ।

सहमत भएको पाइन्छ । विभिन्न विद्वान्हरूको मतलाई अध्ययन विश्लेषण गरी समग्ररूपमा नेपाली कविताको काल विभाजन वासुदेव त्रिपाठीका अनुसार यसरी गर्न सकिन्छ ।[४२]

अ) नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०)

आ) नेपाली कविताको माध्यमिक काल (वि.सं. १८४१-१९७४)

इ) नेपाली कविताको आधुनिक काल (वि.सं. १९७५ हालसम्म)

## ३.५.२ नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६ देखि वि.सं. १९४० सम्म)

नेपाली साहित्यमा वि.सं. १८२६ देखि वि.सं. १९४० सम्मको समयावधिलाई कविताको प्राथमिक काल अन्तर्गत लिइन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणका अभियानको हाराहारीमा आरम्भ भएर मोतीराम भट्टको उदयसम्म विस्तारित भएको देखिन्छ ।[४३] नेपाली कविताको प्राथमिक काललाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छ :

क) पूवार्द्ध (वि.सं. १८२६-१८७२) वीरधारा

ख) उत्तरार्ध (वि.सं. १८७३ देखि १९४०) भक्तिधारा

## ३.५.२.१ पूवार्द्ध (वि.सं. १८२६ देखि १८७२) वीरधारा

यो धारा कविताको आदिकाल हो । यस धारामा विशेषतः वीरवन्दना, युद्ध वर्णन, राष्ट्रप्रतिको उच्च भावना, राजभक्ति, देशभक्ति, वीरहरूको स्तुतिगान प्रकट गरिएको पाइन्छ ।[४४] यस धाराका प्रर्वतक कवि सुवानन्द दास भने अन्य कविहरुमा शक्तिबल्लभ आर्ज्याल, उदयानन्द अर्ज्याल, राधावाल्लभ, सुन्दरानन्द वाँडा आदि हुन् । हाल ज्ञानमणी नेपालबाट प्राप्त हुन आएका नयाँ जानकारीलाई समेत दृष्टिगत गर्दा यस धाराका केन्द्रीय कविका रुपमा उदयानन्द अर्ज्याल देखा पर्दछन् । उनको **बेताल पचीसी** खण्डकाव्य र **पृथ्वीन्द्र** वीरकाव्यले वीर धाराको मौलिक महाकाव्यात्मक अल्पव्यक्ति समेत प्रदान गरेको छ । यस समयमा खासगरी युद्धवर्णन, वीरवन्दना, राजभक्ति, राजनैतिक सचेतता, शासक स्तुति, देशप्रेम, राष्ट्रियता, नैतिक चेत र व्यङ्ग्य चेतना आदि भाव प्रकट भएका छन् ।[४५]

---

[४२] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** पूर्ववत्, पृ. १६ ।

[४३] दयाराम श्रेष्ठ र मोहनराज शर्मा (सम्पा.), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (ते.सं.), ललितपुर : साझा प्रकाशन, २०४९, पृ. ३२ ।

[४४] फणिन्द्रराज निरौला र लेखप्रसाद निरौला, **नेपाली कविता, नाटक र साहित्यको इतिहास** (ते.सं.), पूर्ववत्, पृ. ८ ।

[४५] फणिन्द्रराज निरौला र लेखप्रसाद निरौला, **नेपाली कविता, नाटक र साहित्यको इतिहास** (ते.सं.), पूर्ववत्, पृ. ८ ।

यस धाराका कविताहरु मुक्त गद्य कविता निकट गीति चेतनाको प्रयोगका साथै नेपाली सिलोक परम्परा अनुरुप अनेक संस्कृत, वर्णमात्रिक छन्दको प्रयोग समेत भएको पाइन्छ ।

## ३.५.२.२ उत्तरार्ध (वि.सं. १८७३ देखि १९४०) भक्तिधारा

सुगौली सन्धि (१८७२) पछि नेपाली साहित्यमा मोतीराम भट्टको उदय पूर्व (१९४०) सम्मलाई भक्तिधाराको अवधि मानिन्छ ।[४६] यस अवधिमा युद्ध र राज्य विस्तार रोकिएको हुँदा वीरधारा पनि सेलाउँदै गएको छ । नेपाली मानसिकता वीर वा नायक पूजाबाट क्रमशः हटी ईश्वर भक्तितर्फ ढल्किएकोले यस चरणमा भक्तिधारा प्रवाहित भएको देखिन्छ । तसर्थ यस चरणका कविताहरुलाई भक्तिका आधारमा दुई वर्गमा बाड्न सकिन्छ :-

क) **सगुण भक्ति धारा**

ख) **निर्गुण भक्ति धारा**

**क) सगुण भक्ति धारा**

यस धारा अन्तर्गत रहेर कविता सिर्जना गर्ने कविहरुमध्ये कसैले भगवान् श्री कृष्ण र कसैले पुरुषोत्तम रामचन्द्रको स्तुतिगान गरे । यस कारण यो धारा पनि निम्न लिखित दुई धारामा बाडियो :

**अ) कृष्ण भक्ति धारा** :- यो धारा नेपाली कविता क्षेत्रमा सुगौलि सन्धि पश्चात भक्तिधारा अन्तर्गत पहिला देखा परेको धारा हो । यस धाराका कविहरुले वासुदेव र देवकीका सुपुत्र एवम् सोह्रहजार गोपिनीका प्रियपात्र भगवान् श्री कृष्णको जीवनलीलासँग सम्बन्धित विषयलाई लिएर कविता रचना गरेको पाइन्छ ।[४७] यस धाराका प्रमुख कवि र तिनका कृतिहरुमा इन्दिरसको **गोपिका स्तुति,** विद्यारण्य केशरी अर्ज्यालको **युगल गीत** र **द्रौपति स्तुति**, वसन्त शार्मा लुइँटेलको **श्रीकृष्ण चरित्र,** र **समुद्र लहरी,** वीरशाली पन्तको **विमलबोधानुभव** र **सरस प्रेमावली** र **हीनव्याकरणी**, विद्यापतिको **राघबाह्रमासा, सातराग सातनायिका, गीतवाणी, गीतगोविन्द**, पतन्जली गजुर्‍यालका **बालगोपाल वाणी, हरिभक्त माला, जैमनीभारत, अध्यात्मरामायण** र **बालुन** आदि ।

---

[४६] ऐजन ।

[४७] ऐजन, पृ. ९ ।

कृष्ण भक्तिधाराका कविहरुले फुटकर कविता साथै खण्डकाव्यात्मक स्तरका कृतिहरुको पनि रचना गरेका छन् । कृष्णभक्ति प्रवृत्तिका कविहरुमा गुणस्तर र प्राप्तिका दृष्टिले वसन्त शार्मा लुइँटेल प्रमुख कवि मान्छिन् ।

**आ) रामभक्ति धारा :** प्राथमिक कालीन नेपाली कविताको उत्तरार्द्धतिर पुरुषोत्तम रामलाई आराध्यदेव मानेर भक्तिभावले ओतप्रोत भएका कविताहरु लेख्न थालियो । खासगरी श्रीरामका जीवनगाथालाई विषय बनाई कवितात्मक अभिव्यक्ति दिने रामभक्ति धाराका कवि र तिनका कृतिहरुमा रघुनाथ पोखेलको **सुन्दरकाण्ड**, भानुभक्त आचार्यको **भक्तमाला, प्रश्नोत्तरी, रामायण, बधुशिक्षा, रामगीता, बालाजु वर्णन** र **कान्तिपुर वर्णन** रहेका छन् ।[४८]

रामभक्ति धाराका केन्द्रीय प्रतिभा भानुभक्त आचार्य हुन् । कवितात्मक अभिव्यक्ति र कलाको गुणस्तरीयता दृष्टिले उनको **रामायण** महाकाव्य यस धाराको मात्र नभई सिङ्गो प्राथमिक कालकै प्रतिनिधि रचना मानिन्छ । उनको केही फुटकर कविता र **बधूशिक्षा** मौलिक रचना हुन् भने अन्य रचना संस्कृतबाट रुपान्तरण गरिएका भए पनि तिनमा मौलिकताको आभास पाइन्छ । शास्त्रीय छन्दलाई सरल र सरस भाषाशैलीका माध्यबाट कविता लेख्ने कवि भानुभक्त आचार्य हुन् ।

### ख) निर्गुण धारा (सन्त धारा)

यस धाराका कविहरूले ईश्वरलाई ब्रह्माको रूप मान्दछन् । ईश्वरका साकार रूपलाई अस्वीकार गरी निराकार वा आत्मापक्षको वर्णन गरिएको पाइन्छ ।[४९] साथै यो जगत् मिथ्या हो, ब्रह्मा सत्य हो भन्दै ब्रह्मालीन हुन पुग्दछन् । यस धाराका कवितामा जातिभेद, अत्याचार, दुराचारको विरोध र मानवताको समर्थन एवं मुक्तिलाई कविताको विषय बनाइएको छ । यस धाराका कवि र तिनका कृतिहरू मध्ये शशीधरको **गुरुपूजा, तत्त्वगीता, अजयगीता, भजनसङ्ग्रह, सचितानन्द लहरी,** अगम दिलदासको **राग निर्गुण, सोह्र निर्गुण कविता,** ज्ञान दिलदासको **उदयलहरी** भजन सङ्ग्रह, अखण्ड दिलदासका **पाँच निर्गुण** भजन प्रमुख रहेका छन् ।

---

[४८] ऐजन ।

[४९] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** पूर्ववत्, पृ. २१ ।

यस धाराका मूल प्रवृत्ति अन्याय, अत्याचार, दुराचार आदि असत् पक्षको विरोध, सदाचार, मानवता जस्ता सत् पक्षको समर्थन र मुक्तिको चाहना, हिन्दी मिश्रित नेपाली भाषाको प्रयोग गर्नु, ईश्वरको निराकार रूपको वर्णन गर्नु, समाज सुधार, सामाजिक विसङ्गति र विकृतिको विरोध आदि रहेका छन् ।

## ३.५.२ नेपाली कविताको माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली कवितामा मोतीराम भट्टको आगमनसँगै माध्यमिककालको उदय भएको हो ।[५०] वि.सं. १९४१ मा मोतीरामले भानुभक्तको सुन्दराकाण्ड छपाएपछि नेपाली कविता मुद्रण युगमा प्रवेश गरको हो । मोतीराम भट्टको समयदेखि सुरु भएर सुक्तिसिन्धु (१९७४) को प्रकाशनसम्मको अवधि माध्यमिक काल हो । तत्कालीन शासकहरूलाई खुसी पार्न कविहरूले शृङ्गारिक कविताहरू लेखेर सुनाई मनोरञ्जन दिलाउने काम गर्दथे, जसले गर्दा शृङ्गारिक प्रवृत्ति नै यसकालका कविहरूको मुख्य प्रवृत्ति हो । मोतीराम भट्ट, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, कृष्णप्रसाद रेग्मी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी आदि यस समयका प्रमुख कविहरू हुन् ।

प्रवृत्तिगत आधारमा यस काललाई दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

क) पूर्व माध्यमिक काल (वि.सं. १९४१-१९६१)

ख) उत्तर माध्यमिक काल (वि.सं. १९६२-१९७४)

### क) पूर्व माध्यमिक काल ( वि.सं. १९४१-१९६१)

मोतीराम भट्टको नेतृत्वमा मोती मण्डली गठन भएपछि सामूहिक कविता लेखन, समस्यापूर्ति कविता लेखन र गजल लेखन परम्परा अघि बढको थियो । मोती मण्डलीमा शृङ्गारिक कविता लेखनको वर्चस्व कायम थियो । यस समयका कवि र कविताहरू मध्ये मोतीराम भट्टको पिकदूत (१९४५), पञ्चक, प्रपञ्चक (१९४८), वेश्यावर्णन (१९८३), द्यूतशतक् (१९७६), चन्द्रप्रताप वर्णन (१९६८), लक्ष्मीदत्त पन्तको कि ऊ जानोस् कि मै जानुँ, अन्य फुटकर कविताहरू, राजीवलोचन जोशीको पतिव्रता धर्म, केदारकल्प, विदुरनीति आदि प्रमुख रहेका छन् ।

---

[५०] ऐजन, पृ. २२ ।

यस कालको मूल प्रवृत्ति शृङ्गारिकता नै हो । यस समयमा शिष्ट शृङ्गारिक कविता लेखिएका छन् । यस कालका केन्द्रीय कवि मोतीराम भट्टको अगुवाई वा नेतृत्वमा यो चरण अघि बढेको छ । यस चरण वा कालका प्रवृत्तिहरू मध्ये भक्तिभावबाट शृङ्गारिकतामा प्रवेश गर्नु, धार्मिक, नैतिक, पौराणिक, औपदेशिक, सामाजिक आदि विषयवस्तुमा आधारित कविता लेख्नु, मनोरञ्जन, सन्देशमूलक र व्यङ्ग्यात्मक कविता लेख्नु, उपमा,रूपक, अनुप्रास आदि अलङ्कारको स्वाभाविक प्रयोग गर्नु आदि रहेका छन् ।

### ख) उत्तर माध्यमिक (वि.सं. १९६२-१९७४)

**कविताकल्पद्रुम** सामूहिक कवितासङ्ग्रह वि.सं.१९६२ मा प्रकाशित भएपछि उत्तरमाध्यमिक काल सुरु भएको हो ।[५१] सुन्दरीहरूको नखशिख वर्णनमा केन्द्रित भई कविता लेख्ने प्रवृत्तिका कारण यस कालका कविहरूलाई अश्लीलताको दोष पनि लगाइन्छ । यसै धारामा समस्यापूर्तिका साथै गजल परम्परा पनि हुर्कदै गएको हो । लोक परम्पराले खास गरी लहरीकाव्य मार्फत वि.सं. १९७० देखि माध्यमिक कालको उत्तरार्धको शृङ्गार धारामा नयाँ हलचल ल्याउँन थालेको हो । लोकलय, लोकगाथा र लोकगीतका बान्कीबाट प्रेरित **आनन्दलहरी, मायालहरी** एवं **प्रेमलहरी** जस्ता कृतिले शिष्ट शृङ्गारिक धारालाई नौलो आयाम थपेको छ । यस चरणका केही प्रमुख कवि र तिनका रचनाहरुमा शम्भुप्रसाद ढुङ्गेलको **पञ्चक, प्रपञ्च** (१९६१), **चन्द्रप्रताप वर्णन** (१९७०), **वेश्या वर्णन** (१९८३), रामप्रसाद सत्यालको **पतिव्रता, मनसादेवी** (१९८५), लेखनाथ पौड्यालको **विरहिणीका उपर सखीको प्रश्न** (१९७४) आदि प्रमुख रहेका छन् ।

नेपाली कविताको उत्तर माध्यमिककाल शृङ्गारिक कवितासङ्ग्रह **सूक्ति सिन्धु** (१९७४) प्रकाशित भएपछि उत्कर्षमा पुगेको देखिन्छ । यस कालका कविताहरूमा संस्कृतका शृङ्गारिक शैलीको प्रयोग भएको पाइन्छ ।

माध्यमिक कालको विशेषताहरु मध्ये सामुहिक कविता लेखन, मुद्रण युगको थालनी, सम्भोग- विप्रलम्भ, शिष्ट-अशिष्ट शृङ्गारको कवितामा प्रयोग, समकक्षी कविता लेखन, कवितामा नीति शिक्षा र औपदेशिकताको स्वर पाइनु, समस्यापूर्ति र

[५१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. १११ ।

गजल लेखन परम्पराको प्रयोग, संस्कृत अनुवाद रूपान्तरणको निरन्तरता, प्रकृति चित्रण आदि रहेका छन् ।

### ३.५.३ नेपाली कविताको आधुनिक काल (वि.सं.१९७५ देखि हालसम्म)

माध्यमिककालीन शृङ्गारिक कवितासङ्ग्रह सूक्ति सिन्धु (वि.सं१९७४) पछि नेपाली कविताको आधुनिक काल सुरु भएको हो ।[५२] नेपाली साहित्यमा **सुक्ति सिन्धु**को प्रकाशन र त्यसमाथिको सरकारी प्रतिबन्धले गर्दा कवि लेखकहरूमा नवीन भावभूमिको खोजीका लागि नीति, उपदेश, समाज सुधार, प्रकृति वर्णन, मानवतावाद, आध्यात्म जस्ता आदि नवीन विषय वस्तुहरू थपिएका हुन् । व्याकरणसम्मत लेखन प्रारम्भ भई लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्यमा सामाजिक संस्कृतिक पुनर्जागरण देखिएको हो । बौद्धिक भावनाको समन्वय, भाव र शैलीको सन्तुलन, गद्य र पद्यात्मक अभिव्यक्ति जस्ता आधारले माध्यमिक कालबाट आधुनिक काललाई छुट्याएको छ ।

नेपाली कविताको आधुनिक काललाई विभिन्न उपधाराहरूमा विभाजन गरेर हेर्न सकिन्छ :

क) परिष्कारवादी धारा (वि.सं. १९७५-१९९० सम्म)

ख) स्वच्छन्दतावादी धारा (वि.सं.१९९१-२०१६ सम्म)

ग) प्रयोगवादी धारा (वि.सं.२०१७-२०२९ सम्म)

घ) समसामयिक धारा (२०१७-२०२९ सम्म)

### ३.५.३.१ परिष्कारवादी/शास्त्रीयतावादी धारा (वि.सं.१९७५-१९९० सम्म)

**सूक्ति सिन्धु**को प्रकाशनपछि देवकोटाको उदय पूर्वसम्मको समयलाई आधुनिक नेपाली कविताको परिष्कारवादी धारा भनिन्छ ।[५३] यस धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन् । माध्यमिककालीन शृङ्गारिक धाराको अन्त्य र नैतिक, धार्मिक बौद्धिक, आध्यात्मिक, औपदेशिक चेतनाको थालनी यसै धाराबाट भएको हो ।

यस धाराले भाषिक व्याकरणिक परिष्कारसहित, बौद्धिक र सामाजिक चेतना, अध्यात्मवाद र मानवतावादको चित्रण गर्दछ । यस धारालाई शास्त्रवादी, शास्त्रीयतावाद,

---

[५२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. ११३ ।

[५३] रामप्रसाद ज्ञवाली र अन्य (सम्पा.), **नेपाली कविता, नाटक र साहित्यको इतिहास,** पूर्ववत्, पृ. ११ ।

अभिभाज्यवाद जस्ता धारा पनि भनिन्छ । शास्त्रको सीमाभित्र रहेर नियमको पूर्ण पालना गरी साहित्य सिर्जना गर्नु नै परिष्कारवादी धाराको मूल विशेषता हो । लेख्य व्याकरणको अनुशासनमा रही कविता लेख्ने र कविताका भाव, लय, भाषाशैली र शिल्प संरचनामा संयमका साथै सन्तुलन एवं परिष्कार-परिमार्जन चाहने परिप्रेक्ष्यमा नै मुख्यतः यस धारालाई परिष्कारवादी भनिएको हो ।

कवितालाई शास्त्रीय नियम अनुसार परिष्कार र परिमार्जन गरी तिनमा भएका कसरमसरलाई पूर्णरूपले हटाएर आत्मपरक अभिव्यक्तिभन्दा वस्तुपरकतामा जोड दिंदै साहित्यिक नियमकै बन्धनमा रही अभिव्यक्तिगत स्तरीयताको निर्वाह गर्नु यस धाराको आफ्नै पहिचान हो ।

कविताको फुटकर रूपदेखि खण्डकाव्य र महाकाव्यसम्मको सिर्जना यस धारामा भएको छ । यस धाराका प्रमुख कवि र तिनका कृतिहरूमा लेखनाथ पौड्यालका (वि.सं. १९४१-२०२२) **ऋतु विचार** (१९७३-९१), **सत्यकालि संवाद** (१९७६), **गीताञ्जली** (१९८६), **तरुण तपसी** (२०१०), **मेरो राम** (२०११), **लालित्य** भाग १ (कवितासङ्ग्रह २०१०), **लालित्य** भाग २ (कवितासङ्ग्रह २०२५), आदि सोमनाथ सिग्द्यायालका **आदर्शराघव** आदि, चक्रपाणि चालिसेका **चक्रकवितारङ्गिणी** (२०१५) आदि, धरणीधर कोइरालाका **नैवेद्य** (१९७७), **स्पन्दन** (२००४) आदि । महानन्द सापकोटाका **मनलहरी** (१९८०), **आहुती** (२००६), **विशाल नेपाल** (२००८), **हाम्रो नेपाल** (२००८), **आँटे** (२००९) आदि, कुलचन्द्र गौतमका **अलङ्कार चन्द्रोदय** (१९४५), **राघालङ्कार** (२०१६) आदि, माधवप्रसाद सापकोटा **हुस्सुपथिक** (२०१०), **फूलबारी** (२०१९), **रस गौरव** (२०३०), **तरङ्ग** (२०३४) आदि, बालकृष्ण समका **आगो र पानी** (२०११), **चिसो चुल्हो** (२०१५), **बालकृष्ण समका कविता** (२०३८) आदि रहेका छन् ।

यस धाराका अन्य कविहरूमा पारसमणि प्रधान, हर्कजङ्सिङ राई, रामचन्द्र गिरी, गम्भीर राई, भूतदास राई, पुष्पलाल उपाध्याय, भरतराज पन्त, कृष्णप्रसाद घिमिरे, भरतराज मन्थलीय, हेमचन्द्र पोखरेल, गोविन्दप्रसाद भट्टराई, विनोदप्रसाद धिताल आदि रहेका छन् ।

परिष्कारवादी धाराका प्रमुख प्रवृत्तिहरूमध्ये परिष्कृत र परिमार्जित भाषा शैलीको प्रयोग, सौन्दर्य चेतनामा तीव्रता र शिल्प सचेतता, सामाजिक, सांस्कृतिक पुनर्जागरणको स्वर, पूर्वीय आध्यात्मिक ज्ञान र पाश्चात्य विज्ञानको प्रयोग, सामाजिक नीति, नियम, अनुशासन र मर्यादाप्रति जोड दिनु, लेख्य व्याकरणको नियम अनुसार कविता लेखिनु आदि रहेका छन् ।

### ३.५.३.२ स्वच्छन्दतावादी धरा (वि.सं.१९९१-२०१६ सम्म)

**शारदा** पत्रिका (१९९१) को प्रकाशनसँगै यस धाराको उदय भएको हो ।[५४] यस धाराका केन्द्रीय कवि अर्थात् प्रर्वतक लक्ष्मीप्रसाद देवकोटा हुन् भने सहप्रवर्तक सिद्धिचरण श्रेष्ठ हुन् । यो धारा वि.सं. १९९१ देखि २००३ सम्म विशुद्ध स्वच्छन्दतावाद र वि.सं. २००४ देखि २०१६ सम्म स्वच्छन्दवादी र प्रगतिवादी धारा संयुक्त रूपमा हुर्कदै अगाडि बढेको छ । सन् १९९८ को वर्डस्वर्थ र कलरिजका लिरिकल ब्यालेडलाई स्वच्छन्दतावादको घोषणा पत्रको रूपमा लिइन्छ ।[५५] यो वाद १९ औ शताब्दीमा युरोपमा नवपरिष्कारवादको विरोधमा देखा परेको हो । बौद्धिकताको विरुद्ध हार्दिकता, नियम संयम, अनुशासनका विरुद्ध मुक्त सहजता, स्वतन्त्रता, समानता र भातृत्वमा आधारित यो वाद मानवतावाद जस्ता मूल्य, मान्यता र आदर्शहरू ग्रहण गर्दै अगाडि बढको छ । यो वाद रुसोको प्रकृतितर्फ फर्क अर्थात् ब्याक टु नेचर (Back to Nature) भन्ने सिद्धान्तबाट प्रेरित छ ।

वस्तुताभन्दा वैयक्तिकताका भावावेगमा बढी रमाउने यस वाद प्रकृति प्रेम,मानवतावाद, क्रान्ति चेतना र स्वच्छ लेखन मूल विशेषता हुन् । मानव, प्रकृति र ईश्वरको त्रिकोणात्मक अध्ययन नै स्वच्छन्दतावाद हो । यस धाराका प्रमुख कवि र तिनका कृतिहरूमा लक्ष्मीप्रसाद देवकोटाका (१९६६-२०१६) महाकाव्यमा **शाकुन्तल** (२००२), **सुलोचना** (२००३), **प्रमिथस** (२०२८), **वनकुसुम** (२०२५), **महाराणा प्रताप** (२०२४), **पृथ्वीराज चौहान** (२०४९) खण्डकाव्यमा **मुनामदन** (१९९२), **कुञ्जिनी** (२००२), **वसन्ती** (२००९), **पहाडी पुकार** (२००५), **रावण जटायु युद्ध** (२०१५), **म्हेन्दु** (२०१५), **लुनी** (२०२५), **मैना** (२०३९) आदि, कवितासङ्ग्रहमा **पुतली** (२००९), **भिरवारी** (२०१०), **सुनको बिहान** (२०१०), **छहरा** (२०१६), **गाइनेको गीत** (२०२४), **नवरस** (२०२५), **लक्ष्मी कवितासङ्ग्रह** (२०३३), निबन्ध सङ्ग्रहमा **दाडिमको रुखनेर** (२०३९) र **लक्ष्मी निवन्धसङ्ग्रह** (२००३) आदि कथामा **लक्ष्मी कथासङ्ग्रह**, नाटकमा **सवित्री सत्यवान** तथा **चम्फा** उपन्यास रहेका छन् । सिद्धिचरण श्रेष्ठका (१९६९-२०४९) **कोपिला** (२०२१), **कुहिरो र घाम** (२०४५), सिद्धिचरण श्रेष्ठका **प्रतिनिधि कविता** (२०४५), **तिरमिर तारा** (२०४६), **बाँचिरहेको आवाज** (२०४६) आदि कविता र  खण्डकाव्यमा **उर्वशी** (२०१७), **ज्यानमारा शैल** (२०२३), **मंगलमान** (२०४९), **आँसु** (२०५०) आदि कृति रहेका छन्, युद्धप्रसाद मिश्र (१९७४- २०४७) का

[५४] कृष्णप्रसाद आचार्य, **पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति,** ललितपुर : साझा प्रकाशन, २०६२, पृ. ११२ ।
[५५] ऐजन ।

कवितासङ्ग्रहहरुमा **चरा** (१९९४), **बाढी** (२०४०), **कवि युद्धप्रसाद मिश्रका कविताहरू** (२०४८) र खण्डकाव्यमा **मुक्ति रामायण काण्ड** (२०२७), **मुक्त सुदामा** (२०२९), **वेनबध** तथा कथासङ्ग्रहहरुमा **अमर कथा** (२०१५) आदि कृति रहेका छन् ।

माधवप्रसाद घिमिरे (१९७६ असोज ७) का कवितासङ्ग्रहमा **नव मञ्जरी** (१९९४) बाल कवितासङ्ग्रहमा **घामपानी** (२०१०), **बाललहरी** (२०२६), **किन्नर किन्नरी** (२०३३) खण्डकाव्यमा **पापिनी आमा** (२०१३), **नयाँ नेपाल** (२०१३), **राष्ट्र निर्माता** (२०२३), **धर्तीमाता** (२०३०), **राजेश्वरी** (२०१७) आदि र नाटकमा **शकुन्तला** (२०३२) तथा **मालती मङ्गले** गीतिनाटक (२०३५) आदि कृति रहेका छन् । केदारमान व्यथित (१९७१) का **सङ्गम** ( २००९), **जुनेली** (२००८), **त्रिवेणी** (२०१५) आदि कविता कृति रहेका छन् । भूपि शेरचन ( १९९२-२०४६) का **नयाँ झ्याउरे** (२०१०), **निर्झर** (२०१५), **घुम्ने मेच माथि अन्धो मान्छे** ( २०२६) आदि कृति रहेका छन् । . हरिभक्त कटुवालका **सम्झना** (२०१७), **सुधार** (२०२२), **पूर्वीकिरण** (२०२२), **यो जीन्दगी खै के जीन्दगी ?** (२०२९) आदि कृति रहेका छन् । म.वी.वि शाह (१९७७) का कवितासङ्ग्रहमा **उसैका लागि** (२०१५), **फेरि उसैका लागि** (२०२१), **अझ उसैका लागि** (२०४५) आदि कृति रहेका छन् । अगमसिंह गिरी (१९८५-२०१७) का **आत्मव्यथा** (२०१६) र **आँसु** (२०२४) आदि कृति रहेका छन् । पारिजातको (१९९४-२०५०) **पारिजातका कविताहरू** एकमात्र कवितासङ्ग्रह रहेको छ । गोपालप्रसाद रिमालको (१९६५-२०३०) **आमाको सपना** (२०२०) एकमात्र कवितासङ्ग्रह रहेको छ । कालिप्रसाद रिजालको (१९९७) **ज्वारभाटा** (२०१९) र **रिजालका केही कविता** (२०१५) कृति रहेका छन् । क्षेत्रप्रताप अधिकारीको (१९९९) कवितासङ्ग्रहमा **रहर लागेर** (२०२४), **गाम बेसीका गीत** (२०३३), **नफुलेका फूलहरू** (२०५३) आदि कृति रहेका छन् ।

नेपाली कविताको स्वच्छन्ता धाराका प्रमुख विशेषतामध्ये शिल्पपक्ष भन्दा भावपक्षमा जोड दिनु, परिष्कारवादी अनुशासनका विरुद्ध भिन्न प्रवृत्तिको अनुशरण गर्नु, पाश्चात्य प्रभावबाट देवकोटाको केन्द्रीयतामा सुरु भई निकै पछिसम्म प्रवाहित धारा, व्यङ्ग्य, विद्रोह, क्रान्ति र स्वतन्त्रताको चाहना, वर्णमात्रिक, मात्रिक, वार्णिक र गद्यलयका कविता लेखिनु, गद्य कविताको थालनी विस्तार र संवर्धन, स्वच्छन्दतावादी, प्रगतिवादी, मानवतावादी चेतना, सामाजिक उन्नति र प्रगतिको चाहना राख्दै मार्क्सवादी चिन्तनको कवितात्मक प्रस्तुति आदि प्रमुख रहेका छन् ।

### ३.५.३.३ प्रयोगवादी धारा (वि.सं. २०१७–२०२९)

**रूपरेखा** पत्रिकाको प्रकाशन सँगसँगै छिटपुट रूपमा देखा परेको प्रयोगवादी प्रवृत्ति मूल प्रवृत्तिको रूपमा २०१७ सालबाट नेपाली कविताको क्षेत्रमा जबरजस्त देखा परेको छ । वि.सं. २०१७ मा **रूपरेखा** पत्रिकामा मोहन कोइरालाको **घाइते युग** कविता प्रकाशन भएपछि यस धाराको सुरु भएको हो । यस धाराका प्रवर्तक र केन्द्रीय कवि मोहन कोइराला हुन् ।[५६]

प्रयोगवादी कविता लेखनकै सेरोफेरोमा वि.सं. २०२० मा दार्जलिङबाट तेस्रो आयाम नामक कविता आन्दोलन थालनी भएको पाइन्छ । यसको नेतृत्व ईश्वर बल्लभ, इन्द्रबहादुर राई र बैरागी काइँलाले गरेका छन् । आयामेली आन्दोलनका कविताले जीवनको लम्बाइ, चौडाइ र गहिराइ व्यक्त गर्दै अमूर्त चित्रकला र साङ्केतिक भाषा प्रयोगमा जोड दियो । यसै किसिमको प्रयोगवादी धाराभित्र रहेर कविता लेख्ने कवि र तिनका कृतिहरूमध्ये मोहन कोइराला (१८८३-२०६३) का **हिमचुली रक्तिम छ** (२०३५), **सारङ्गी बोकेको समुद्र** (२०३४), **मोहन कोइरालाका कविता** (२०३०), **लेक** (२०५५), **नुन शिखरहरू** (२०३१), **नदी किनारका माझी** (२०३८), **नीलो मह** (२०४०), **पलङ नम्बर २१** (२०२८), **सूर्यदान** आदि कृति रहेका छन्, मोहन हिमांशु थापाका (वि.सं १९९३) **खुकुरी माथि एक चौटा वादल** (२०३०) एक मात्र कवितासङ्ग्रह रहेको छ, द्वारिका श्रेष्ठ (१९९७) का **शीतको थोपा** (२०१५) र **द्वारिका श्रेष्ठका कविता** (२०३४) आदि कृति रहेका छन्, कृष्णभक्त श्रेष्ठ (१९९७) का **कृष्णभक्त श्रेष्ठका कविता** (२०३३) एकमात्र कवितासङ्ग्रह रहेको छ, जगदीशशमशेर राणाको **नरसिंह अवतार** (२०३७) एकमात्र कवितासङ्ग्रह रहेको छ, उपेन्द्र श्रेष्ठ (१९९२) को **निम्तो** (२०१७), **पञ्चायत** (२०१८), **उपेन्द्र श्रेष्ठका कविता** (२०३९) आदि कवितासङ्ग्रह रहेका छन्, ईश्वर बल्लभ (१९९४) को **आगाका फूलहरू हुन्,आगाका फूलहरू होइनन्** (२०२९), **एउटा सहरको किनारमा** (२०३४), **समान्तर** (२०३८), **कस्मै देवाय** (२०४२) कवितासङ्ग्रहहरु रहेका छन्, वैरागी काइँला (१९९६) का **वैरागी काइँलाका कविता** (२०३१) एकमात्र कवितासङ्ग्रह रहेको छ, कुमार नेपाल (१९९०) का **चर्केको पर्खाल** (२०१९) एकमात्र कवितासङ्ग्रह रहेको छ, बानिरा गिरी (२००३) का **एउटा जिउँदो जङ्गबहादुर** (२०३१), **जीवन थायमरु** (२०३४), **मेरो अनिष्ठा** र तुलसी दिवस (१९९८) का **तुलसी दिवसका कविता** (२०५०) प्रमुख रहेका छन् ।

---

[५६] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** पूर्ववत्, पृ. ४१ ।

प्रयोगवादी धाराका मूल प्रवृत्तिहरू मध्ये क्लिष्ट, दुरुह,दुर्बोध्य र जटिल कविता सिर्जना गर्नु,  बौद्धिकता र चिन्तनशीलताको प्रस्तुति, युगीन जीवनका विकृति, विसङ्गति, निस्सारता, निराशा, अर्थहीनता र कुण्ठाका प्रस्तुति, अर्थने र नअर्थने कविताको सिर्जना, अपरम्परित बिम्ब, प्रतीक र मिथकको प्रयोग गर्नु, जीवनलाई तेस्रो कोणबाट हेर्ने आयामेली आन्दोलनको सूत्रपात,  परम्पराभन्दा भिन्न भाषाको खोजी, विचलनयुक्त भाषाशैलीको प्रयोग, अतियथार्थवादी, विसङ्गतिवादी र अस्तित्त्ववादी चिन्तनको प्रयोग आदि रहेका छन् ।

### ३.५.३.४ समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म)

नेपाली कविताको विकासक्रमका सन्दर्भमा खासगरी वि.सं. २०३० का दशकको मध्येदेखि हालसम्मको समयावधिलाई नै समसामयिक धारा भनिन्छ । प्रयोगवादी कविताहरू दुर्बोध्य र जटिल भएकाले कविहरूले कवितामा सरलताको खोजी गर्न थालेपछि यस समयमा तत्कालीन राजनैतिक अवस्था, प्रयोगवादी दुर्बोध्य र जटिलताका विरुद्ध राल्फा, योङ्ग राइटर्स फ्रन्ट, बुटपालिस, अमलेख, अस्वीकृत जमात जस्ता विभिन्न आन्दोलन र अभियानहरू चलाएको पाइन्छ ।[५७]

वि.सं. २०३६ को जनमत सङ्ग्रहपछि नेपाली कवितामा नयाँनयाँ चिन्तन देखा परेको छ । समसामयिक यूगिन मान्यता, सामाजिक मूल्य मान्यता, अशिक्षा, गरिबी, पछौटेपन आदिलाई कवितामा चित्रण गर्दै राष्ट्रिय मूल्य, मान्यता र प्रगति जस्ता समसामयिक चरणबाट कविता अघि बढ्न थालेको पाइन्छ । वि.सं. २०३६ को राष्ट्रिय जनमत सङ्ग्रह, वि.सं. २०४६ को जनआन्दोलन र वि.सं. २०६३ को दोस्रो जनआन्दोलनलाई मूल विषयवस्तु बनाई राष्ट्रियताप्रति बढी सचेत र संवेदनशील भएर कविता लेख्न थालिएको छ । देशका सामाजिक, आर्थिक, राजनैतिक अवस्थाप्रति व्यङ्ग्य विद्रोह र यथार्थ एवं प्रगति जस्ता पक्षमा कविहरू केन्द्रित हुन थालेका हुन् । हवाइपत्र लघुपत्रिकाका माध्यमबाट पनि कवितालाई पाठक समक्ष पुऱ्याउने कामसमेत भएको पाइन्छ । मूलतः गद्य लयको प्रयोग गरिएका यस अवधिका कवितामा अंशतः शास्त्रीय छन्दको प्रयोग पनि भएको पाइन्छ । कविहरूले आफ्ना कविताहरूमा व्यक्तिगत नभएर समष्टिगत अभिव्यक्तिलाई प्रस्तुत गर्दै भावना, कथ्य, विचार र शिल्पलाई एकैसाथ अगाडि बढाएको पाइन्छ । यसै समयमा स्वदेश तथा विदेशबाट सडक कविता क्रान्ति, कोलाज

---

[५७] ऐजन, पृ. ४५ ।

आन्दोलन, तरलतावाद जस्ता कवितामै केन्द्रित भएका अभियानहरू पनि चलाइएका छन् । यिनको सङ्क्षिप्त परिचय तल दिइन्छ :

**अ) सडक कविता क्रान्ति**

वि.सं. २०३६ जेष्ठ १० मा भएको जनमत सङ्ग्रह सम्बन्धी शाही घोषणाले कविहरूमा आएको राजनैतिक जागरणबाट सडक कविता क्रान्ति प्रारम्भ भएको हो ।[५८] यो आन्दोलनको प्रमुख उद्देश्य स्वतन्त्र रूपमा बहुदललाई समर्थन गर्नु र अभिव्यक्तिगत स्वतन्त्रताको स्वर उराल्नु हो । हरिभक्त कटुवाल, भवानी घिमिरे, मोहन कोइराला, ध्रुव सापकोटा, शैलेन्द्र साकार, अशेष मल्ल, कुमुद देवकोटा लगायत २५० जना भन्दा बढी कविहरूले यस अभियानमा भाग लिएका थिए ।

**आ) कोलाज आन्दोलन**

वि.सं. २०३७ तिर आसाममा भएको विदेशी लखेटाइलाई कविताका माध्यमबाट विरोध गर्ने उद्देश्यले यो आन्दोलन प्रारम्भ भएको हो ।[५९] अविनाश श्रेष्ठ, नवीन सापकोटा, मित्र उपमन्यु, दिलीप सिंह, बालकृष्ण उपाध्याय लगायत यो आन्दोलन सञ्चालनमा १५० जति प्रवासी नेपाली कविहरूको संलग्नता रहेको थियो ।

**इ) तरलतावाद**

वि.सं. २०४० फणीन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठका सक्रियतामा यो आन्दोलन चलाइएको हो ।[६०] कविताले युगीन समय र परिवेशको चित्रण मात्र नगरेर सार्वकालीन शाश्वत सत्यको उद्घाटन गर्नु पर्ने धारणा यी कविहरूको छ । केही मात्रामा प्रयोगवादी प्रवृत्ति पाइने यस आन्दोलनले पनि निरन्तरता पाउन सकेको छ ।

**ई) जनआन्दोलन कविता**

वि.सं. २०४६ सालको जनआन्दोलनलाई नैतिक रूपले समर्थन गर्दै प्रत्यक्ष रूपमा सहयोग गर्ने उद्देश्यले पुराना तथा नयाँ युवा कविहरूको ठूलो समूहले विद्रोह एवं क्रान्तिकारी कविताहरू लेखेको पाइन्छ ।[६१] वसन्तको खोजीमा (२०४६),

[५८] ऐजन, पृ. ४६ ।
[५९] ऐजन, पृ. ४७ ।
[६०] ऐजन, पृ. ४७ ।
[६१] ऐजन, पृ. ४७ ।

पग्लेरपनि तिम्रो मुटुबाट (२०४६), आन्दोलन कविता (२०४७) सहिद कविता (२०४७) आदि यस अवधिका कृतिहरू हुन् ।

यी कविताहरू आन्दोलनको सुरुको अवस्था, आन्दोलन  चलिरहेको मध्य अवस्था र स्थगित भएको तीन अवस्थाहरूको चित्रण गरिएको पाइन्छ ।[६२] यस जनआन्दोलन कवितामा संलग्न हुने कविहरूमा पारिजात, ध्रुवचन्द्र गौतम, ईश्वरवल्लभ, वासु शशी, मनु ब्राजकी, मोदनाथ प्रश्रित, विमल निभा, सरला विष्ट, प्रकाश सायमी, पूर्णविराम, दिनेश अधिकारी आदि  अनेक कविहरु रहेका छन् ।

## ३.६ निष्कर्ष

कविता  पनि साहित्यका अनेक विधा मध्ये एक हो । यस विधालाई पूर्वीय, पाश्चात्य तथा नेपाली आचर्य (विद्वान्) हरूले आ-आफ्नो तरिकाले परिभाषित गरेका छन् लयात्मक भाषका माध्यमबाट जीवन र जगत् सम्बन्धि विचारको सौन्दर्यपूर्ण एवम् कलात्मक अभिव्यक्ति नै कविता हो । कविले समाजका विषयवस्तुलाई टपक्क टिपेर आफ्नो अनुभूति वा कल्पनाले रङ्गाउँदै मीठो भाषामा वर्णन गरेका हुन्छन् ।

कविताको आन्तरिक संरचना, विषयवस्तु, शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य तथा भाव विधान, बिम्ब विधान तथा अलङ्कार र व्यञ्जना आदि प्रमुख तत्त्व हुन् । कविताका आख्यानात्मक प्रबन्धन र आयाम तीनै पक्षलाई समेट्ने गरी कवितालाई लघुतम रूप, लघुरूप, खण्डकाव्य र महाकाव्य गरी वर्गीकरण गर्न सकिन्छ । सिङ्गो नेपाली साहित्यको काल विभाजनमा मतमतान्तर देखिएझैं नेपाली कविताको विकास क्रमको काल विभाजनमा पनि मत भिन्नता पाइन्छ । विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले विभाजन गरे तापनि वासुदेव त्रिपाठीले नेपाली कवितालाई तीन भागमा यसरी विभाजन गरेका छन्- (क) प्राथमिक काल (वि.सं १८२६-१९४०) (ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४) ग) आधुनिक काल (वि.सं. १९७५-हालसम्म) आधुनिक कालका पनि विभिन्न उपधाराहरूमध्ये परिष्कारवादी धारा (वि.सं. १९७५-१९९० सम्म) स्वच्छन्दतावादी धारा (वि.सं.१९९१-२०१६ सम्म) प्रयोगवादी धारा (वि.सं.२०१७-२०२९ सम्म) समसामयिक धारा (२०१७-२०२९ सम्म) रहेका छन् ।

समसामयिक धाराअन्तर्गत पनि विभिन्न समयमा विभिन्न ठाउँबाट पुराना तथा नयाँ पुस्ताका कविहरूले कवितामै केन्द्रित भएका अभियानहरू पनि चलाइएका छन् ।

---

[६२] ऐजन ।

# चौथो परिच्छेद

# कविता तत्त्वको आधारमा आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको विश्लेषण

# चौथो परिच्छेद

# कविता तत्त्वको आधारमा आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको विश्लेषण

## ४.१ आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको विश्लेषण

तीर्थराज वन्तको कावितासङ्ग्रह **आँखामा हिजोको इतिहास** वि.स. २०५३ मा प्रकाशित भएको हो । यस कवितासङ्ग्रहमा १०५ वटा कविताहरू सङ्ग्रहित छन् । यस कवितासङ्ग्रहको भूमिका श्यामलले लेखेका हुन् । साहित्यलाई पूर्ण रूपाकृति प्रदान गर्न केही संरचक तत्त्वहरू आवश्यक हुन्छन् । यिनै तत्त्व वा घटकबाट कविताको निर्माण हुन्छ । कविता संरचनाका लागि शीर्षक, संरचना केन्द्रीय कथ्य वा भाव विधान, दृष्टिविन्दु, लयविधान, भाषाशैली, बिम्बालङ्कार विधान जस्ता घटकहरू आवश्यक पर्दछन् । यिनै तत्त्वहरुका आधारमा प्रस्तुत कवितासङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ ।

## ४.२ संरचना

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको बाह्य संरचना मध्यम आकारको छ । यसमा १०५ वटा फुटकर कविताहरू छन् । यो कवितासङ्ग्रह १२८ पृष्ठको छ । पृष्ठ १ देखि १० सम्म भूमिका खण्ड र विषय सूची छ भने पृष्ठ ११ देखि १२८ पृष्ठ सम्म १०५ वटा कविताहरू सङ्कलित छन् । प्रत्येक कविताको अन्त्यमा कविता लेखेको ठाउँ र स्थान लेखिएको छ । कविताको लघु संरचनामा भावनाको एक झुल्को प्रकट भएको हुन्छ । वन्तका कविताहरूमा यस्ता दुईदेखि चारवटा झुल्का समावेश भएका छन् । **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहभित्रका कविताहरूको आन्तरिक संरचना पनि सङ्गठित नै देखिन्छ । प्रत्येक कविताहरू गति, यति र लयमा बाँधिएका छन् । पद, पदावली, उपवाक्य र अनुच्छेदहरू एउटा संरचनामा बाँधिएका छन् ।

## ४.३ शीर्षक

शीर्षक आङ्गिक संरचनामा शीर्ष स्थानमा रहने भएकाले यो मानवीय शारीरिक संरचनाको शीर समान महत्त्वपूर्ण हुन्छ । शीर्षक काव्यकृतिको नामाकरण मात्र नभई कृतिको सम्पूर्ण भाव वा विचारको सूचक वा उद्घाटक पनि हुनुपर्दछ । शीर्षक कुनै अभिधात्मक र कुनै प्रतीकात्मक जुन सुकै पनि हुन सक्छन् । **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहभित्रका कविताका शीर्षकहरू पनि अभिधात्मक र प्रतीकात्मक दुवै छन् । त्यसमा *वसन्तको बाटोमा प्रतिक्षा, सङ्घर्षका पाइलाहरू, बन्देज, यात्रा, रात र दिनको कथा, जन्मोत्सव- एक मृत्यु बोध, सहीदीको चेतना, असुरक्षाको त्रास, शङ्काका धर्काहरू, पाठशाला जाने नानीहरू, सीमाभित्र खोज, च्यातिएको मानिस, आगमन, जीवन चेतना, सहर सहर जस्तो छैन, तातिएका पाइलाहरू, थकाई र बास, आमाको व्यथा, अँध्यारोमा, मानिसको माया, लठ्ठिएका आँखाहरू, दन्त्य कथामा, बुँख्याचा, घेराभित्र बन्दी, दर्शन र विश्वास, हाम्रो इतिहास, शान्तिको अवतार, भविष्यको झिल्को, उत्सव, बाटो खुले जस्तो, राजधानी सहरमा, केही अुनभूति, राष्ट्रिय भाषण, जन्मदिन, विक्रीको वस्तु, जीवनोत्सव, नयाँ आवर्तन, भत्किएको मन, ज्यालादारहरूको ऱ्याली, क्रान्तिको रूप, मूल सहर, रगतको तर्पण, चेतना र चिन्तन, कर्फ्यूभित्रको जीवन, एउटा जागिरे, स्वार्थका डन्डा, जिन्दगी, शान्तिको चक्र, बन्दकमा परेका खुशीहरू, सपना-जपना, केही चस्काहरू, उत्सवहीन जन्म, युद्धहोइन चाहना, सभ्यताको श्राप, केही अभिव्यक्ति, जाडोको भाउ, आफ्नो अस्तित्त्व, आफैलाई हेर्दा, सपनामा मानिस, स्वर्णिम भविष्य, स्वतन्त्रताको विम्ब, सलाम, हाम्रो ज्योति, उकुसमुकुस, अर्को सत्य, नयाँ जिन्दगीमा, आमालाई पत्र, अभावको फन्का, यसपालीको बाढी, मेरो नयाँ वर्ष,* कविताका शीर्षकहरू अभिधात्मक भएको पाइन्छ ।

*मेरो लुगा, घोडा र तवेला, आँगनमा पहिरो, एटम बम र फूल, कुहिरोमा सूर्य, काठमान्डू, फोहोर र पर्यटक, काडमान्डू र अनुहारहरू, लट्ठिएका आँखाहरू, अन्धाकारलाई सलाम, विद्रोही जुत्ताहरू, एउटा मात्र ढोका भएको घर, बन्दुक र शान्तिको सपना, समुद्र र सूर्य, भात निर्माणको सूत्र, तीनचुसे त्रिशूलहरू, सूर्य, उडाइएका अनुहार, चुचुरोको चट्टान, बन्दुकका गोलीहरूलाई, देवताहरू, मेरो पृथ्वी, समुद्र किनारमा, मातेको मानिस, जल-उत्सव, बासी अनुहार तस्विरको देश, पुरानो कोट, यो घर,* यी कविताका शीर्षक प्रतिकात्मक छन् । त्यसैले शीर्षक र कविताको मूल भाव वा विचारसँग नङ र मासुको सम्बन्ध हुनु पर्दछ ।

## ४.४ केन्द्रीय कथ्य र भावविधान

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा उत्साह, रति,शोक,स्थायी भावसँग वीर, हास्य, शृङ्गार, करुण रसको प्रभावकारी अभिव्यक्ति प्रकट भएको छ । **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह भित्रका धेरैजसो कविताहरूमा वीर,हास्य र करुण रसको बढी प्रभावकारी अभिव्यक्ति भएको छ । जस्तैः वसन्तको बाटोमा प्रतीक्षा, सीमाभित्र खोज, बन्दुक र शान्तिको सपना, हाम्रो इतिहास, आमाको व्यथा, शान्तिको अवतार,सङ्घर्षका पाइलाहरू आदि । उत्साहभावले भरिपूर्ण सङ्घर्षका पाइला र मेरो आँगन कविताबाट प्रतिनिधिमूलक कवितांशका रूपमा केही अंशहरू तल प्रस्तुत गरिएको छ :

क) अन्धकारको गहिरो गर्भ तोड्न
हत्केलामा दीयो लिई
मानिसहरू अघि बढी रहनेछन्
सङ्घर्षका पाइलाहरू
अध्यारोको उर्लदोलहरालाई
शक्तिले चिरेर
अन्नत पथमा भाइ रहेछन्

(सङ्घर्षका पाइलाहरू, २०४१ : १४)

हत्केलामा दीयो लिएर अन्धकारको गहिराइ तोड्न मानिसहरू सङ्घर्षका पाइलाहरू अध्यारोको उर्लदो लहरालाई शक्तिले पन्छाउँदै अनन्त पथ धाइरहेका छन् अर्थात् क्रान्तिको उर्लदो भेललाई शक्तिले पन्छाउँदै देशमा शान्ति ल्याउन मानिसहरू अनन्त पथमा धाइरहेका छन् भने भाव माथिको कवितांशमा व्यक्त भएको छ ।

ख) मेरो आँगनको डिलसम्म
क्रान्तिको लहरहरू
आउँदै जाँदैगर्दछन्
अनि मेरा साथीहरू
इतिहासका पाना पल्टाउँदै भन्दछन्
क्षितिजमा नयाँ बिहान ओर्लन्छ होला ।

(**मेरो आँगनमा**, २०४२ : २५)

देशमा क्रान्तिका लहरहरू आउँदै जादै गर्दछन् । इतिहासका पान्ना पल्टाउँदै मेरा साथीहरू अब त पर्खाल तोडिन्छ होला र क्षितिजमा नयाँ बिहान आउँछ होला भन्ने आशा गरिरहेका छन् भन्ने भाव माथिको कवितांशमा पाइन्छ ।

यस्तै हाँसो भावले भरिपूर्णकेही कविताका अंशहरू तल दिइएका छन् -

ग) यसपाली किन हो कुन्नि
रायोको सागको हरियाली पनि
हाम्रा आँखालाई
सार्है सार्है महङ्गो थियो
फागु त फुकेको थियो
तर वन्ध्याकरणको सीमाले
एक चिम्टी सिन्दूरले
कसैको सिउँदो रँगाउने साहस जुटेन

(वसन्तको बाटोमा प्रतीक्षा, २०४० : १२)

माथिको कवितांशमा हाँसो व्यङ्ग्य भाव अभिव्यक्त गरिएको छ । यसपालि रायोको साग पनि सार्है नै महँगो लाग्यो । फागु त फुकेकै हो तर पनि बाँधिनुको सीमाले गर्दा एक चिम्टी सिन्दूरले कसैको सिउँदो रँगाउने साहस जुटेन भन्ने भाव व्यक्त गरिएको छ । अर्थात् देशमा बढ्दै गइरहेको महँगीप्रति हासो व्यङ्ग्य भाव प्रहार गरिएको पाइन्छ ।

घ) मेरी बूढी बज्यैको दन्त्यकथामा
अप्सराहरू इन्द्रणीको बाटो गरी
धर्तीमा ओर्लिन्थे
विश्वासको स्वर्गसँगै लिएर
आँखीझ्यालबाट छिरेको प्रकाशमा
मलाई लाग्यो
यो कोठा नै स्वर्ग हो
म बज्यैको आँखामा हेर्थे
तर बज्यैको आँखा भने
एक हातको पिउरीबाट

तन्किँदै गएको रेशामा
ओहोरदोहोर गरिरहेको हुन्थ्यो ।

(दन्त्यकथामा, २०४४ : ४७)

माथिको कवितांशमा हास्यव्यङ्ग्य भाव व्यक्त भएको पाइन्छ । मेरी बूढी बज्यैको दन्त्यकथामा विश्वासको स्वर्गसँगै लिएर अप्सराहरू इन्द्रेणीको बाटो गरी यस धर्तीमा ओर्लिन्थे । घरको आँखीझ्यालबाट कोठामा प्रकाश छिरेपछी कोठा नै स्वर्ग जस्तो लाग्थ्यो । म दन्त्य कथा भनिरहेकी मेरी बज्यैको आँखामा हेर्थें तर बज्यैको आँखा भने बत्ती कातिरहेको पिउरीको एक हातको डोरोमा ओहोरदोहोर गरिरहन्थ्यो भनिएको छ ।

प्रेम वा रतिभावले सजिएको कविताहरू पनि यस सङ्ग्रहभित्र छन् । यसमा उदाहरणको रूपमा *रात र दिनको कथा* र *आगमन* शीर्षकको कविताबाट केही अंश तल प्रस्तुत गरिएको छ :

ङ) दिनभरको व्यथा
मेरो आत्माकथा सुनाउँन
ढोकाको सङ्घारमा
दीयो बाली पर्खिरहनु
निशालाई पनि सँगै ल्याउने छु ।

(दिन र रातको कथा, २०४१ : १९)

माथिको कवितांशमा प्रेम वा रतिभाव व्यक्त भएको छ । प्रेमीले आफ्नो प्रेमिकालाई ढोकाको सङ्घारमा दीयो बालेर बसिरहनु म तिमीलाई दिनभरको कथा र व्यथा सुनाउन निशालाईसँगै लिएर आउने छु भन्ने भाव व्यक्त गरिएको छ ।

च) प्रभाव रेखाहरू कोरिँदै आए
अब तिम्रो रेखाहरू फैलिँदै आए,
खुल्दै खुल्दै आयो मेरो आँखामा

(आगमन, २०४३ : ३५)

माथिको कवितांशमा प्रेम वा रतिभाव अभिव्यक्त भएको छ । प्रेमीको आगमनले प्रेमिका हर्षित भएकी छन् । यस्तै वन्तको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा करुण भावले सजिएका कविताहरू पनि छन् । तीमध्ये *हाम्रो ज्योति, च्यातिएको मानिस* र *मेरो पृथ्वी* कविताबाट केही अंश तल दिइएको छ :

छ) एउटा पुरानो मानिस च्यातिएको छ

भरियाको भोटो जस्तै ।

(च्यातिएको मानिस, २०४३ : ३४)

माथिको कविताांशमा करुण भाव व्यक्त भएको छ । यहाँ भरियाको भोटो च्यातिएको जस्तै गरिब दुःखी मानिसको अवस्था पनि दयनीय छ ।

ज) आँखा राख्दा पनि नविझ्भाउने पृथ्वी

आज किन विविध प्रदूषणले

छियाछिया भई दुःखित छ ।

(मेरो पृथ्वी, २०४९ : १०९)

माथिको कविताांशमा पृथ्वीको कारुणिक अवस्थाको चित्रण गरिएको छ । आँखामा राख्दा पनि नबिझ्भाउने पृथ्वी आज विभिन्न प्रदूषणले दुर्गन्धित हुन पुगको छ भन्ने करुण भाव अभिव्यक्त गरिएको छ ।

## ४.५ दृष्टिविन्दु

यस **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा कविले बहु दृष्टिविन्दुको प्रयोग गरेका छन् । कविले आफ्नो मनमा उब्जेका भाव वा विचारलाई म पात्रको रूपमा उपस्थित भएर त्यसैको माध्यमबाट व्यक्त गरेका छन् । कविले आफ्ना मनका, विचार,कल्पना र अनुभूतिलाई अन्य पात्रहरूको माध्यमबाट नभई कवि स्वयम् आफूलाई उपस्थित गराएर वर्णन गरेका हुनाले समग्र रूपमा यस कवितासङ्ग्रहमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । *वसन्त, मेरो लुगा, बन्देज,रात र दिनको कथा, मेरो आँगन, जन्मोत्सव एक मृत्युबोध, तातिएका पाइलाहरू, अध्यारोमा, दर्शन र विश्वास,भात निर्माणको सूत्र, राजधानी सहरमा केही अनुभूति, राष्ट्रिय भाषण, सूर्य, विक्रिको वस्तु, एउटा जागिरे, एकछिन समुद्र किनारामा, उत्सवहीन जन्म, व्यापार, आँखामा उठेका हात, आफ्नो अस्तित्व, स्वर्णिम भविष्य, अभावको फन्का* आदि शीर्षकका कविताहरू प्रथम पुरुष दृष्टिविन्दु वा कवि प्रौढोक्ति कथनपद्धतिमा लेखिएका छन् । त्यस्तै *वसन्तको बाटोमा प्रतीक्षा, सङ्घर्षका पाइलाहरू, यात्रा, घोडा र तबेला, एटम बम र फूल कुहिरो र घाम, शहिदीको चेतना, असुरक्षाको त्रास, शंकका धर्काहरू, पाठशाला जाने नानीहरू, सीमा भित्र खोज, पर्खालहरू, च्यातिएको मानिस, आगमन, जीवन चेतना, सहर सहर जस्तो छैन, कुहिरोमा सूर्य, काडमाण्डू फोहोर र पर्यटक*

*आमाको व्यथा, लठिएका आँखाहरू, हाम्रो इतिहास* आदि शीर्षकहरूका कविताहरू तृतीय पुरुष दृष्टिविन्दु वा कविनिबद्ध वक्तृप्रौढोक्ति कथनपद्धतिको शैलीमा लेखिएका छन् । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको दुईवटा कविताहरू उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ:

क) बिस्कुन सुकाउने मेरो आँगनमा
भोलिको सूक्ष्म आशा मात्र बाँकी छ
भोका भकारी नै बगाइ सके
म त खुम्चेर बाँचेकी छु
भाँसिदै गएको किनार समातेर

(आँगनमा पहिरो, २०५७ : २२)

प्रत्येक साल दोहोरी दोहोरी आउने बाढीले बगाएर बिस्कुन सुकाउने आँगनको सानो भाग मात्र बाँकी छ, । भोकका भकारीहरू पनि बगाइसके त्यसैले यहाँ कवि अर्थात् म पात्र खुम्चेर बाँचेको छु भन्ने म पात्रको माध्यमबाट भावहरू अभिव्यक्ति भएको यस कवितांशमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

ख) म त काठमान्डू आइपुगेछु
यस राजधानी सहरमा
यहाँ कसैले कसैलेलाई स्वागत गर्दैन
यहाँ मान्छे खुल्दै खुल्दैन स्थिति जस्तो सुकै होस् देशको
यहाँ मानिस बसेका हुन्छन्
केबल अनास्था पोको पारेर
स्वार्थको विन्तिपत्र कोरेर

(राजधानी सहरमा, २०४६ : ६५)

माथिको कवितांशमा राजधानी सहर काठमाडौंमा बस्ने मानिसहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । राजधानी सहरका मान्छे स्वार्थी हुन्छन्, कसैले कसैलाई स्वागत गर्दैनन्, मान्छे खुल्दै खुल्दैनन् । देशको परिस्थिति जस्तोसुकै भए पनि अनास्थाको पोको बोकेर मानिस बसिरहेका छन् । आफू काठमाडौं सहर पुगेको र त्यहाँका मानिसहरूको व्यवहार स्वार्थी भएको भाव यस कवितांशमा पाइन्छ । कविले म पात्रका माध्यमबाट विभिन्न भाव र

विचारहरू अभिव्यक्त गरेकाले यस कवितांशमा प्रथम पुरुष दृष्टिविन्दुको प्रायोग गरिइएको छ ।

ग) म युद्धलाई धपाउँन चाहन्छु
म युद्धलाई पछ्याउँन चाहन्छु
मलाई नसोध आज के लेख्छौ ?
स्वतन्त्रताको उद्वेगमा म आफ्नो व्यथा कोर्छु
आज म आफ्नो अस्तित्त्वको कथा कोर्छु

(आफ्नो अस्तित्त्व, २०४९ : १०८)

माथिको कवितांशमा कविले युद्धको चाहना होइन, शान्तिको चाहना गरेका छन् । तिमी आज के लेख्छौ भनेर मलाई नसोध म त स्वतन्त्रताको आफ्नो व्यथा र अस्तित्त्वको कथा कोर्छु । म पात्रको माध्यमबाट अत्थित्ववादी भाव प्रकट भएको यस कवितांशमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

तृतीय पुरुष दृष्टिविन्दु प्रयोग भएका कविताहरू मध्येबाट केही उदाहरण तल प्रस्तुत गरिएका छन्ः-

घ) मानिसको छातीभरि भएर रंगमंगिदा
एक छिन लाग्छ
रगतले मुछिएको पाटा
हाम्रो घर हुन सक्दैन
भुलै भुलका शीशामहलमा
सजिएर बसेको मानिस
त्यो बुद्ध हुनै सक्दैन

(सङ्घर्षका पाइला, २०४१ : १४)

तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरिएको माथिको कविताशंमा हत्या, हिंसा, युद्ध आदिको कारणले गर्दा मानिसको रगतै रगतले धर्ती लतपतिएको छ । धर्तिभरि रगतै रगत भएको पाटा या हाम्रो देश हुन सक्दैन भने ठूलाठूला सिसामहलमा सजिएर बसेकाहरू बुद्ध हुनै सक्दैनन् भन्ने भावको अभिव्यक्ति भएको छ ।

## ४.६ लयविधान

कवितालाई श्रुतिमाधुर्य, श्रुतिरम्यता तथा विधागत निजत्व प्रदान गर्ने र कविताको मुख्य परिचयात्मक तत्त्वको रूपमा लयविधान रहेको छ । लयविधान मुख्य रूपमा भाषिक स्वर व्यञ्जन ध्वनिको साम्य बैषम्यगत वितरण प्रक्रियाको चरण वा पङ्क्तिको गतिक्रम र यतिविधानबाट प्रारम्भ भएको हुन्छ । पङ्क्तिको वार्णिक र आक्षरिक वितरण क्रम तथा गति र यतिले कविताको लय विधानमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।[1] मानव मनमा उत्पन्न हुने विभिन्न भावहरूलाई अभिव्यक्ति गर्ने माध्यम भाषा हो । विभिन्न अमूर्त तथा सूक्ष्म विचार एवं कल्पनाहरूको प्रकटीकरण सामन्य भाषाका मध्यमले हुन सक्दैन । त्यसैले कविताको भाषा विशिष्ट हुन्छ । कविताको भाषाशैली भनेको अभिव्यक्त गर्न चाहेको भाव,अर्थ वा विचारका लागि सुललित, रागात्मक, व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य श्लोक वा अनुच्छेद सृजना गर्ने शैली हो ।[2] **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहको भाषा शैली सरल, सहज, र सरस छ । यस सङ्ग्रहमा विषयवस्तु अनुरूपको भाषाशैलीको प्रयोग गरिएको छ । **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहका सम्पूर्ण कविताहरू गद्य लयमा लेखिएका छन् । प्रत्येक लहरहरूमा आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग पूर्णतया सचेत नदेखिए तापनि प्रायजसो स्थानमा यिनीहरूको प्रयोग गरिएकाले कविता रोमाञ्च, लयबद्ध एवं श्रुतिमधुर बनेका छन् । कविताहरूमा तत्सम, तद्भव, आगन्तुक आदि शब्दहरूको प्रयोग पनि सहज रूपमा गरिएको छ । साथै यस कवितासङ्ग्रहमा कविको भावनाका झोक्काहरूलाई २ देखि ४/५ अनुच्छेदमा व्यक्त गरिएको छ । लयविधानलाई स्पष्ट पार्नका लागि **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहबाट केही कविताका अंशहरू यहाँ प्रस्तुत गरिएका छन् ।

क) गरे के हुँदैन यहाँ
एक लहर भई उठे
स्वतन्त्र मन हाम्रो
एक रहर भई उठे

(नयाँ जिन्दगानीमा, २०५० : १२१)

---

[1] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धानत र नेपाली कविताको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६६, पृ. ११३ ।

[2] ऐजन ।

सबैजना एक जुट भएर काँधमा काँध र हातमा हात मिलाएर एकै लहरमा उठे जे पनि गर्न सकिन्छ । असम्भव काम पनि सबैजना एकजुट भयौं भने सजिलैसँग गर्न सकिन्छ । कोही कसैको अधीनमा नबसी अर्थात् कसैको बन्धनमा नबसी स्वतन्त्र भई एउटै इच्छा र आकांक्षा लिएर उठे यहाँ जे गर्न पनि सकिन्छ । अर्थात् सबैजना एक आपसमा नफुटी एकजुट भएर लाग्ने हो भने यो धर्तीलाई स्वर्ग बनाउँन सकिन्छ ।

माथिको कवितांशमा अन्त्यानुप्रासबाट पनि लयको सृजना गर्ने प्रयास गरिएको छ । लहर भई उठे रहर भई उठे जस्ता शब्दहरूले कविता लयबद्ध बनेको छ साथै कविताको भाषाशैली पनि सरल र सहज छ ।

ख) शान्तिको पाठ पढेर आऊ
कलिला मन भरि
भविष्यक्रान्ति साथ लिएर आऊ
आदि न अन्त छ लडाइको आफैसँग मानिसको
त्यसकारण विद्रोह बोलिरहेछु निरन्तर
हाँसेर मर्ने ज्ञानलाई
आँखाभरि हालेर
ढुङ्गाको इतिहास पढेर आऊ ।

(पाठशाला जाने नानीहरू, २०४२ : ३०)

माथिको कवितांशमा पाठशाला जाने नानीहरूले आफ्ना कलिला मनभरि शान्तिको पाठ पढेर आऊ, भविष्यमा क्रान्ति गर्ने जोश लिएर आऊ, यहाँ त लडाइँको न त सुरु नै छ, न त अन्त्य नै छ । मानिस आ-आफै लडिरहेछन्, निरन्तर विद्रोह भइरहेको छ । त्यस कारण देश र जनताको मुक्तिको खातिर हाँसी हाँसी मर्ने ज्ञानलाई आँखाभरि हालेर ढुङ्गाको इतिहास पढेर आऊ भनी पठशाला जाने नानीहरूलाई अनुरोध गरिएको छ । उक्त कवितांशमा अन्त्यानुप्रास लय योजना पाइन्छ । पढेर आऊ, लिएर आऊ, पढेर आऊ, जस्ता शब्दहरूबाट अन्त्यानुप्रास सृजना गरिएको छ र यसले लयात्मकताको सृजना पनि गरेको छ ।

## ४.७ भाषाशैली

तीर्थराज वन्तको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहका भाषाशैली सरल,सहज र सरस छ । यस सङ्ग्रहमा विषयवस्तु अनुरूपको भाषाशैलीको प्रयोग गरिएको छ । यस

कारणले गर्दा कविता रोमाञ्चक, लयबद्ध र श्रुतिमाधुर्य बनेको छ । मीठो भाषाशैली प्रयोग गरिएका केही अंशहरू यहाँ प्रस्तुत गरिएको छ :

क) अतीतलाई सम्झेर निद्रा लागेन
अनि एउटा पत्र लेखे आमालाई
आऊ थुम्थुम्याई देऊ
मेरा परेलालाई
मेरा आँखा भित्र बसेर

(आमालाई पत्र, २०५० : १२३)

अतीतलाई सम्झेर निद्रा नलागेपछि आऊ मेरो आँखाभित्र बस, मेरा परेलाहरूलाई थुमथुम्याऊ भन्दै आमालाई पत्र लेखिएको माथिको कवितांश मीठो भाषाशैलीको प्रयोग गरेर लेखिएको छ :

ख) यस वर्ष हाम्रो देशमा
निकै ठूलो बाढी आयो
असङ्ख्य मानिसको क्षति भयो
सहानुभूति र सहयोगको ओइरो लाग्यो
डुब्नेहरूको दुःखमा आँसुका भेल बगे
यही भेलमा फेरि नेपाली बगे ।

(यसपालिको बाढी, २०५० : १२६)

मीठो भाषाशैलीको प्रयोग गरेर लेखिएको माथिको कवितांशमा वर्सैपिच्छे आउने बाढी यस वर्ष पनि आएको छ । धेरैको धनजनको क्षति भएको छ । सहानुभूति दिने र सहयोग गर्नेको ओइरो लागेको छ भन्ने भाव अभिव्यक्त भएको छ ।

## ४.८ बिम्बालङ्कार विधान

लेखकले जीवनजगत्को विभिन्न क्षेत्रबाट बिम्ब प्रतीकहरू लिएको हुन्छन् । कवि वन्तले पनि यस कवितासङ्ग्रहमा विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् । यहाँ *लुगा, झ्याल, ढोका, घोडा, तबेला, आँगन, पहाड, बादल, फूल, बम, पर्खाल, कुहिरो, सूर्य, भात निर्माणको सूत्र, त्रिशूल, चट्टान,घर, समुद्र* आदि बिम्ब प्रतीकहरूको प्रयोग गरिएको छ ।

अलङ्कार भनेको गहना वा आभूषण हो । सुन चाँदीको गहनाले मानव शरीरको शोभा बढाए जस्तै अलङ्कारले काव्यको सौन्दर्य बढाउने काम गर्दछ । यसले कवितालाई लयात्मक तुल्याउन र भाव सौन्दर्यको अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ ।

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा विभिन्न अलङ्कारहरूको प्रयोग गरिएको पाइन्छ । यसमा अनुप्रास (आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास) वृत्यनुप्रास, श्लेष आदि शब्दालङ्कार राम्रोसँग प्रयोग गरिएको पाइन्छ । यस्तै उपमा रूपक, दृष्टान्त, उत्प्रेक्षा, स्वभावोक्ति, व्यतिरेक, दीपक, सन्देह आदि अर्थालङ्कारको पनि प्रयोग गरिएको पाइन्छ ।

यस कवितासङ्ग्रहबाट केही कविताहरू उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ-

**क) अनुप्रास अलङ्कार**

कति महङ्गो भएको
यो दाल, चामल
यो साग पनि
यस्तै कुरा जोड्दा जोड्दै
यस्तै कुरा कोर्दा कोर्दै
दिन रात जीवनका बितिसकेका छन्
यहाँ पनि मेरो म्याद किटि सकेका छन् ।

(व्यापार, २०४८ : १००)

अनुप्रासका छेकानुप्रास,वृत्यनुप्रास,अन्त्यानुप्रास र लाटानुप्रास गरी चार भेद छन् । तिनीहरूको तल उदाहरण सहित प्रस्तुत गरिएको छ ।

**ख) छेकानुप्रास**

अनेक व्यञ्जनको उसै क्रममा एक पटकमा मात्र आवृत्ति भएमा छेकानुप्रास हुन्छ । **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहभित्रका कविताहरूमध्ये छेकानुप्रास अलङ्कार प्रयोग गरिएको केही कविताका अंशहरू तल दिइएका छन् :

पैसाले पाप र पापले पैसा कमाएको
तर धोएको छु परिणाम दुवै दोषको

यहाँ पैसा र पाप पैसाका रूपमा '**पा**'र '**पै**' को उसै क्रममा एक पटक मात्र आवृत्ति भएको छ ।

**ग) वृत्यानुप्रास**

स्वतन्त्रताको उद्वेगमा म आफ्नो व्यथा कोर्छु
आज म आफ्नो अस्तित्त्वको कथा कोर्छु
यहाँ एउटै 'आ' को अनेक पटक आवृत्ति भएको छ ।

**घ) लाटानुप्रास**

हातहरू मध्येबाट हात छान्ने पक्षमा छन्
मेरा आँखाहरू हात चुम्दा चुम्दै

(आँखा उठेका हात, २०४८ : १०१)

यहाँ हात शब्दकै पुनरुक्ति भएको छ । एउटा हातको तात्पर्य राम्रो हात भन्ने हुन्छ भने अर्को हातको तात्पर्य सामान्य हात भन्ने हुन्छ ।

**ङ) उपमा अलङ्कार**

दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान)को सादृशय वा तुल्यतालाई उपमा भनिन्छ ।[३] जस्तै -

एउटा पुरानो मानिस च्यातिएछ
भरियाको भोटो जस्तै
उस माथि भार नपरेको होइन
बजारको भाउँको
मानिसको मानिस खाने दाउको
तर कति बलियो

**च) प्रश्नालङ्कार**

क्रान्ति आइरहेछ
क्रान्तिको रूप रङ्ग कस्तो छ ?
क्रान्तिको आकार कस्तो छ ?

(क्रान्तिको रूप, २०४६ : ८१)

[३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (दो.सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ. ६६ ।

के म आफैमा एउटा पसल जस्तो छैन ?
के म पसलमा प्रदर्शित
एउटा बिक्रीको वस्तु जस्तो छैन ?
(बिक्रीको वस्तु, २०४३ : ६३)

## ४.२ निष्कर्ष

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह कवि तीर्थराज वन्तको वि.सं. २०५३ मा प्रकाशित कविताहरूको सँगालो हो । यस कवितासङ्ग्रहमा १०५ वटा कविताहरू सङ्कलित छन् । उनका कविताहरूमा उत्साह भाव, निराशा भाव, करुण भाव प्रबल रूपमा पाउन सकिन्छ । उनले वीर, करुण र वीभत्स भावले भरिएका कविताहरू लेखेका छन् । यस कवितासङ्ग्रहका अधिकांश कविताहरू प्रथम पुरुष दृष्टिविन्दुमा र तृतीय पुरुष दृष्टिविन्दुमा आधारित भएर लेखिएका छन् । वन्तका सम्पूर्ण कविताहरू गद्यलयमा लेखिएका छन् । त्यसैले उनलाई गद्य कवि पनि भनिन्छ । सरल, सहज, संवेद्य र परिष्कृत भाषाशैलीको प्रयोग गरिएको छ । अनुप्रासीयताले गर्दा कविता श्रुतिरम्य र मधुर बनेको छ । वन्तका कविताहरू लघु संरचनाका छन् । विभिन्न शब्दालङ्कार उपमा दीपक अतिशयोक्ति, प्रश्न जस्ता अलङ्कारहरूको प्रयोग भएकाले कविताहरू सुन्दर बनेका छन् ।

# पाँचौ परिच्छेद

# आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

# पाँचौ परिच्छेद

# आँखामा हिजोको इतिहास कवितासङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

## ५.१ विषय प्रवेश

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह कवि तीर्थराज वन्तको वि.सं. २०५३ मा प्रकाशित कवितासङ्गह हो । यस कवितासङ्ग्रहमा १०५ वटा कविताहरू समाविष्ट छन् । यस कवितासङ्ग्रहमा वि.सं. २०४० देखि २०५० सम्म लेखिएका कविताहरू छन् । कवि वन्तका प्रारम्भिक वर्षका रचनाहरू केही सिकारु पाराका छन् । त्यसपछि क्रमशः उनका रचनाहरूमा केही परिपक्वता आएको पाइन्छ । यस कवितासङ्ग्रहका कविताहरूबाट कविले आफ्नै जीवनका खुट्किलाहरूलाई कवितामा नाप्ने प्रयास गरेका छन् । आफ्ना भावनालाई बौद्धिकताको पुट दिएर क्लिष्ट शब्द खेलाएर कवितामा प्रकट गर्नुभन्दा त्यसलाई सरल र सहज पारामा व्यक्त गर्दा वन्त मीठो अनुभव प्रकट गर्दछन् । पछिल्लो कवितासङ्ग्रह प्रकाशित भएको १२ वर्ष पछि **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह प्रकाशन भएको हो । यस बिचमा अनेक परिवर्तन भइसकेका छन् । परिस्थितिमा निकै ठूलो तलमाथि भइसकेको छ । देशमा राजनैतिक, आर्थिक र सामाजिक परिवर्तन निरन्तर चलिरहेको छ । वातावरण परिवर्तन भइरहेको छ । यी सबैले हाम्रो बौद्धिक धरातलमा प्रभाव पारिरहेको कुरा हामी बुझ्न र  अनुभव गर्न सकिन्छ । त्यसैले वन्तको रचनामा कल्पनाको प्रभाव नपरेको होला भन्न सकिन्न ।

यस सङ्ग्रहका अधिकांश कविताहरू सरल,सहज र सुललित शैलीमा लेखिएका छन् । कवि वन्तले विभिन्न विषय वस्तुमा आधारित भएर कविता लेखेका छन् । यस कवितासङ्ग्रमा राष्ट्रप्रेम, प्रकृति चित्रण, मानवतावाद, क्रान्ति चेतना, विसङ्गतिबोध, जीवनजगत्का विसङ्गत पक्षको चित्रण, अस्तित्त्वप्रतिको सचेतना आदि प्रवृत्तिगत आधारमा यस **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहलाई अध्ययन गरिएको छ ।

## ५.२ राष्ट्रप्रेम

कवि जन्मेको देश त्यसको सु-संस्कृत, सु-चालचलन र उन्नति प्रगतिको कामनाको अभिव्यक्ति कवितामा प्रकट हुनु राष्ट्रप्रेम हो । यसलाई अर्को शब्दमा देशप्रेम वा राष्ट्रप्रतिको ममताबोध पनि भनिन्छ ।

आफ्नो देश र राष्ट्रलाई प्रेम गर्नु सबैको कर्तव्य हो । राष्ट्रप्रतिको जिम्मेवार व्यक्तिमा देशभक्ति र राष्ट्रभक्तिको भावना हुन्छ । कवि वन्त पनि आफ्नै देश र जनतालाई माया गर्दछन् । उनका कविताहरूमा देश र जनताको राष्ट्रप्रतिको जिम्मेवारी प्रकट गराइएको छ । वन्तका *शहिदीको चेतना, सङ्घर्षका पाइलाहरू, सीमाभित्र खोज, आमाको व्यथा, हाम्रो इतिहास, भात निर्माणको सुत्र, आँखामा उठेको हात, आमालाई पत्र, मेरो पृथ्वी* आदि कवितामा राष्ट्रप्रेम भाव पाइन्छ । आफ्नो  राष्ट्र र राष्ट्रियताप्रति आफू जिम्मेवार रहेको अभिव्यक्ति वन्तको कवितामा पाइन्छ । जस्तै :

क)  अन्धकारको गहिरो गर्भ तोड्न
हत्केलामा दीयो लिई
मानिसहरू अघि बढिरहेछन्
सङ्घर्षका पाइलाहरू उर्लदो लहरालाई
शक्तिले चिरेर
अनत्त पथमा धाइरहेछन् ।

(सङ्घर्षका पाइलाहरू, २०४७ : १४)

हत्केलामा दीयो लिएर मानिसहरू अन्धारलाई पन्छाउँदै सङ्घर्षका पाइलाहरू अघि बढाइरहेछन् । अँध्यारोमा उर्लदो भेललाई शक्तिले हटाउँदै (पन्छाउँदै) शान्ति खोज्न मानिसहरू अनन्त पथमा धाइरहेका छन् भन्ने भाव माथिको कवितांशमा व्यक्त भएको छ ।

ख)  त्रासै त्रासले कोरिएको
हाम्रो इतिहास
रक्त रञ्जित तरवारको खेल
केवल हत्या र मृत्युको भेल
कुनीति र कुण्ठाको झेल
मानिसको अवाजलाई आवाद नभएको

भग्नावशेष जस्तो

शून्य शून्य लाग्छ आकाश

(हाम्रो इतिहास, २०४५ : ५७)

माथिको कवितांशमा हाम्रो इतिहास हत्या, मृत्यु, कुनीति, कुण्ठा र जतातत्तै रगतको भेल भएको यो धरती मान्छेको बस्ती नभएको भग्नावशेष जस्तो छ। त्यसैले आज शून्य शून्य जस्तो लागिरहेको छ भन्ने भाव अभिव्यक्त भएको छ।

ग) यो शान्ति होइन

यो युद्ध पो आइरहेछ

कोसित लड्न ?

मानिस होइन जस्ता छन् तिनीहरू

मानिससँग लड्न आइरहेछन्

मानिसलाई मारेर समाधान हुँदैन

जीवनको समस्या

युद्ध होइन आजको मानिसको चाहना

(युद्ध होइन चाहना, २०४८ : ९९)

देशले शान्ति खोजिरहको बेला को सँग लड्न आइरहेका छन् ? मानिस मानिस युद्ध गरेर लडाइँ गरेर जीवनको समस्या त समाधान हुँदैन । तसर्थ आपस आपसमा युद्ध गर्नु आजको मानिसको इच्छा,चाहना होइन भन्ने भाव कवितांशमा व्यक्त भएको छ।

घ) पत्र टुङग्याइ यसरी

टुक्रिन नदेऊ आमा

यो तिम्रै सृजनालाई

सम्हाली देऊ

आफ्नै अँगालोमा कसेर

(आमालाई पत्र, २०५० : १२३)

देश जनताको मुक्तिको खातिर नेपाल आमालाई लेखिएको पत्रमा यो देश तिम्रै सृजना हो । यसलाई टुक्रिन नदेऊ खण्ड खण्ड हुन नदेऊ आफ्नै अँगालोमा कसेर

समालिराख भनेर टुङ्ग्याएको छ । नेपाल आमाको सृजना यो सिङ्गो राष्ट्र कायम गरिराख्न आमालाई अनुरोध गरिएको भाव माथिको कवितांशमा अभिव्यक्त गरिएको छ ।

## ५.३ मानवतावादी दृष्टिकोण

मान्छेमाथि गरिने अन्याय, अत्याचार, शोषण र दमनको विरोध गरि गरिब र दुःखीको हित हुने काम गर्नु मानवतावादी भावना हो । मानवमाथि मानवले मानवीय व्यवहार गर्नुपर्छ । हत्या, हिंसा काटमार, शोषण, दमनजस्ता अमानवीय कार्य गर्नु हुँदैन । गरिब, दुःखी, असहाय र अन्यायमा परेका जनताको सेवा गर्नु मानिसको कर्तव्य हो । कवि वन्तको पनि *मानिसको माया, ज्यालादारको ऱ्याली,जीवन चेतना* जस्ता कविताहरूमा मानवतावादी दृष्टिकोण पाइन्छ ।

जस्तै :

क) प्रत्येक मान्छेले प्रत्येक ठाउँमा
टेकेको प्रत्येक पाइलाहरू
प्रलय हुनु अघि
चलाएको अभियान जस्तो लाग्छ
भित्तामा टाँगिएका
भोका अनुहारहरू नियालेर
अब मानिसको महत्ता बढ्दैन
मानिसको मन उत्सर्ग हुँदैन

(जीवन चेतना, २०४३ : ३६)

माथिको कवितांशमा मानवतावादी दृष्टिकोण व्यक्त भएको पाइन्छ । मानवले मानवलाई मानवीय व्यवहार गर्नुपर्छ भन्ने भाव अभिव्यक्त भएको छ ।

ख) हाम्रो फाँटमा
नयाँ सूर्यका पाइलाहरू
मानिसको मन जित्न आइरहेको
म त देखिरहेछु
युगौं देखि हाम्रो सडकमा जीर्ण मन र विदीर्ण तन बोकेर मानिस
टुकुटुकु हिँडिरहेको

(मानिसको म, २०४४ : ४५)

माथिको कवितांशमा मानवतावादी भाव अभिव्यक्त भएको छ । युगौं युगदखि हाम्रो सडकमा पुरानो थोत्रो मन र सताइएको तन बोकेर मानिस टुकुटुकु हिँडिरहेको कविले देखिरहेका छन् ।

## ५.४ प्रकृतिचित्रण

मान्छेको सम्पूर्ण आवश्यकताहरूको मुहान नै प्रकृति हो । कवि वन्तका कविताहरूमा प्रकृतिको सुन्दर चित्रण गरिएको छ । वन्तले प्रकृतिको सूक्ष्म निरीक्षण गर्दै प्रकृतिमै मानव जीवनको अस्तित्त्व खोज्दछन् । उनका कविताहरूमा प्रकृति र मानवको सम्बन्ध देखाइएको छ । वन्तका कवितामा प्रकृतिको वस्तुपरक प्रयोगभन्दा आत्मपरक चित्रण पाइन्छ । उनले प्रकृतिलाई मानवीकरण गरी कविता लेखेका छन् । युग जीवनका व्यथा र मर्मलाई सोझै नभनी प्रकृतिका अनेक बिम्बहरूद्वारा प्रस्तुत गरेकाछन् । उनका कवितामा विभिन्न ऋतुहरू, धर्ती, समुद्र प्रकृतिका ठाउँहरूको सुन्दर चित्रण पाइन्छ । वन्त पनि प्रकृतिप्रेमी कवि हुन् । उनका *आँगनमा पहिरो, कुहिरोमा सूर्य,मेरो पृथ्वी,समुद्र* र *सूर्य* जस्ता कविताहरूमा प्रकृतिको चित्रण पाइन्छ । आफ्नो देश र विदेशमा भ्रमण गरेका विभिन्न सहरहरूको प्राकृतिक चित्रण कविले आफ्ना कवितामा उतारेका छन् ।

जस्तै :

क) रातको गर्भको कहानी
म सुनाउँनेछु तिमीलाई
आएर भोलि बिहानी
तिमी कुरिरहनु
दैलो पोतेर
उषालाई पनि सँगै ल्याउनेछु,
मानिसलाई मात लागेको बेला
रात सधैं राम्रै भएको छ

(रात र दिनको कथा, २०४१ : १९)

रातको गर्भको कहानी म तिमीलाई सुनाउँछु, दैलो पोतेर आएर मलाई कुरिरहनु, म उषालाई पनि सँगै ल्याउनेछु भन्ने भाव माथिको कवितांशमा व्यक्ति भएको छ ।

ख)  बिस्कुन सुकाउने मेरो आँगनमा भोलिको सूक्ष्म आशामात्र बाँकी छ
भोका भकारी नै बगाई सके
प्रत्यके साल दोहोरी  दोहोरी आउँने  बाढीले
म त खुम्चेर बाँचको छु
भाँसिदैं गएको किनार समातेर,

(आँगनमा पहिरो, २०४२)

प्रत्येक साल दोहोरी दोहोरी आउने बाढीले खेतबारी सबै बगाइसक्यो, बिस्कुन सुकाउने मेरो आँगनमा भविष्यको झिनो आशा बाँकी छ, भोकाका भकारीहरू पनि वगाई सकेको छ । बाढीले भाँसिदै गएको बाँकी किनार समातेर म त खुम्चेर बाँचेको छु भन्ने भाव व्यक्त भएको छ ।अर्थात् वर्षेनी आउने बाढीले सबै खेतबारी बगाई सकेपछि बाढी पीडितहरू खुम्चेर बाँच्न विवश छन् भन्ने भाव व्यक्त भएको छ ।

ग)  यस वर्ष हाम्रो देशमा
निकै ठूलो बाढी आयो
असङ्ख्य मानिसको क्षति भयो
सहानभूति र सहयोगको ओइरो लाग्यो
डुब्नेहरूका दुःखमा आँशुको भल बगे
यही भेलमा फेरि नेपाली बगे

(यस पालिको बाढी, २०५० : १२६)

असंख्य मानिसको क्षत विक्षत हुने गरी यस वर्षमा पनि निकै ठूलो बाढी आयो । डुब्नेहरूको दुःखमा आँशुका भल बगाउँदै सहानुभूति र सहयोग गर्नेहरूको ओइरो लाग्यो । धनजनको क्षति भएकाहरूको आँशुको भल वगे त्यही भलमा नेपालीहरू पनि भाव विह्वल भएर बगे भन्ने भाव माथिको कविताांशमा व्यक्त भएको छ ।

घ)  पृथ्वी प्यारो छ मानिसलाई
पाइलाले चुमूँ या ढोगूँ
यी दुबै व्यवहार
पृथ्वीलाई  निराहार छ,
आँखामा राख्दा पनि नबिझाउने पृथ्वी

आज किन विविध प्रदूषणले
छिया छिया भई दु:खित छ ।

(मेरो पृथ्वी, २०४९ : १०९)

पाइलाले चुमु या शिर निहुरिएर ढोगुँ मनिसलाई प्यारो लाग्ने पृथ्वीलाई दुवै व्यवहार निराहर भएको छ । आँखामा राख्दा पनि नविझाउँने पृथ्वी आज विभिन्न प्रकारका प्रदूषणले छिया छिया भएर दु:खित छ भन्ने भाव माथिको कविताांशमा व्यक्त भएको छ ।

ङ) ढल्दै ढल्दै गएको सूर्यले
क्षितिजमा उभिएर समुद्रलाई
विदाइको म्वाई खाँदा
दुवै रातो मुख पारेको देख्दा
मलाई सूर्य मातिएको जस्तो लाग्यो

(समुद्र र सूर्य, २०४५ : ५९)

प्रकृतिको चित्रण गरिएको माथिको कविताांशमा सूर्यले क्षितिजमा उभिएर समुद्रलाई बिदाइको म्वाइ खाँदा दुवै लाजले मुख रातो पारेको देख्दा सूर्य मातिएको जस्तो लाग्यो भन्ने भाव व्यक्त भएको छ ।

## ५.५ क्रान्ति चेतना

जब मान्छेको मनमा देश र जनताको लागि केही गरौं भन्ने चाहना उत्पन्न हुन्छ र कुनै कुराप्रति मानिसलाई असन्तोष पैदा हुन्छ तब मानिस क्रान्तिकारी बन्छ । तीर्थराज वन्त पनि यस्तै प्रकृतिका कवि हुन् । उनले आफ्ना कविता मार्फत क्रान्तिको लागि चेतना दिन र जागरण ल्याउन आम नेपाली जनतालाई आह्वान गरेका छन् । कवि वन्त अन्याय, अत्याचार र भ्रष्टचार सहन सक्दैनन् । क्रन्तिले नै शान्तिको बाटो पहिल्याउँछ । कवि वन्तले स्वतन्त्रता र समानता जस्ता विचारहरू आफ्ना कविता मार्फत व्यक्त गरेका छन् । वन्तका चे*तना र चिन्तन, घेरा भित्रको बन्धि, स्वतन्त्रताको बिम्ब, पाठशाला जाने नानीहरू, जीवन चेतना, आफैंलाई हेर्दा, अर्को सत्य, विद्रोही जुत्ताहरू क्रान्तिको रूप, युद्ध होइन चाहना* आदि कविताहरूमा क्रान्तिकारी भाव पाइन्छ । पञ्चायती शासन व्यवस्थामा पनि वन्तले कविताहरू लेखेर सफल क्रान्तिकारी कविको पहिचान दिएका छन् । उदाहरणका रूपमा केही कविताांशलाई लिइएको छ :

क)  अब त आँखाले भेद्न पनि सकिन्छ,
सुरक्षित ठानिएका मनलाई पनि,
घात प्रतिघातको डरले
वन्द गर्न सकिन्छ कति दिन ?
ढोका पर्खालको ?
कति दिन कस्न सकिन्छ
धागो जनताको ?

(असुरक्षाको त्रास, २०४२ : २८)

देशमा भइरहेको क्रान्तिलाई अब न आँखाले भेट्न सकिन्छ । घात र प्रतिघातको डरले कति दिनसम्म बन्द गर्न सकिन्छ पर्खालका ढोकाहरू ? जञ्जालको धागोले कति दिन जेल सकिन्छ ? अर्थात उर्लदो क्रान्तिलाई कति दिन रोक्न र छेक्न सकिन्छ ? भन्ने भाव व्यक्त गरिएको छ ।

ख)  धरती भरि भएर आइरहेछ ।
मनभरि भएर आइरहेछ
क्रान्ति सूक्ष्म रूपमा आइरहेछ
क्रान्तिलाई लम्बाइ र चौडाइमा नापूँ कि
केवल गहिराइमा नापूँ

(क्रान्तिको रूप, २०४६ : ८१)

क्रान्ति धर्तीभरि आइरहेको छ । मानिसका भनभरि भएर आइरहेछ भने कहिले त सूक्ष्म रूप त विशाल रूप लिएर क्रान्ति आइरहेछ । यसरी आउँदे क्रान्तिलाई लम्बाइ र चौडाइमा नाँपू या गहिराइमा मात्र नाँपू भन्ने भाव माथिको कवितांशमा व्यक्त भएको छ ।

ग)  हाँस्दै खेल्दै रङ्गीविरङ्गी लुगामा
पाठशालातिर जाने नानीहरू
अब त सहर अनि गाउँमा पनि
केही होला जस्तो छ
शान्तिको पाठ पढेर आऊ
कलिला मनभरि
भविष्य क्रान्तिका साथ लिएर आऊ

(पाठशाला जाने नानीहरू, २०४२ : ३०)

रङ्गी र विरङ्गी लुगा लगाएर हाँस्दै खेल्दै पाठशाला जाने नानीहरू सहर अनि गाउँमा क्रान्ति होला जस्तो छ । तसर्थ शान्तिको पाठ पढेर आऊ । अन्याय र अत्याचारको विरुद्धमा लड्न आफ्ना कलिला मनभरि भविष्यमा क्रान्ति गर्ने जोस र जाँगर लिएर आऊ । जहाँ क्रान्ति हुन्छ, अनि मात्र त्यहाँ शान्ति हुन्छ, भन्ने भाव माथिको कविताांशमा अभिव्यक्त भएको पाइन्छ ।

## ५.६ विसङ्गतिबोध

विसङ्गतिबोध भनेको जीवनजगत्का कुनै पनि वस्तु विचार वा क्रियाकलापमा सङ्गति नभएको देख्ने एक वैयक्तिक दृष्टिकोण हो ।[४] मानवीय इच्छा वा तृष्णाको परिपूर्ति कतिपय कारणले हुन नसकेपछि ऊ निराश बन्छ । निराशपछि कमाजोर प्रतिभाका मान्छे संसार अनि सङ्गति र विसङ्गतिको बारेमा चिन्तन गर्न थाल्दछन् र यसैलाई विसङ्गति बोध भनिन्छ, जीवनको बाध्यता, विवशता, निस्सारता, निरर्थकता र विसङ्गतिलाई सोही अनुरूपको भाषाशैलीको माध्यमबाट व्यक्त गर्ने साहित्य विसङ्गतिवादी साहित्य हो ।

विसङ्गतिवादी साहित्यमा मानव जीवनका सकारात्मक पक्ष वा उपलब्धिको भन्दा पनि निस्सार, निरर्थक, निरुद्देश्य स्थितिको चित्रण पाइन्छ । वन्तले पनि विसङ्गतिबोधका कविता लेखेकाछन् । उनका कवितामा विसङ्गतिबोधको राम्रो प्रयोग भएको पाइन्छ ।

विसङ्गतिबोधको चित्रण गरिएका कविताहरू, *वसन्तको बाटो, मेरो लुगा, शंकाका धर्काहरू, विक्रिको वस्तु जीन्दगी, व्यापार, सलाम, अभावको फन्का, जन्मदिन र सहर भ्रमण,* र *जागिरे* आदि । जस्तै :

क) अतीतको चोटमा
चोइटिएको जिन्दगी
वर्तमानको द्वन्द्वमा
टोल्हाएको जिन्दगी
भविष्यको गर्भमा
हराएको जिन्दगी

(जिन्दगी, २०४७ : ९१)

---

[४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०५३, पृ. ११७ ।

माथिको कवितांशमा कविले जीवन जगतप्रतिको विसङ्गत पक्षको चित्रण गरेका छन् । अतीतको पीडबाट चोइटिएको मानिसको जीन्दगी वर्तमानको द्वन्द्वमा टोलाउँदै भविष्यको गर्भमा हराएको छ भन्ने भाव अभिव्यक्त भएको छ ।

ख) भुलैभुलको संसारमा केही दिन बाँचेर
अनेकौं अनुभूति आफैमा साँचेर
आफ्नै आँगनबाट उठेका पद चापमा
यी आँखाहरू त्यसै झुले जस्तो लाग्छ ।

(बाटो खुले जस्तो, २०४५ : ६५)

विसङ्गत पक्षको चित्रण गरिएको माथिको कवितांशमा आफ्नै  जीवन भोगाइको अनुभव पाइन्छ ।

यो संसार भुलैभुलैयाको संसार हो । यस्तो भुलभुलैयाको संसारमा केही दिन बाँचेर, जिन्दगीका केही अनुभवहरू आफैमा साँच्दा यी आँखाहरू त्यसै झुलिरहे जस्तो लाग्छ आफ्नै आँगनबाट उठेका गोडाका चापहरूमा भन्ने भाव माथिको कवितांशमा पाइन्छ ।

ग) मलाई थाहा छ
म चाउँरिदै जाँदैछु
भोलिको मेरो रूप हुन सक्छ
किलामा टाँगिएको
आजको मेरो लुगा

(मेरो लुगा, २०४१ : १५)

किलामा टाँगिएको आजको मेरो लुगा मलाई थाहा छ । म लुगा जस्तो चाउँरिन जाँदैछु र दाउँरिन जाँदैछु  । त्यसैले भोलिको मेरो रूप त्यही किलामा टाँगिएको लुगा  जस्तै हुनेछ भने जीवनको विसङ्गतिपूर्ण भाव व्यक्त भएको छ ।

घ) सम्पूर्ण उज्यालो पिएर
म एक्लै अब
यो दिनको किनारमा उभिरहेछु
मन उदास छ तर शान्त
रातले आफूलाई  फैलाई रहेछ
अनियन्त्रित अत्याचार फैले जस्तै

अब अन्धकारले

मानिसलाई पनि हेपिसकेको छ ।

(अँध्यारोमा, २०४४ : ४४)

विसङ्गतपक्षको चित्रण गरिएको माथिको कवितांशमा आफ्नै दिनको किनारमा सम्पूर्ण खुशिहरूलाई पिएर एक्लै उभिरहेछु । यसरी मन उदास भए पनि शान्त रातले आफूलाई चारैतिर पुऱ्याएको छ, फैलाएको छ । नियन्त्रण विहीन अत्याचार फैले जस्तै अन्धकारले गाउँ सहर मात्र होइन मानिसलाई पनि छोपिसकेका छन् भन्ने भाव व्यक्त भएको छ ।

## ५.७ जीवनजगत्का विसङ्गत पक्षप्रतिको व्यङ्ग्य

तीर्थराज वन्त समाजका विकृति, विसङ्गति र समस्याहरूलाई विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरि व्यङ्ग्य प्रहार गर्दछन् । देशको सामाजिक, आर्थिक, राजनैतिक, समस्यालाई कविले व्यङ्ग्यको मूल वियषवस्तु बनाएका छन् । आर्थिक, सामाजिक, राजनैतिक, समस्याप्रति व्यङ्ग्य (विरोध) गर्दै समाज सुधारको चाहना राख्नु उनको काव्यिक विशेषता हो । उनको कवितामा समाजमा जे जस्तो छ त्यसको यथार्थ चित्रण गर्दै सुधारको अपेक्षा गरिएको छ । जीवनजगत्को विसङ्ग पक्षप्रति व्यङ्ग्य गरिएको उनको कविताहरूमा *असुरक्षाको त्रास, काठमान्डू, फोहोर र पर्यटक, काठमान्डू र अनुहारहरू, ज्यालादारको त्याली, उदासीन जन्म, भत्किएको मन, सलाम* पर्दछन् । उनका कविताहरूमा शोषण, अन्याय, अत्याचार, विभेदजस्ता सामाजिक भेदभावपूर्ण जीवनको यथार्थता प्रस्तुत गर्ने काम भएको छ । उदाहरणको रूपमा तलका कवितांशहरूलाई लिन सकिन्छ :

क) हो असुरक्षाको नाममा

उभिरहेका छन् मानिसहरू

गोलीको माला भिरेर

भित्रभित्रै अनन्त त्रासलाई थुम्थुम्याएर

थापिरहेछन्

चट्कन कालको

भोलिको गालामा

(असुरक्षाको त्रास, २०४२ : २८)

जतातत‌ै असुरक्षा छ तर त्यही असुरक्षाको नाममा गोलिको माला भिरेर उभिरहेका मानिसहरू लामो समयसम्म डर त्रासलाई मन मनै थुम्थुम्याएर गालामा कालको चट्कन थापि रहेछन् । यस कविताांशमा देश रक्षाको लागि खटिएका सिपाहीहरू प्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

ख) हो काठमान्डूलाई भन्दछन् नेपाल
मुखमरी धुलो पोतेर
ढाडभरि साल नाल बोकेर
काठमान्डूलाई चिन्ह गाह्रो भइसक्यो
व्यस्त छन् काठमान्डू निवासीहरू
सधैं सधैं बसी अनुहार बोकेर

(काठमान्डू, फोहोर र पर्यटक, २०४३ : ४१)

माथिको कविताांशमा काठमाडौं सहरको विसङ्गत पक्षको चित्रण गरिएको छ ।

ग) सहरमा ओहोर दोहोर गर्ने अनुहारहरू
काठमाडौं जस्तै फोहोर देखिन्छन्
एक मुठी साग किन्न नसक्ने गरी
खिँदै गएको नेपाली मोहोर जस्तै देखिन्छ

(काठमान्डू र अनुहारहरू, २०४४ : ४३)

माथिको कविताांशमा कविले काठमाडौं बासिहरूको जीवनजगतप्रति व्यङ्ग्य प्रहार गरेका छन् । काठमाडौं सहर ओहोर दोहोर गर्ने मानिसहरूका अनुहारहरू कामठमाडौं जस्तै फोहोर देखिन्छन् । महङ्गी बढेको छ, एक मुठी साग किनेर खान पनि गाह्रो भएको छ । एक माहोरमा एक मुठी साग पाइन्थ्यो तर अहिले त्यो मोहोर खिइँदै गएको छ । भाउ बढ्दै गएको छ । काठमाडौंमा जतातत‌ै फोहोर र विसङ्गति नै विसङ्गति छ ।

घ) हो आज रमिता छ
जालीहरूको न्याली चलिरहेछ
राजनैतिक झ्याली बजिरहेछ
हो आज सहरमा रमिता छ
विरोधीको शीरलाई अचानो तुल्याई

आफ्नो अनन्त अपराध लुकाउन
इन्साफको दुहाई दिंदै

(ज्यालादारहरूको र्‍याली, २०४६ : ८०)

माथिको कविताांशमा राजनीतिक गर्ने व्यक्तिको जीवनजगतप्रति कविले व्यङ्ग्य प्रहार गरेका छन् । आज सहरमा जालिहरूको र्‍याली छ र राजनैतिक भ्र्याली पनि छ, त्यसैले आज सहरमा रमिता छ ।

ङ) प्रत्येक प्रकोप पछि
ठुल्ठुला कमिटी बन्दछन्
नेताहरूको काम बड्छ
कार्यकर्ताहरूको माग बढ्छ
स्वयम् सेवीहरूको नाम चढ्छ
तक्मा बाँडिन्छ तक्मा थापिन्छ

(यसपालिको बाढी, २०५० : १२६)

माथिको कविताांशमा देश र नेताहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । देशमा कहीले बाढी पहिरो, कहिले भूकम्प आदि अनेक प्राकृतिक प्रकोप हुन्छ र प्रत्येक प्रकोप पछि ठूला ठूला कमिटिहरू बन्दछन् । नेताहरूको काम बढ्दछ भने कार्यकर्ताहरूको माम पनि बढ्दछ, प्रकोप पीडितहरूलाई सहयोग गर्ने स्वयम्सेवीहरूको नाम चढ्दछ, कसैलाई तक्मा बाँडिन्छ कसैले तक्मा थाप्छन् । अर्थात् देशमा बाढी पहिरो भूकम्प जस्ता प्रकोप हुन्छ । अनि विदेशीहरूले सहयोग गर्न लाखौ रूपमा पठाएका हुन्छन् । ठूलाठूला कमिटी बनाएर नेतालाई कार्यकतालाई, स्वयम्सेवकलाई बाँड्दै पीडितलाई थोरै पुग्छ भन्ने भाव व्यक्त भएको छ ।

## ५.८ अस्तित्ववादी

प्रत्येक व्यक्तिमा कुनै वस्तु घटनालाई स्वतन्त्र रूपले रोज्ने छान्ने र निर्णय गर्ने उत्तरदायित्व बहन गर्नु नै व्यक्तिको अस्तित्त्वको चिन्ह हो । विसङ्गतिबोधको माझ पनि मान्छे आफ्नो अस्तित्त्व प्रतिष्ठाको लागि गर्ने सङ्घर्ष नै अस्तित्ववादी प्रवृत्ति हो । कवि वन्त जीवनजगत्को विकृति र विसङ्गतिहरूको यथार्थपरक ढङ्गले प्रस्तुत गर्दै त्यसबाट अस्तित्त्वको चाहना मार्फत स्वतन्त्रता र शान्तिको चाहना पनि व्यक्त गरेका छन् । उनका *सङ्घर्षका पाइलाहरू, यात्रा, तातिएका पाइलाहरू, अभावका फन्का, मेरो नयाँ वर्ष, थकाइ र*

*बास, बन्देज, जीवन चेतना* आदि अस्तित्ववादी कविताहरू हुन् । जीवन जे जस्तो छ, त्यसको जस्ताको तस्तै प्रयोग गरी मानव अस्तित्त्वको खोजी गर्नु वन्तको काव्यगत प्रवृत्ति हो ।

क) एक साँझ
म के देख्दै छु,
अग्नि ज्वालामा तिमी शुद्धिरहेको
पवित्र भइरहेको, मोचन भइरहेको
तर तिम्रा पाइलाहरू भने तातिएर
अझै हिंडु हिंडु जस्तो गरिरहेका थिए,

(तातिएका पाइलाहरू, २०४८ : ३८)

मानिस आफ्नो अस्तित्त्व खोज्न वा अस्तित्त्व जोगाउनको लागि आगोको ज्वालामा पसेर शुद्ध भइरहेको र मोचन भइरहेको छ भन्ने भाव उक्त कवितांशमा झल्केको पाइन्छ ।

ख) शरणार्थीको जस्तो मन बोकेर
म देश र जनतालाई
के भनौला ?
के गरौला ?
कठिन छन् आवाजहरू मेरा
झन् झन् बढ्दो छ ।

(अभावको फन्का, २०५० : १२५)

देश र जनताको लागि केही भन्ने इच्छा र चाहना हुँदा हुँदै पनि त्यो शरणार्थीको जस्तो मन बोकेर के भनौला र के गरौला मेरा आवाजहरू मेरा बोलीहरू कुण्ठित छन्  तर पनि म मेरो सगरमाथा बढेजस्तै अविश्वासमा पनि अस्तित्त्व राख्न चाहन्छु भन्ने भाव व्यक्त भएको छ ।

ग) नयाँ वर्षमा
म आफूलाई विभाजन गर्दै जानेछु पहिलो पटक
पर्खाल लगाएर
धेरै थोक बाहिर केही थोक भित्र पारेर
म मेरो जिन्दगीलाई हेर्नेछु

(मेरो नयाँ वर्ष, २०४३ : १२७)

जब नयाँ वर्ष आउँछ तब म आफूलाई विभाजन गर्दै जान्छु । जिन्दगीमा पहिलो पटक पर्खाल लगाएर धेरै थोक बाहिर र केही थोक भित्र पारेर भए पनि आफ्नो जिन्दगीलाई हेर्न चाहन्छु । माथिको कवितांशमा जिन्दगीको अस्तित्त्वलाई पर्खाल लगाएर भए पनि जोगाउन चाहेको भाव व्यक्त भएको छ ।

घ) उठाउनु पर्छ आगोको लप्काहरू  
आँखाभरि  
यो लडाइँ हो अस्तित्त्वको  
समयले चपाइएका  
बिर्सेका अनुहारहरूलाई  
स्मृतिमा जगाउने

(जीवन चेतना, २०४३ : ३६)

यहाँ अस्तित्त्वको लडाइँ भइरहेको छ । त्यसकारण आगोका लप्काहरू आँखाभरि उठाउँनुपर्छ । समयले चपाइएका र बिर्सेका अनुहारलाई सम्झनामा जगाउनु छ भन्ने अस्तित्त्ववादी विचार व्यक्त भएको छ ।

ङ) छिनछिनमा  
बादलको आकार बदलिए जस्तै  
प्रेमको भाषामा  
ओठको उच्चारण बदलिन्छ  
जिन्दगीको मोड मोडमा  
नयाँ नयाँ परिवर्तन भेटिन्छ  
पुरानो तनमा  
आज फेरि अर्को मन फेरिन्छ,

(नयाँ आवर्तन, २०४६ : ७५)

आकाशमा लाग्ने बादलको आकार बदलिए जस्तै प्रेमको भाषामा ओठको उच्चारण पनि फेरिन्छ । जिन्दगीको मोडमा नयाँ नयाँ परिवर्तन भएको भेटिन्छ । पुरानो शरीरमा फेरि अर्को मन फेरिन्छ जीवनमा नयाँ अस्तित्त्वा कायम राख्न चाहेको अभिव्यक्ति कवितांशमा पाउन सकिन्छ ।

## ५.९ आँखामा हिजोको इतिहास कवितासङ्ग्रह भित्रका कविताहरूको प्रवृत्तिगत वर्गीकरण र मूल भाव

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा वि.सं. २०४० देखि २०५० सम्म लेखिएका कविताहरू समावेश छन् । वन्तले देशमा भइरहेको राजनीतिक,आर्थिक, सामाजिक र वातावरणीय परिवर्तनको वर्णनीय विषयलाई आफ्ना कवितामा स्थान दिएका छन् ।

यस कवितासङ्ग्रहभित्र राजनीतिकक व्यङ्ग्य, सामाजिक विकृति र विसङ्गति,प्रेम भाव, प्रकृति चित्रण जीवनजगत्प्रति व्यङ्ग्य प्रहार, क्रान्तिचेतना, देशभक्ति भावना, विसङ्गति बोध र अस्तित्ववाद जस्ता प्रवृत्ति भएका कविताहरू रहेकाछन् । यस्ता प्रवृत्ति भएका कविताहरूको प्रवृत्तिगत वर्गीकरण तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १**

**प्रवृत्तिगत वर्गीकरण तालिका**

| क.सं. | काव्यगत प्रवृत्ति | कविताको शीर्षक | मूल सन्देश/भाव | लेखन मिति |
|---|---|---|---|---|
| १ | देशभक्तिको भावना | शहीदीको चेतना | देशभक्ति भावनाले ओतप्रोत भएको | वि.सं.२०४९ |
| | | आमाको व्यथा | आफ्नो देशलाई सबैले माया गर्नुपर्छ भन्ने भाव | वि.सं.२०४४ |
| | | भात निर्माणको सूत्र | देश विकासको चाहना | वि.सं.२०४५ |
| | | आमालाई | राष्ट्रवादी भावना | वि.सं. २०५० |
| | | सीमा भित्र खोज | देश रक्षाको चाहना | वि.सं.२०४५ |
| | | हाम्रो इतिहास | राष्ट्रवादी भावना र शान्तिको चाहना | वि.सं.२०४५ |
| | | आँखामा उठेको हात | राष्ट्रिय भावना | वि.सं.२०४८ |
| | | नयाँ जिन्दगीमा | देशको माया | वि.सं.२०५० |
| | | मेरो पृथ्वी | आफ्नो देशप्रतिको माया | वि.सं.२०४९ |

| | | | | |
|---|---|---|---|---|
| २ | राजनीतिक व्यङ्ग्य | मूल सहर | राजनीतिक नेताहरूप्रति व्यङ्ग्य प्रहार | वि.सं.२०४६ |
| | | रगतको तर्पण | क्रान्तिकारी भावनाको उजागर गरिएको | वि.सं.२०४६ |
| | | कर्फ्यु भित्रको जीवन | स्वतन्त्रताको चाहना | वि.सं.२०४६ |
| | | केही अभिव्यक्ति | नेताहरूप्रति व्यङ्ग्य | वि.सं.२०४८ |
| | | केही चस्काहरू | देश चलाउने नेताहरूलाई व्यङ्ग्य | वि.सं.२०४८ |
| | | पुरानो कोट | देशको शासन व्यवस्थाप्रति व्यङ्ग्य प्रहार | वि.सं.२०५० |
| | | यसपालीको बाढी | नेताहरू प्रति राजनीतिक व्यङ्ग्य | वि.सं.२०५० |
| | | यो घर | देश र जनताप्रति व्यङ्ग्य प्रहार | वि.सं.२०५० |
| | | बन्दुक र शान्तिको सपना | शान्तिको चाहना | वि.सं.२०४५ |
| | | उत्सव | देश चलाउने नेताहरूलाई व्यङ्ग्य | वि.सं.२०४५ |
| | | तीन चोसे त्रिशूल | हास्यव्यङ्ग्य भाव अभिव्यक्त | वि.सं.२०४६ |
| | | चुचुरोको चट्टान | राजनीतिक व्यङ्ग्य | वि.सं.२०४६ |
| | | | | |
| | | जीवनोत्सव | बढ्दो महङ्गीको यथार्थ चित्रण | वि.सं.२०४६ |
| | | घोडा र तबेला | हाँस्यव्यङ्ग्य भाव | वि.सं.२०४५ |
| | | भविष्यको झिल्को | व्यङ्ग्यात्मक अभिव्यक्ति | वि.सं.२०४५ |
| | | पर्खालहरू | नेताहरूप्रति व्यङ्ग्य | वि.सं.२०४५ |

| | | | | |
|---|---|---|---|---|
| | | च्यातिएको मानिस | देशको शासन व्यवस्थाप्रति व्यङ्ग्य प्रहार | वि.सं.२०४५ |
| | | एटम बम र फूल | राजनीतिक व्यङ्ग्य | वि.सं.२०४२ |
| | | उकुस मुकुस | निराशावादी भाव | वि.सं.२०४९ |
| ३ | मानवतावादी | मानिसको माया | मानवतावादी दृष्टिकोण व्यक्त भएको | वि.सं.२०४४ |
| | | ज्यालादारको ज्याली | मानवतावादी दृष्टिकोण अभिव्यक्त भएको | वि.सं.२०४६ |
| ४ | प्रकृति चित्रण | कुहिरोमा सूर्य | प्रकृतिको मनोरम दृश्यको चित्रण | वि.सं.२०४३ |
| | | आँगनमा पहिरो | प्रकृतिमा भएको दैविक प्रकोपको चित्रण | वि.सं.२०४२ |
| | | समुद्र र सूर्य | प्राकृतिक दृश्यको चित्रण | वि.सं.२०४५ |
| | | मेरो पृथ्वी | पृथ्वीमा भएको विभिन्न प्रदूषणको चित्रण | वि.सं.२०४९ |
| ५ | प्रेम भाव | आगमन | प्रेमभाव व्यक्त भएको | वि.सं.२०४३ |
| | | समुद्र र सूर्य | प्रेम र प्रेमिका बिच मिलन | वि.सं.२०४५ |
| | | केही अनुभूति | वास्तविक प्रेमको अनुभूति | वि.सं.२०४६ |
| | | जल उत्सव | प्रेमभाव व्यक्त भएको | वि.सं.२०४९ |
| | | हाम्रो ज्योति | पारिवारिक प्रेम (माया) | वि.सं.२०४९ |
| | | रात र दिनको कथा | प्रेममा धैर्यको अपरिहार्यता | वि.सं.२०४८ |
| ६ | क्रान्ति चेतना | चेतना र चिन्तन | मानिसमा चेतनाको कामना | वि.सं.२०४६ |
| | | शान्तिको चक्र | शान्तिको कामना | वि.सं.२०४६ |
| | | बन्धकमा परेका खुसीहरू | मुक्तिको चाहना | वि.सं.२०४७ |
| | | सपना जपना | स्वतन्त्रताको चाहना | वि.सं.२०४७ |
| | | युद्ध होइन चाहना | शान्तिको चाहना | वि.सं.२०४८ |

| | | | | |
|---|---|---|---|---|
| | | आफैलाई हेर्दा | परिवर्तनको चाहना | वि.सं.२०४९ |
| | | स्वर्णिम भविष्य | शान्तिको चाहना | वि.सं.२० |
| | | स्वतन्त्रताको बिम्ब | स्वतन्त्रताको चाहना | वि.सं.२०४९ |
| | | अर्को सत्य | क्रान्तिकारी भावना | वि.सं.२०४९ |
| | | घेरा भित्रको बन्दी | मुक्तिको चाहना | वि.सं.२०४४ |
| | | विद्रोही जुत्ताहरू | स्वतन्त्रताको चाहना | वि.सं.२०४४ |
| | | क्रान्तिको रूप | क्रान्तिकारी भावना | वि.सं.२०४६ |
| | | पाठशाला जाने नानीहरू | क्रान्ति चेतना उजागर गरिएको | वि.सं.२०४२ |
| ७ | विसङ्गतिवादी | वसन्तको बाटो | समाजको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४१ |
| | | मेरो लुगा | जीवनजगत्प्रति विसङ्गत बोध | वि.सं.२०४१ |
| | | शङ्काका धर्काहरू | समाजको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४२ |
| | | अँध्यारोमा | जीवनको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४४ |
| | | दर्शन र विश्वास | सामाजिक जीवनको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४५ |
| | | बाटो खुल्ने जस्तो छ | सामाजिक जीवनको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४५ |
| | | बिक्रीको वस्तु | जीवनजगतप्रति विसङ्गत बोध | वि.सं.२०४६ |
| | | भत्किएको मन | विसङ्गति बोध व्यक्त भएको | वि.सं.२०४६ |
| | | बन्दुकको गोलीहरूलाई | विसङ्गत पक्षको यथार्थ चित्रण | वि.सं.२०४९ |

| | | | | |
|---|---|---|---|---|
| | | एकछिन समुद्र किनारमा | जीवनजगत्प्रति निराशा व्यक्त गरिएको | वि.सं.२०४९ |
| | | जिन्दगी | जीवनको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४८ |
| | | उत्सवहीन जन्म | जीवनको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४८ |
| | | व्यापार | व्यापारमा भएको विसङ्गत पक्षको चित्रण | वि.सं.२०४८ |
| | | समुद्र किनारमा मान्छे | विसङ्गत बोध | वि.सं.२०४९ |
| | | सलाम | जीवनजगत्प्रति विसङ्गति बोध | वि.सं.२०४६ |
| | | जन्मदिन र सहर भ्रमण | जीवन भोगाइप्रति विसङ्गति बोध | वि.सं.२०४६ |
| | | नयाँ आवर्तन | सङ्घर्ष नै जीवन हो | वि.सं.२०४६ |
| | | जागिरे | जागिरे जीवनको यथार्थ चित्रण | वि.सं.२०४६ |
| | | जन्मदिन | कविको आफ्नै जीवन भोगाइ | वि.सं.२०४६ |
| ८ | अस्तित्त्वादी प्रवृत्ति | सङ्घर्षका पाइलाहरू | सङ्घर्षशील विचार व्यक्त गरिएको | वि.सं.२०४१ |
| | | बन्देज | सङ्घर्षशील विचार व्यक्त गरिएको | वि.सं.२०४१ |
| | | यात्रा | अस्तित्त्वको खाजी | वि.सं.२०४१ |
| | | जन्मोत्सव एक मृत्युबोध | अस्तित्त्वको खोजी | वि.सं.२०४२ |
| | | असुरक्षाको त्रास | आफ्नो अस्तित्त्वको खोजी | वि.सं.२०४२ |

| | | | | |
|---|---|---|---|---|
| | | थकाइ बास | अस्तित्त्वको रक्षा | वि.सं.२०४३ |
| | | आफ्नो अस्तित्त्व | अस्तित्त्वको खोजी | वि.सं.२०४८ |
| | | तातिएका पाइलाहरू | देशको अस्तित्त्वको रक्षा | वि.सं.२०४३ |
| | | अभावको फन्का | जीवनजगत्प्रति निराशा व्यक्त भएको | वि.सं.२०५० |
| | | मेरो नयाँ वर्ष | जीवनजगत्प्रति निराशा व्यक्त भएको | वि.सं.२०५० |
| | | जीवन चेतना | अस्तित्त्वको रक्षा | वि.सं.२०४३ |
| ९ | सामाजिक विकृति र विसङ्गति | सहर सहर जस्तो छैन | सहरीया मान्छेप्रति व्यङ्ग्य | वि.सं.२०४३ |
| | | काठमाडौं फोहोर र पर्यटक | काठमाडौं सहर र त्यहाँका बासिन्दाप्रति व्यङ्ग्य | वि.सं.२०४४ |
| | | काठमान्डू र अनुहारहरू | सहरीया जीवनको विकृति र विसङ्गति पक्षको यथार्थ चित्रण | वि.सं.२०४४ |
| | | बुख्याँचा | आजको मान्छेप्रति व्यङ्ग्य प्रहार | वि.सं.२०४४ |
| | | एउटा मात्र ढोका भएको घर | गरिबहरूको दयनीय अवस्थाको चित्रण | वि.सं.२०४६ |
| | | राजधानी सहरमा | राजधानी सहरमा भएको विकृति र विसङ्गत पक्षको चित्रण | वि.सं.२०४६ |
| | | जाडोको भाउ | व्यापारिक वर्गहरूलाई व्यङ्ग्यात्मक अभिव्यक्ति | वि.सं.२०४८ |
| | | तस्विरको देश | काठमाडौं सहरको यथार्थ चित्रण | वि.सं.२०४३ |

| | | | | |
|---|---|---|---|---|
| | | अंशमा परेको मन्दिर | सामाजिक व्यङ्ग्य | वि.सं.२०४६ |
| | | स्वार्थको डन्डा | स्वार्थी मानवप्रति व्यङ्ग्य | वि.सं.२०४४ |
| | | दन्त्य कथामा | समाजमा भएका यथार्थ घटनाको चित्रण | वि.सं.२०४४ |
| | | लठ्ठिएका आँखाहरू | सामाजिक विकृति | वि.सं.२०४४ |
| | | सभ्यताको श्राप | विदेश जाने समाजका युवायुवतीप्रति व्यङ्ग्य | वि.सं.२०४८ |
| | | देवताहरू | सामाजिक जीवनको यथार्थ चित्रण | वि.सं.२०४८ |

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह वि.सं. २०५३ सालमा प्रकाशित भएको कवि तीर्थराज वन्तको तेस्रो कविता सङ्ग्रह हो । यस सङ्ग्रहभित्र देश भक्तिको भावना राजनीतिक व्यङ्ग्य, माववतावादी दृष्टिकोण, प्रकुति चित्रण, प्रेम भाव, क्रान्ति चेतना, विसङ्गतिवादी अस्तित्त्ववादी र सामाजिक विकृति र विसङ्गति जस्ता विषय वस्तुहरुलाई आधार बनाएर कविताहरु लेखेका छन् ।

## ५.२ निष्कर्ष

नेपाली कविता परम्पराको आधुनिक कालमा आएर तीर्थराज वन्तले कविता विधालाई अगाडि बढाएका छन् । कविताको आधुनिक कालको समसामयिक धाराका एक सशक्त गद्य कविको रूपमा वन्तलाई चिन्न सकिन्छ । उनले हालसम्म आठवटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । कवि वन्त अझै पनि लेखन कार्यमा सक्रिय रूपमा लागिरहेका छन् । वन्तले थुप्रै कविता लेखे पनि एउटै वाद वा सिद्धान्तमा केन्द्रित भएको देखिँदैन । उनका कविताहरू बिम्ब र प्रतीकका दृष्टिले बलिया छन् भने लयका दृष्टिले केही कमजोर नै देखिन्छन् । विधागत तत्त्वका आधारमा पनि उनका कविता कमजोर नै देखिन्छन् । विभिन्न वादलाई अङ्गालेर कविता लेखेका छन्। यिनका कवितामा स्वच्छन्दता र प्रयोगवाद प्रबलरूपमा पाउन सकिन्छ । त्यस्तै विसङ्गतिवाद र अस्तित्त्ववाद पनि उनका

कवितामा पाउन सकिन्छ । तीर्थराज वन्तले देशमा भइरहेको राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनका साथै वातावरणमा भएको परिवर्तन आदि सबैखाले परिवर्तनलाई आफ्नो कवितामा स्थान दिएका छन् । विभिन्न परिस्थिति र समयमा रचिएका उनका कवितामा तत्कालीन समयको प्रभाव पर्नु स्वाभाविकै हो । समकालीन सामाजिकतालाई वन्तले सूक्ष्म निरीक्षण पनि गरेका छन् । कवि कर्मको निरन्तरताले उनी एक सशक्त र सजग लेखनधर्मी हुन् भन्ने कुरा उनको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहबाट प्रमाणित हुन्छ ।

तीर्थराज वन्तले आधुनिक नेपाली कविताको समसामयिक धारामा आएर जीवनजगत्‌को विकृति, विसङ्गति र यथार्थतालाई कवितामा व्यक्त गरेका छन् । उनलाई आधुनिक नेपाली कविताको समसामयिक धाराका एक सशक्त प्रतिभाशाली गद्य कविका रूपमा चिन्न सकिन्छ ।

यस कवितासङ्ग्रहमा २०४० साल  देखि २०५० सालसम्म लेखिएका कविताहरू समावेश छन् । कविताको माध्यमबाट कवि वन्तको जीवनलाई हेर्ने प्रयास गरिएको छ । कवि वन्तका कविताहरू सरल भइकन पनि प्रतीकात्मक र गहन अर्थ लिएर आएका छन् । समसामयिकताको स्वर,जीवन जगत्‌को उकाली ओराली, आशा- निराशा, माया सत्य, र यथार्थलाई प्रस्तुत गरेका छन् । उनका कवितामा देशभक्ति, मानवतावाद, प्रकृति, प्रेम, क्रान्ति चेतना, सामाजिक विकृति, राजनीतिकक व्यङ्ग्य, विसङ्गतिबोध जस्ता कुराले स्थान लिएका छन् । वन्तका सम्पूर्ण कविताहरू गद्यलयमा रचिएका छन् । सरल र सरस भाषा शैलीका प्रयोगले उनको कविता भाव र विचार प्रधान रहेकाछन् । आकारका दृष्टिले सङ्क्षिप्त भए पनि त्यसले पाठकलाई गहिरो प्रभाव पार्ने शक्ति कवितामा रहेको पाइन्छ ।

कवि वन्तका कवितामा देश र जनताप्रति व्यक्तिको जिम्मेवारीबोध प्रकट गरिएको छ । उनका कविताहरूमा राष्ट्रप्रेमको छाप भेट्न सकिन्छ । जात, भात, धनी, गरीब, ठूलो, सानो आदिका आधारमा कसैलाई पनि भेदभाव गर्नु हुँदैन भन्ने मानवतावादी भाव उनका कविता मार्फत व्यक्त गरिएको छ । त्यसैले सामाजिक विकृति र विसङ्गतिको चित्रण उनका कवितामा गरिएको पाइन्छ । प्राकृतिक वातारणको सुन्दर चित्रण पनि उनका कवितामा पाइन्छ । यसरी जीवनजगतका सम्पूर्ण पक्षलाई समेटेर वन्तले कविता लेखेका छन् । वन्तले **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह लेखेका हुन् ।

# छैटौँ परिच्छेद

# उपसंहार

# छैटौँ परिच्छेद

# उपसंहार

## ६.१ परिचय

समग्र कृतिलाई निष्कर्षमा लेख्नु वा कृतिलाई अन्तिम निचोड दिएर लेख्नुलाई उपसंहार भनिन्छ । यस परिच्छेदलाई पहिलो, दोस्रो, तेस्रो, चौँथो, पाँचौँ परिच्छेदको निष्कर्ष र समग्र निष्कर्षका रुपमा प्रस्तुत गरिएको छ ।

## ६.२ पहिलो परिच्छेदको निष्कर्ष

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय रहेको छ । यस अन्तर्गत विषय परिचय, शोध समस्या शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधकार्यको सीमा, सामाग्री संकलन विधि जस्ता कुराको परिचय दिएको छ ।

## ६.३ दोस्रो परिच्छेदको निष्कर्ष

दोस्रो परिच्छेदमा तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र शैक्षिक पृष्ठभूमि रहेको छ । यस अन्तर्गत जन्म र जन्मस्थान, पुर्खौली घर, बाल्यकाल शिक्षा दीक्षा, पारिवारिक अवस्था, साहित्य प्रेरणा र प्रभाव, सेवा, पेशा र भ्रमण साहित्य लेखन र प्रकाशन, सम्मान तथा पुरस्कारहरू संस्थागत संलग्नता आदि कुराहरूको जानकारी दिएको छ । साथै यस परिच्छेदमा तीर्थराज वन्तको व्यक्तित्वको पनि परिचय दिएको छ । उनको व्यक्तित्वलाई बाह्य र आन्तरिक गरि वर्गीकरण गरिएको छ । बाह्य अन्तर्गत वन्तको बाहिरी वनावट, स्वभाव आदि कुराहरूको अध्ययन गरिएको छ भने आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व र सामाजसेवी व्यक्तित्व आदिको वर्णन गरिएको छ । तीर्थराज वन्तलाई एक सफल गद्य कवि, कुशल प्रशासन, समाजसेवी र सहयोगी व्यक्तित्वको रूपमा चिनिएको छ ।

## ६.४ तेस्रो परिच्छेदको निष्कर्ष

तेस्रो परिच्छेदमा कविताको सैद्धान्तिक परिचय दिइएको छ । यस अन्तर्गत कविताको व्युत्पति र अर्थ विभिन्न विद्वान्हरूको परिभाषा, कविताको तत्त्वहरू कविताका विविधरूपहरू र नेपाली कविताको विकासक्रम बारे अध्ययन गरिएको छ । नेपाली कवितालाई तीन काल खण्डमा विभाजन गरी अध्ययन गरिएको छ । वि.सं. १८२६ देखि १९४० सम्म प्राथमिक काल, वि.सं. १९४१ देखि वि.सं. १९७४ सम्म माध्यमिक काल तथा वि.सं.१९७५ देखि हालका समयावधिलाई आधुनिक काल मानेर अध्ययन गरिएको छ । नेपाली कविताको आधुनिक काललाई धारागत रूपमा अध्ययन गरिएको छ । जसमा वि.सं.१९७५ देखि १९९० सम्मको धारा परिष्कारवादी धारा, वि.सं. १९९१ देखि २०१६ सम्म स्वच्छन्दतावादी प्रगतिवादी धारा, २०१७ देखि २०२९ सम्मको समय प्रयोगवादी धारा र वि.सं. २०३० देखि हाल सम्मको समयाअवधिलाई समसामयिक धारा मानी अध्ययन गरिएको छ । त्यस्तै कवि तीर्थराज वन्तलाई समसामयिक धाराको सफल गद्य कविको रूपमा चिनिएको छ ।

## ६.५ चौंथो परिच्छेदको निष्कर्ष

परिच्छेद चारमा तीर्थराज वन्तको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहलाई कविता तत्त्वको आधारमा अध्ययन गरिएको छ । यस कवितासङ्ग्रहलाई  संरचना, शीर्षक केन्द्रीय कथ्य वा भाव विधान,  दृष्टिविन्दु, भाषाशैली, लयविधान र बिम्बालंकार विधानको आधारमा अध्ययन गरिएको छ ।

## ६.६ पाँचौं परिच्छेदको निष्कर्ष

परिच्छेद पाँचमा कवि तीर्थराज वन्तको **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहलाई देशभक्ति/ राष्ट्रप्रेम, प्रकृति चित्रण, मानवतावादी, युगिन विकृति विसङ्गति व्यङ्ग्य, क्रान्तिचेतना, विसङ्गतिबोध, अस्तित्त्वबोध आदि विषयवस्तुगत प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ६.७ समग्र निष्कर्ष

तीर्थराज वन्तको सबै कविताहरू गद्यलयमा लेखिएका छन् । उनको साहित्यिक लेखनको प्रारम्भ कथाबाट भएपनि कविता विधामा उनको प्रतिष्ठा रहेको देखिन्छ ।

कवि तीर्थराज वन्तले आधुनिक नेपाली कविताको सामसामयिक धारामा आएर जीवनजगतको विकृति,विसङ्गति र यथार्थतालाई कवितामा व्यक्त गरेका छन् । उनलाई आधुनिक नेपाली कविताको समसामयिक धाराका एक सशक्त गद्य कविका रूपमा लिन सकिन्छ । पाँचदशक पहिलेदेखि निरन्तर रूपमा कविता लेखनमा सक्रिय वन्तका रचनाहरू पाठकका मन छुने खालका छैनन् । त्यसैले उनी माधवप्रसाद घिमिरे, भूपी शेरचन, लक्ष्मीप्रसाद देवकोटा जस्ता आदि कविहरुको स्थानमा पुग्न सकेका छैनन् ।

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह १०५ वटा कविताहरूको सङग्रह हो । यसमा वि.सं. २०४० देखि २०५० सम्मका प्रत्येक सालका कविताहरू समावेश छन् । देश विदेशमा रहँदा वा बस्दा लेखेका धेरै कविताहरू छन् । वन्तका प्रारम्भिक वर्षका कविताहरू सिकारु पाराका छन् तर पछिका कवितामा केही परिपक्वता पाउन सकिन्छ । यसरी यस सङ्ग्रहका कविताहरूले  झन्डै एक दशकको समयावधि ओगटेका छन् । त्यस्तै गरी तत् समयका कविका जीवन पाटाहरूलाई पनि यिनले प्रतिनिधित्व गरेका छन् । जीवनको लामो अन्तरालमा विभिन्न बेलामा उठेका भाव चित्रहरू यस कवितासङग्रहमा पाइएको छ । कविले आफ्ना मनका कुरालाई सरल भाषामा व्यक्त गरेका छन् । मानिस जे बोल्छ त्यो सत्य हुनुपर्दछ । त्यसैले अर्काको मनलाई छुनुपर्दछ भन्ने धारणा भएका कवि वन्तले यस कवितासङग्रहमा आफ्नो धर्मलाई पालना गरेका छन् ।

**आँखामा हिजोको इतिहास** कवितासङ्ग्रहमा निराशावादी भाव, उत्साह भाव र क्रान्ति चेतनाले सजिएका कविताहरू पाइन्छ । वन्तका सम्पूर्ण कविताहरू गद्यलयमा लेखिएका छन् । कविताको भाषाशैलीमा सरलता, सहजता मिठासता पाइन्छ । त्यसैले **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह वन्तको उत्कृष्ट कवितासङ्ग्रह बनेको छ ।

# सन्दर्भग्रन्थसूची

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त** (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०३५ ।

अवस्थी, महादेव, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य विमर्श**, काठमाडौं : इन्टेलेक्च्युअल्ज बुक प्यालेस, २०६४ ।

आचार्य, कृष्णप्रसाद पाश्चात्य **साहित्य सिद्धान्त तथा सामालोचना पद्धति र नेपाली समालोचना** कीर्तिपुर : क्षितिज प्रकाशन, २०६२ ।

आनन्दवर्धन, **ध्वन्यालोक,** विश्वेश्वर (व्याख्याकार), नागेन्द्र (सम्पादक), वाराणसी : ज्ञानमण्डल लिमिटेड, २०१९ ।

कुन्तक, **बक्रोक्तिजीवितम्,** विश्वेश्वर (व्याख्याकार), नागेन्द्र (सम्पादक), दिल्ली : आत्माराम एण्ड सन्स, २०१२ ।

कोइराला, कुलप्रसाद, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** काडमाडौं : भट्टराई प्रकाशन, २०६६ ।

खनाल, यदुनाथ, **समालोचनाको सिद्धान्त** (पाँचौ सं.), काठमाडौं : बगर फाउन्डेसन नेपाल, २०४९ ।

गिरी, गोविन्द, **तेलको धुप समालोचना,** काठमाडौं : बगर फाउण्डेसन नेपाल, २०६२ ।

जगन्नाथ, **रसागङ्गाधरः,** बदरीनाथ झा र मदनमोहन झा (व्याख्याकार), वाराणसी : चौखम्बा विद्याभवन, २०२० ।

ज्ञवाली र अन्य **नेपाली कविता र साहित्यको इतिहास,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५९ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग २, ललितपुर : साझा प्रकाशन, २०४८ ।

———— **नेपाली वृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

———— **नेपाली कविता** भाग ४, ललितपुर : साझा प्रकाशन, २०४६ ।

थापा, मोहन हिमांशु, **नेपाली साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन, २०४५ ।

दण्डी, **काव्यादर्श,** रामचन्द्र मिश्र (व्याख्याकार), वाराणसी : चैखम्बा विद्या भवन, सन् १९८४ ।

निरौला, फणीन्द्रराज र लेखप्रसाद निरौला (सम्पा.), **नेपाली कविता, नाटक साहित्यको इतिहास** (ते.सं.), काठमाडौं : निमा पुस्तक प्रकाशन, २०६७ ।

पोखरेल, रोमाकान्त, **'शब्द सोपान' कवितासङ्ग्रहको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, रत्नराज्य क्याम्पस, काठमाडौं, २०६६ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश,** काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५४ ।

भण्डारी, पारसमणी र माधवप्रसाद पौडेल, **नेपाली कविता र काव्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६६ ।

भट्टराई, लक्षिमा, **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं, २०६५ ।

भामह, **काव्यालङ्कार,** देवेन्द्रनाथ शर्मा (भाष्यकार), पटना : विहार राष्ट्रभाषा परिषद्, सन् १९४२ ।

मम्मट, **काव्यप्रकाश,** सत्यव्रत सिंह (व्याख्याकार), वनारस : चौखम्बा विद्याभवन, सन् १९६५ ।

रुद्रट, **काव्यलङ्कार,** सत्यदेव चौधरी (व्याख्याकार), दिल्ली : वासुदेव प्रकाशन, सन् १९६५ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** काठमाडौं : विभुऋभु प्रकाशन, २०५८ ।

———— **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काडमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

वामन, **काव्यालङ्कार सूत्रवृत्ति,** विश्वेश्वर (व्याख्याकार), नागेन्द्र (सम्पा.), दिल्ली : आत्मराम एण्ड सन्स, २०११ ।

विश्वनाथ, **साहित्य दर्पण,** सत्यव्रत सिंह (व्याख्याकार), वाराणसी : चौखम्बा विद्या भवन, सन् १०८२ ।

वेदव्यास, **अग्निपुराण**, बलदेव उपाध्याय (सम्पा.), वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस, १९२३ ।

पोखरेल, बालकृष्ण (सम्पा.), **वृहत् नेपाली शब्दकोश** (पुनर्मुद्रण), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, मोहनराज, **शैली विज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली सात्यिको सङ्क्षिप्त इतिहास** (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०४९ ।

# परिशिष्ट खण्ड

# परिशिष्ट - एक

कवि तीर्थराज वन्तको कृतिबारे अध्ययन अनुसन्धान गर्ने प्रक्रियामा अनुसन्धानकर्ता चन्द्रकला दवाडीले कवि वन्तसँग लिएको लिखित अन्तर्वार्ताको अंश कवि वन्तकै हस्ताक्षरमा:-

प्रश्न : १ : तपाईंको जन्म, जन्मस्थान, पारिवारिक विवरण बारेमा केही बताइदिनुहोस्।

जन्म मिति : वि.सं. १९९६, असार १४ गते।

जन्मस्थान : ठमेल टोल, काठमाडौं।

पुर्ख्यौली घर बन्दुवा गाउँ, गोरखा।

पिताको नाम : स्व. गणेशराज वन्त।

माताको नाम : स्व. विष्णुदेवी वन्त।

श्रीमतीको नाम : मैयाँ वैद्य वन्त।

बहिनीको नाम : सावित्री वन्त अमात्य।

भाइको नाम : रघुराज वन्त।

छोराको नाम : डा. प्रत्यूषराज वन्त।

छोरीहरू : जेठी : डा. लाजीमा वन्त भट्ट।

माहिली : नीमा वन्त चिपरू।

कान्छी : अनुवला वन्त भट्ट।

बुहारीको नाम : रमा पराजुली वन्त।

नातिको नाम : विशदराज वन्त।

आस्रवराज वन्त।

मेरो परिवार मध्यमवर्गीय संयुक्त परिवार हो। मेरो परिवार सुसंस्कृत, सुसंस्कारी र सुशील परिवार हो।

प्रश्न २ : तपाईंको बाल्यकालको अवस्थाबारे केही कुरा बताइदिनुहोस्।

मेरो बाल्यकालको केही खण्ड काठमाडौंमा र केही खण्ड पहाडघर बन्दुवा गोरखामा बितेको थियो। मेरो बुबा [illegible] को प्रजापरिषद् पार्टीको राजनीतिक आन्दोलनको क्रमले लामो अवधि सम्म जेल (१९९७ – २००७ सम्म) मा रहनु भएको कारणले काठमाडौं

अधिकांश मेरो बाल्यकाल छेत्रपाटी स्थित मेरो मामा घरमा बितेको थियो। बुबा जेलबाट छुट्नु भएपछि केही वर्ष पहाडघरमा बितेको थियो। मेरो बाल्यकालको विकासमा मेरो आमा र मामाको अथक परिश्रम र स्नेह परेको छ।

प्रश्न २: शिक्षा दीक्षा कहिलेदेखि आरम्भ गर्नु भयो र कतिसम्म अध्ययन गर्नु भयो?

मेरो अक्षरारम्भ मामाली बाजे स्व. कृष्णप्रसाद प्रधानको काखमा ३/४ वर्षको उमेरमा भएको हो। त्यसबेला प्रचलित प्रथाअनुसार नमो वर्णीश्वराय? बाट प्रारम्भ भएको थियो। बाजेले बाक्लो कागजको टुक्रामा अ आ इ ई र क ख ग इत्यादि लेखेर सुईंमा छेडेर अक्षर चिनाउनु भएको कुरा म अझै पनि सम्झन्छु। त्यस्तै मेरो मामा बुद्धिप्रसाद प्रधान अंग्रेजी पढ्नु भएको व्यक्ति हुनु भएकोले वहाँले त्यस बेला प्रचलित पुस्तक फर्स्ट बुक (First Book) बाट ए-बी-सी-डी चिनाएर अंग्रेजी सिकाउनु भएको थियो। मेरी आमा पनि राम्रो पढ्न सक्ने भएकोले वहाँको पनि मेरो शिक्षामा ध्यान पुगेको थियो। मेरो बुबा जेलबाट छुट्नु भएपछि पहाडघरमा आफ्नै आँगनमा छाप्रो हालेर गाउँका केटाकेटीहरूलाई पढाउने र पुहार दिने जस्ता काम गर्नु हुन्थ्यो। त्यसबेला पनि मैले आफ्नो पढाइमा बुबाको ध्यान पाएको थिएँ।

मलाई २००६ साल तिर जस्तो लाग्छ, मेरो मामाले त्यस बेला निजी रूपमा प्रख्यात स्कूल शान्ति निकुञ्ज विद्यालय, च्याफल टोल काठमाडौंमा ३ (तीन) कक्षामा भर्ना गरी दिनु भएको थियो

सोही स्कूलबाट प्रवेशिका परीक्षा (एस.एल.सी.) ~~प्र~~ २ सालमा उत्तीर्ण गरी, त्रिभुवन विश्वविद्यालयबाट राजनीतिक शास्त्रमा एम.ए तथा कानूनमा स्नातक (बी.एल.) सम्म अध्ययन गरेको छु।

प्रश्न ४: तपाईंको पारिवारिक अवस्था बारे स्पष्ट पारिदिनुहोस्। विवाह कहिले र कोसँग गर्नुभयो? छोराछोरी छन्? के गर्दै छन्? के तपाईं आफ्नो पारिवारिक जीवनप्रति सन्तुष्ट हुनुहुन्छ?

यो प्रश्नको पहिलो खण्डको उत्तर प्रश्न नं १ को उत्तरबाट केही हदसम्म स्पष्ट गरी सकेको छु। मेरो विवाह काठमाडौंको किलागल टोलको राजवैद्य परिवारको स्व. कविराज ~~च~~ आनन्द राजवैद्यकी जेठी छोरी मैयाबाबा ~~द~~ वैद्यसँग ~~२~~०१८ सालमा भएको हो। मेरा १ छोरा र २ छोरीहरू छन्। छोराछोरीहरू सबैले आ-आफ्नो क्षेत्रमा राम्रो अध्ययन गरेका छन्। छोराले अमेरिकाबाट इतिहासमा पी.एचडी गरी हाल नेपालमै समाज शास्त्र र मेडिया विषयमा अध्ययन अनुसन्धान गरी जीवन यापन गरिरहेको छ भने जेठी छोरीले पनि अमेरिकाबाट एन्थ्रोपोलजीमा (मानवशास्त्रमा) पी.एचडी गरी हाल काठमाडौंमा नै यू.एन.डी.पी.मा उच्च पदमा बसी काम गरिरहेकी छिन्। त्यस्तै माहिली छोरीले पनि आई.एस्सी पास गरे पछि नयाँ दिल्लीबाट (भारत) फेसन डिजाइनिङ विषयमा अध्ययन गरी हाल काठमाडौंमा सोही विषयमा व्यवसाय चलाइरहेकी छिन्। कान्छी छोरीले पनि अमेरिकाबाट ५० जोड दुई शिक्षा हासिल गरे पछि नेपालको

त्रि-वि-बाट समाजशास्त्रमा एम.ए. पास गरी आफ्नै क्लिनिकको व्यवसाय गरी जीवन धानिरहेकी छिन्। समग्रमा भन्नु पर्दा मेरो उमेरका छिमेकी परिवारका अधिकांश छोराछोरीहरु विदेशमा बसेका कारणले पीडित भएका परिवारको स्थिति मैले भोग्नु परेको छैन। त्यसैले मेरो पारिवारिक जीवन प्रति मैले असन्तुष्टि व्यक्त गर्नु पर्ने स्थितिमा म परेको छैन।

प्रश्न ५: हजुरको आय आर्जनको स्रोत बारे बताइदिनु होस्? जागीरे जीवनको सुरुवात कहाँबाट गर्नु भयो र जागीरे जीवनबाट कस्तो अनुभव गर्नु भयो?

आय स्रोतको दृष्टिकोणले हेर्दा आर्थिक रुपमा म आफूलाई सम्पन्न ठान्न सक्दिन। जागिरे भएको बेलामा सोही बाट हुने आम्दानीबाट जीवन धानिएको थियो भने हाल अवकाश प्राप्त जीवनमा पनि केही सम्भावना हेर्दै पढाउने काम गरेर र संयुक्त परिवारमा रहेकोले थोरथार आम्दानीबाट जीवन सञ्चालन गर्न सकिरहेको छु भन्दा सन्तोष लाग्छ।

मैले आफ्नो जागिरे जीवन नेपाल रेडक्रसको जागिरबाट प्रारम्भ गरेको हुँ। त्यसबेलामा म पढाइ र काम दुवै सँगसँगै चलाइरहेको थिएँ। मैले केही वर्ष बाल्मीकि संस्कृत महाविद्यालयमा र त्यसपछि सरस्वती कलेजमा प्राध्यापनको काम पनि गरें। तर रेडक्रसमा लगातार ३५ वर्ष काम गरेर ८ वर्ष अघि अवकाश प्राप्त गरेको हुँ।

रेडक्रस सोसाइटीमा तेस्रो श्रेणीको अधिकृतबाट जागिर सुरुगरेर विशिष्ट श्रेणीको कार्यकारी निर्देशक पदमा धेरै वर्ष काम गरेर अवकाश प्राप्त गरें। रेडक्रस एक मानवीय सेवामा समर्पित संस्था भएकोले सर्वसाधारणसँग मिलेर काम गर्नु पर्ने र त्यति पढेलेखेका मानिसहरूसँग पनि युवाहरूको सम्पर्कमा काम गर्नु पर्ने भएकोले यी दुवै क्षेत्रको अनुभवले मलाई मलाई जीवनमा सफलता हासिल गर्न सहयोग पुऱ्याएको अनुभव भएको छ। त्यसैगरी आज पनि (अवकाश प्राप्त जीवनमा पनि) मैले काम गरेका क्षेत्रमा मेरो छवि सम्मानितरूपमा स्थापित रहेको पाएको छु। यो सन्तोषको विषय हो।

<u>प्रश्न ६</u>: जागिरको सिलसिलामा कुन कुन देश भ्रमण गर्नु भयो? देश विदेश भ्रमणबाट के कस्तो अनुभव प्राप्त गर्नु भयो?

मैले आफ्नो जागिरको सिलसिलामा केही देश (१५।१६ वटा) घुम्ने मौका पाएको थिएँ। मेरो भ्रमण प्रायः जसो कामसँग सम्बन्धित हुन्थ्यो। भ्रमण गरेका देशमा भारत, श्रीलंका, अफगानिस्तान, थाइल्याण्ड, बंगलादेश, म्यानमार (बर्मा), भियतनाम, दक्षिण कोरिया, फिलिपिन्स, जापान, सिंगापुर, इन्डोनेशिया, चीन, सोभियत युनियन, स्विडेन, डेनमार्क, फिनल्याण्ड, संयुक्त राज्य अमेरिका, युरोप आदि हुन्। मैले जहिले पनि भ्रमण अवधिभर कार्यक्षेत्र आफूले त्यहाँ सिकेको, देखेको, अनुभव गरेका कुराहरूलाई लिपिबद्ध गरेर नेपालमा आफ्नो कार्यक्षेत्रमा परिस्थिति अनुकूल हुने किसिमबाट प्रयोग गर्ने प्रयास गरेको थिएँ। यो मेरो सुखद अनुभव हो। यस्तै

मलाई केही नयाँ प्रयोग गर्न र केही भाकालाई सुधार गर्ने मौका दिएको थियो ।

प्रश्न ५: साहित्य लेखनमा प्रेरणा कसबाट प्राप्त गर्नु भयो ? र कसकसको प्रभावमा कविता लेखन थाल्नु भयो ?

साहित्य लेखनमा अथवा कविता लेखन कसबाट प्रेरणा पाएँ अथवा कसको प्रभावमा लेख्न थालें भन्ने कुरा यकिन किटेर भन्न कठिन छ । हो एउटा कुरा भन्न सक्छु, २०४८/४९ सालतिर म स्कूलमा पढ्दा त्यहाँ बेलाबेलामा साहित्य सम्मेलन हुने गर्थ्यो र धुप्रै विद्यार्थीहरू आफ्ना रचना सुनाएको देख्दा अथवा सुन्दा कथा, कविता इत्यादि जस्ले पनि लेख्न हुने अथवा सक्ने रहेछ भन्ने कुरा मेरो मनमा पर्न पर्‍यो । त्यसको परिणाम स्वरूप मैले पनि कतिकुराहरू कविता, कथा, निबन्ध लेख्न थालेको हुँ । मैले लेखेका कुराहरू मेरो मामाले देख्नु भएर पछि त्यसमा सुधार गरी दिने र अझ बढी पढ्न उत्साह थपी दिनु हुन्थ्यो । त्यस्तै मेरो बुबा पनि साहित्यिक पुस्तकहरू लिएर पढ्नु हुन्थ्यो र मैले वहाँको निजी पुस्तकालयबाट पुस्तक छानेर ल्याई दिनु पर्थ्यो । त्यसपछि यस्तै माहौलमा मेरो लेखन प्रवर्धन हुँदै आएको मेरो अनुभव छ । गत धेरै वर्ष देखि धुप्रै साहित्यिक पुस्तकहरू (विभिन्न भाषाका) खासगरी नेपाली कविताहरू पढ्ने क्रम चालिरहेको छ । त्यसैले एउटै कवि अथवा लेखकको प्रभावको कारणले मैले लेखन थालेको अथवा लेख्दै गरेको भन्न सकिन्न अथवा भन्न आवश्यक पनि ठान्दिन ।

प्रश्न ८: कविता लेखन र प्रकाशन कहिले देखि शुरु गर्नुभयो?

कविता लेख्न २०५८/६० साल तिर नै शुरु गरेको हुँ। फुटकर कविता पत्रपत्रिकामा प्रकाशित भैरहन्थ्यो तर पुस्तकाकार रूपमा "डाँडाबाट" कविता संग्रह २०७५ सालमा मात्र प्रकाशित गरेको हो।

प्रश्न ९: लेखन कालको प्रारम्भिक चरणको कविता र वर्तमान कालका कवितामा के फरक पाउन सकिन्छ?

निश्चित रूपमा प्रारम्भिक कालका कविता शिकारु कविको कविता कोरा हुनु जस्ता भावना, भाषा, प्रस्तुति सबैमा कमी कमजोरी हुने नै भयो। वर्तमान काल सम्म आइपुग्दा झण्डै ५० वर्षको दौडानमा उमेर, अनुभव, अध्ययन, भावना भाषा, प्रस्तुति सबै दृष्टिकोणबाट परिपक्वता हुनु स्वाभाविकै हो। यस कुरालाई मेरो २०७५ सालमा प्रकाशित संग्रह "शब्द सोपान" मा २०६० साल देखि २०६३ साल सम्मका नमुना कविताहरू हेर्नु भयो भने पनि फरक अनुभव हुन सक्छ। २०५८ देखि २०६८ भित्र दस वर्ष भित्र मेरो थप अनुभव आँखिई सकेको छ।

प्रश्न १०: पुस्तकाकार कृति र स्वप्रकाशित कविता कति छन्? के के हुन्? कहिले कहिले प्रकाशन गर्नुभयो?

मेरो पहिलो कविता संग्रह "डाँडाबाट" २०७५ सालमा प्रकाशित भएको। पछिल्लो प्रकाशन "हर्ष र शान्ति"

२०३४ सालमा प्रकाशित भएको हो। नेपाल भाषाको कविता संग्रह समेत कविताको पुस्तक मात्र ९ वटा पुगेको छ। अन्य पुस्तक व्यापारी (मानवीय कानुन) अन्तर्राष्ट्रिय ~~का~~ सम्बन्ध पुस्तकहरू (केही लेखन / केही अनुवाद / सम्पादन समेत) जम्मा ४८ पुस्तक प्रकाशित भई सकेका छन्। २०६६ सालमा 'मुलुकी खरीदार गुणवन्त सिंहको वंशानुक्रम' प्रकाशित भएको छ। यसरी पुस्तकहरूको संख्या ५० पुगेको छ। (सोमाक्षलेजी: पुस्तकको सूची 'हरिअंशमाला' पुस्तकको जिल्दको पछाडि छापेको बाट उतार्नु होला)।

प्रश्न ११: कुन कुन भाषामा तपाईं दक्ष हुनुहुन्छ?

पढ्न, लेख्न र बुझ्ने भाषा — नेपाली, नेपाल भाषा (नेवारी) तथा अंग्रेजी हुन् भने पढ्न सक्ने बुझ्ने बंगाली, फ्रान्सेली र अन्तर्राष्ट्रिय भाषाको रूपमा निर्मित 'एस्पेरान्तो' भाषा हुन्।

प्रश्न १२: तपाईं साहित्य लेखनको साथै समाजसेवा र मानवसेवामा पनि सक्रिय रहनुभएको छ भन्ने सुनिन्छ, कुन कुन संघसंस्था सँग आबद्ध भएर समाजसेवा गर्दै आइरहनु भएको छ?

नेपालका केही सामाजिक संस्थाहरूसँग आबद्ध भएर सेवा र सहयोग गरेको थिएँ। तर हाल आएर दुई तीनवटा संस्थामा मात्र आफ्नो सक्रिय सहभागिता जनाइ राखेको छु। जस्तै नेपाल रेडक्रस केही सेवा गतिविधिमा, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज, र स्वो बायन फाउण्डेशन। काठमाडौंको थिरडांबो प्रदीप व्यवस्थापन समिति।

म आबद्ध भएका संस्था अहिलेसम्म केही उल्लेखनीय संस्थाहरू हुन् — नेपाल अपाङ्ग संघ, नेपाल विश्व सम्बन्ध परिषद, एडि-विकुञ्ज विद्यालय भूपू विद्यार्थी संघ, भूकम्प पूर्व तयारी समाज नेपाल, इत्यादि।

प्रश्न : १६ : तपाईंले आजसम्म के कस्तो सम्मान र पुरस्कारले सम्मानित हुनु भएको छ ? त्यसको बारेमा बताइदिनुहोस।

(क) गोरखा जिल्लाका लेखक कविलाई मात्र प्रदान गरिने पुरस्कार 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' २०५४ सालको मेरो कवितासंग्रह 'आँखामा हिजोको इतिहास' पुस्तकको निम्ति प्राप्त।

(ख) रेड क्रस र मानवीय सेवा सम्बन्धी विषयमा लेखिएका कृतिका निम्ति नेपाल रेडक्रसले प्रदान गर्ने 'डा. जयनारायण गिरी स्मृति पुरस्कार' मैले अनुवाद, सम्पादन र लेखेका कृतिहरूको निम्ति २०५६ सालको — 'जेनेभा महासन्धिहरू तथा तिनका सन्धिपत्रहरू' (अनुवाद), मैले लेखेको पुस्तक — 'अन्तर्राष्ट्रिय मानवीय कानुनको संक्षिप्त परिचय' निम्ति २०६८ साल, र अनुवाद/सम्पादन गरेको पुस्तक 'अन्तर्राष्ट्रिय मानवीय कानुनको विविध पक्ष : एक अध्ययन'को निम्ति २०६४ साल मा प्राप्त गरेको।

(ग) वासु शशि स्मृति प्रतिष्ठानले २०६६ सालमा स्थापना गरेको 'वासु शशि स्मृति' सम्मान सोही सालमा प्राप्त प्रथम व्यक्ति।

(घ) २०६४ सालमा साहित्य सन्ध्या नेपालले आफ्नो रजत जयन्तीमा सम्मान पत्र प्रदान गरेको।

प्रश्न १४. तपाईंलाई सबैभन्दा मन पर्ने कविको नाम लिंदा कसलाई लिनु हुन्छ?

नेपालीमा — लक्ष्मी प्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, केदारमान व्यथित, भूपि शेरचन, मोहन हिमांशु थापा, युवा पुस्ताका अरू पनि थुप्रै छन्;
नेवारीमा : दुर्गालाल श्रेष्ठ, बुद्ध सायमी, अरू पनि छन्।
हिन्दीमा : अमृता प्रीतम, निराला।
मलयालम : जी. शंकर कुरुप।
बंगालीमा : रवीन्द्रनाथ ठाकुर, काजी नजरूल इस्लाम।
अंग्रेजीमा : वाल्ट ह्विटमान, इमिली डिकिन्सन।
चिनिया — तु फू।

प्रश्न १५: कविता के हो जस्तो लाग्छ तपाईंलाई?

एक वाक्यमा भन्नु पर्दा 'कविता — परिभाषित हुन नसक्ने मानव-हृदयको कोमल, सुन्दर, सशक्त र सत्य अभिव्यक्ति हो।'

प्रश्न १६: तपाईं कविता लेखनमा सक्रिय (रहेको) रूपमा लगभग करिब ५ दशक भयो तापनि तपाईंको नाम खासै उल्लेख भएको पाइँदैन, यसको बारेमा के भन्न चाहनु हुन्छ?

हो, मेरो नाम खासै चर्चा भएको पाइँदैन। किन यस्तो भएको होला भनेर मैले चासो लिएर आज सम्म खोज तलासी पनि गरेको छैन। तर मैले यसो भन्दैमा अफ्नो लेखन धर्मबाट पलायन पनि गरेको छैन, अद्यापि अफ्नो लेखन धर्म पालन गर्दै आएको छु।

खास चर्चा अथवा उल्लेख नभएको कारणमा समालोचकहरूको दृष्टिमा नपर्नु, लेखक कविहरूले अरू लेखक कविहरूको रचनालाई खोजी खोजी नपढ्नु, मैले आफ्ना कृतिहरूको विज्ञापन अथवा विमोचन जस्ता कार्य नगर्नु हुन सक्छन्। आजभोलि आएर आफ्ना कृतिहरूको अथवा आफ्नो नामको चर्चा गराउन आफैले विभिन्न व्यक्तिहरूसँग सम्पर्क राखेर अनुरोध गर्नु पर्ने, पुस्तक विमोचन जस्ता कार्यक्रम गर्नु पर्ने, विज्ञापन गर्नु पर्ने रहेछ भन्ने जस्ता कुराहरू अनुभव हुन थालेको छ। स्तरीय लेखनले मात्र हुँदैन रहेछ भन्ने कुरा अनुभव गरेको छु। यो मेरो बुझाइ निकै ढिलो भएको जस्तो लागेको छ।

प्रश्न: १५ म तपाईंको ~~आँसुमा भिजेको इतिहास~~ कविता संग्रहको बारेमा अध्ययन गर्दैछु। म जस्तो विद्यार्थी, अनुसन्धानकर्तालाई तपाईं के भन्न चाहनु हुन्छ।

विद्यार्थीलाई कुनै लेखक कवि र तिनको कृतिको अध्ययन र अनुसन्धान गर्ने परिपाटीको विकासले नेपाली साहित्यमा सकारात्मक भूमिका निर्वाह गरेको छ। अनुसन्धानकर्ताले कृतिकारको पृष्ठभूमिलाई समेत ध्यानमा लिएर तिनको कृतिमा केन्द्रित रहेर त्यसमा निहित भावना र दर्शनलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्नु आवश्यक छ। यदि एउटै कृतिकारको विभिन्न कृतिहरूमध्ये एउटै कृतिमा मात्र अध्ययन अनुसन्धान केन्द्रित हुने हो भने पनि सबै कृतिहरूको विस्तृत अध्ययन गर्नु आवश्यक छ। व्यापक र गहिरो अध्ययन नै अनुसन्धानको आधार हुनु पर्दछ।

प्रश्न १८: अन्त्यमा साहित्य प्रेमी पाठकहरूलाई के भन्न चाहनु हुन्छ?

नेपाली साहित्य प्रेमीहरूले स्थापित अथवा प्रख्यात साहित्यकारको मात्र होइन, नेपालको विभिन्न ठाउँमा बसोवास गरिरहेका साहित्यकारहरूका विभिन्न ठाउँबाट प्रकाशित साहित्यिक कृतिहरू पढ्ने बानी बसाउन अत्यावश्यक छ। यसबाट नेपाली साहित्यको स्तरीय विकासमा ठूलो योगदान हुनेछ।

तीर्थराज पन्त।
१८ वैशाख २०६८

# परिशिष्ट - दुई

## शोधनायक कवि तीर्थराज वन्तको छायाचित्र

